CC-0.In Public Domain. Digitization by eGangotri

धनसरी लामिछाने

स्मृति ग्रन्थ

सम्पादक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

प्रेमलाल लामिछाने

CC-0.In Public Domain. Digitization by eGangotri

धनसरीका पति स्व. शिवलाल लामिछानेको चौरासी पुजामा लिइएको सामुहिक तस्विर

स्व धनसरीका ६ सन्तानहरू दाहिनेबाट क्रमश जेठो छोरा प्रेमलाल माहिलो छोरा श्यामलाल देब्रेबाट कान्छो छोरा भगवान र साहिलो बद्रीनाथ तथा भुइमा बस्ने देब्रेबाट जेठी छोरी दुर्गा र कान्छी छोरी तिलमाया पछिल्लो लहरमा बस्ने बाँकी दुइजना धनसरीका जेठाजु/जेठानी खिमलाल/चन्द्रकलाका साहिलो छोरा हरि र काइलो छोरा दया समेत ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्रिय बन्धु डा. माधवप्रसाद
लामिछानेलाई कृतज्ञतासहित
२०८२.५।१८

धनसरी लामिछाने

स्मृति ग्रन्थ

सम्पादक
प्रेमलाल लामिछाने

प्रकाशक
धनसरी स्मृति प्रतिष्ठान,
नेपाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

धनसरी लामिछाने स्मृति ग्रन्थ

धनसरी लामिछाने स्मृतिग्रन्थ

विधा	: स्मृतिग्रन्थ
परिकल्पना तथा सम्पादन	: प्रेमलाल लामिछाने
प्रकाशक	: धनसरी स्मृति प्रतिष्ठान, नेपाल
ISBN	: 978-9937-1-9113-5
सर्वाधिकार	: प्रकाशक
संस्करण	: पहिलो, २०८२ असोज
पहिलो संस्करण	: २०० प्रति
सम्पर्क	: ९८५१०१३८४५, ९८४६७६४४६६, ९८५६०२८९८७ र ९८५६०३५०६०
लेआउट	: केदार अधिकारी
मुद्रक	: आवृत्ति छापाखाना प्रा.लि., बागबजार काठमाडौँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

धनसरी स्मृति प्रतिष्ठान नेपालको हालको कार्यसमिति

प्रेमलाल लामिछाने
अध्यक्ष



श्यामलाल लामिछाने
उपाध्यक्ष

वद्रीनाथ लामिछाने
सचिव

भगवान लामिछाने
कोषाध्यक्ष

राधिका लामिछाने
सदस्य

गंगा लामिछाने
सदस्य

गायत्री लामिछाने
सदस्य

शर्मिला लामिछाने
सदस्य

दुर्गा लामिछाने अधिकारी
सदस्य

तिलमाया लामिछाने अधिकारी
सदस्य

विनिता लामिछाने गड्तौला
सदस्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सम्पादकीय

विक्रम सम्बत् १९९९ साल माघ १९ गते स्याङ्जा जिल्लाको टिकाजा वरपिप्लेका सिरानघरे पिता तुलसीराम र माता भागिरथी ढकालकी कान्छी सुपुत्रीको रूपमा जन्मिएर कास्की जिल्ला निर्मल पोखरी साम्मीमा कर्मथलो बनाउनु भएकी चुडामणि तथा ललिमाया लामिछानेकी बुहारी स्व. शिवलाल लामिछानेकी धर्मपत्नी स्व. धनसरी लामिछानेको विक्रम सम्बत् २०५३ साल वैशाख १० गते चौथी तिथिका दिन ५४ वर्षको उमेरमै दुःखद निधन भयो। सन्तानहरूले आफ्ना पितृ तथा पुर्खाहरूहरूको वर्षमा एक पल्ट बार्षिक श्राद्धमा मात्र होइन पिता माताहरूले आफ्नो सन्तान प्रति गरेको समर्पण, त्याग, माया, स्नेह र योगदानलाई सधैं सम्झनु पर्दछ, वहाँहरू प्रति कृतज्ञताभाव प्रकट गर्नु पर्दछ, वहाँहरूको मार्गदर्शनलाई सन्ततिले आफ्नो जीवनमा लागू गर्नु पर्दछ, वहाँले सिकाएको संस्कार र आचरणलाई व्यबहारमा अनुशरण गर्नु पर्दछ भन्ने मान्यताको आधारमा धनसरी लामिछानेको स्वर्गारोहण भएको झण्डै तीन दशक पछि वहाँको स्मृतिलाई चिरस्थायी बनाउन, वहाँ प्रति सम्मान प्रकट गर्न, धनसरी स्मृति प्रतिष्ठान नेपालले धनसरी लामिछाने स्मृति ग्रन्थ, २०८२ प्रकाशन गरेको छ।

यस स्मृति ग्रन्थमा प्रथम खण्ड धनसरीको संक्षिप्त जीवनी, दोस्रो खण्ड स्मरण, तेस्रो खण्ड धनसरी स्मृति प्रतिष्ठान संक्षिप्त चिनारी, चौथो खण्ड कविता, गीत, पाँचौं खण्ड विचार खण्ड, छैठौं खण्ड वंशावली खण्ड र सोपश्चात अन्त्यमा चित्रावली रहेको छ। स्व. धनसरी लामिछानेको निधन भएको करिब तीन दशक भैसकेको र वहाँलाई नजिकबाट जान्नेबुझ्नेहरू मध्ये धेरैजसोको निधन भइसकेकोले यस स्मृतिग्रन्थमा वहाँको बाल्यकाल तथा युवावस्थाको बारेमा प्रयाप्त तथ्यगत जानकारीमुलक सामग्री समावेश गर्न कठिनाइ भयो। तथापी स्व. धनसरीसँगका सम्झना, अनुभव र प्रसंग उल्लेख गर्दै जे जस्तो स्वरूपमा भए पनि स्मरण, लेख रचना मार्फत् आफ्ना विचार उपलव्ध गराइदिनु हुने स्व धनसरीका हाल जिवित सिमित दाजुभाइ, दौतरी, दिदी बहिनीहरू, वहाँलाई जान्ने बुझ्ने शुभचिन्तकहरू लेखक तथा वहाँका सन्तानहरू प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु। खासगरी यस पुस्तिकालाई स्मृतिग्रन्थको रूपमा प्रकाशन गर्न उत्प्रेरित गर्दै आफ्ना स्मरण, अनुभव तथा लेखा रचना उपलव्ध गराइ दिनु हुने मामाहरू थानेश्वर ढकाल र जीवाखर ढकाल, आमाहरू सरस्वती लामिछाने, सुमित्रा गिरी, भाउजु देउरूपा लामिछाने, आदरणीय दाइहरू पदमलाल तथा बसन्त लामिछाने, भाइ मेघनाथ लामिछाने, ज्वाँइहरू सन्दीप अधिकारी, केशव गड्तौला, सन्दिप अर्याल र कुलप्रसाद अधिकारी तथा अनन्य मित्र कृष्णप्रसाद आचार्य गहन तथा पठनीय लेख उपलब्ध गराइदिनुहुने नेपाल संस्कृत विश्वविद्यालय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

वाल्मीकि विद्यापीठका सहप्राध्यापक डा. माधवप्रसाद लामिछाने र गोरखापत्र दैनिकका पूर्व प्रधानसम्पादक तथा गर्गगोत्री आचार्य समाजका संस्थापक अध्यक्ष श्री निर्मलकुमार आचार्यलगायत सम्वद्ध सबै स्रष्टाहरूप्रति कृतज्ञता प्रकट गर्दछु। साथै बैनीहरू दुर्गा र तिलमाया, भाइहरू श्याम, बद्री र भगवान एवं मेरी धर्पत्नी राधिका र तीनै जना बुहारीहरू गंगा, गायत्री तथा शर्मिला पनि धन्यवादका पात्र छन्।

यस स्मृतिग्रन्थमा आदि पुरुष महर्षि गर्ग र गर्गगोत्र सम्बन्धी जानकारी, निर्मल पोखरीमा संयुक्त कूलपुजा गर्दै आएका निर्मल पोखरी, ठूलढुंगा, बागमारा र चिसापानीका लामिछाने बन्धुहरूको संक्षिप्त वंशवृक्ष र दाजुभाइहरूको सम्पर्क नम्बर समेत समावेश गरिएको छ। यसर्थ लामिछाने वंशावलीमा चासो राख्नेहरूको लागि समेत प्रस्तुत पुस्तिका उपयोगी हुने विश्वास लिएको छु। लामिछाने वंशबृक्षमा छोरी बुहारीहरूको विवरण समेत समावेश गर्ने जमर्को गरिएको छ। तर ठूलढंगा बागमारा चिसापानीका छोरीबुहारीहरूको विवरण प्राप्त नहुँदा विवरण समावेश गर्न सकिएन। बन्धुहरूको राय सुझाव समेत लिइ आगामी दिनमा वंशावलीलाई छुट्टै तवरले अध्यावधिक गर्दै लगिने छ।

यस स्मृतिग्रन्थ तयार गर्न भाइहरू श्याम, बद्री तथा भगवान लामिछानेको ठूलो योगदान रहेको छ। यस पुस्तकको भाषा र शुद्धाशुद्धि हेरिदिनुहुने नेपाल संस्कृत विश्वविद्यालयका सहप्राध्यापक डा. विदुर वस्ती, आवरण तथा तस्विरहरू सम्पादन, सजावट तथा पुस्तकको लेआउट तयार गरी प्रकाशनयोग्य बनाइदिनु हुने आवृत्ति छापाखाना प्रा.लि.का केदार अधिकारीलाई धेरैधेरै धन्यवाद छ।

अन्त्यमा, यस स्मृति ग्रन्थमा भूलवश भएका कमी कमजोरी तथा त्रुटीहरूका लागि क्षमा याचना गर्दै रचनात्मक सुझाव तथा मार्गदर्शनका लागि विज्ञ पाठकहरू समक्ष सादर अनुरोध गर्दछु।

- सम्पादक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

विषय सूचि

विषयवस्तु/शिर्षक	लेखक/सम्पादक/संकलक	पृष्ठ
खण्ड एक : जीवनी		
शव्दचित्रमा धनसरी लामिछाने	सम्पादक	ङ
धनसरीको संक्षिप्त जीवनी	सम्पादक	१
धनसरीको परिवार तथा वंशवृक्ष	सम्पादक	७
धनसरीको परिवार तथा सन्तति	सम्पादक	८
धनसरीका दिवंगत दिदी/बहिनी, देउरानी/जेठानी	सम्पादक	१३
धनसरीका हाल जीवित देउरानी जेठानी	सम्पादक	१४
खण्ड दुई : स्मरण		
मेरो अन्तकरणमा मेरी आमा	प्रेमलाल लामिछाने	१५
स्व. आमालाई चिठी	श्यामलाल लामिछाने	२२
स्मरणमा मेरी आमा	तिलमाया लामिछाने अधिकारी	२५
अहिले आमालाई सम्झदा	बद्रिनाथ (बसन्त) लामिछाने	२७
आमा, अनि मेरी आमा	भगवान लामिछाने	२९
आमा तपाइँ नहुँदाको संसार	दुर्गा लामिछाने अधिकारी	३१
सासु आमालाई सम्झदा	राधिका लामिछाने	३३
सासु आमाका नाममा केही कुरा	गंगा लामिछाने	३६
सासु आमाको अभाव	गायत्री लामिछाने	३७
मनको पानाबाट माइली आमा	पदमलाल लामिछाने	३९
सम्झनामा स्यानी कान्छी	थानेश्वर ढकाल	४१
मायाकी खानी कान्छी दिदी	जिवाखर ढकाल	४२
मेरी गुरु आमा	देउरूपा लामिछाने	४३
सम्झनामा माइली आमा	बसन्त लामिछाने	४४
सम्झनामा आइरहने माइली दिदी	सरस्वती लामिछाने	४५
सम्झनामा माइली आमा	मेघनाथ लामिछाने	४६
सम्झनामा माइली बहिनी	सुमित्रा गिरी	४७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

विषयवस्तु/शिर्षक	लेखक/सम्पादक/संकलक	पृष्ठ
खण्ड तीन : धनसरी स्मृति प्रतिष्ठान, संक्षिप्त चिनारी		
धनसरी स्मृति प्रतिस्ष्ठानको विधान, २०७५	सम्पादक	४८
धनसरी स्मृति प्रतिष्ठान नेपालका संस्थापक सदस्यहरू	सम्पादक	६५
धनसरी स्मृति प्रतिष्ठानको गतिविधिहरू	सम्पादक	६६
धनसरी स्मृति अक्षयकोष	सम्पादक	६७
खण्ड चार : कविता/गीत		
आमा	कृष्णप्रसाद आचार्य	६८
मेरी आमालाई मात्र खोजिराछु	भगवान लामिछाने	६९
आमा	कूलप्रसाद अधिकारी	७१
आमा	केशव गड्तौला	७२
आमा	सन्दीप अर्याल	७३
आमा र परदेशिएको छोरो	सन्दीप अधिकारी	७४
मेरी आमा	शर्मिला लामिछाने	७६
प्यारी आमा	सुगम लामिछाने	७८
खण्ड पाँच : विचार खण्ड		
गोत्र प्रणालि र महर्षि गर्ग	प्रेमलाल लामिछाने	७९
गर्गऋषिले साक्षात्कार गरेका बैदिक मन्त्रहरूको नेपाली अनुवाद	डा माधवप्रसाद लामिछाने	८१
व्यष्टिबाट समष्टिको यात्रा धनसरी लामिछाने स्मृति ग्रन्थ	निर्मल कुमार आचार्य	८७
खण्ड छ : एउटै कूलायनमा आवद्ध लामिछाने बन्धुहरूको वंशावली		
(क) निर्मल पोखरी साम्मी	सम्पादक	९२
(ख) बागमारा चिसापानी	सम्पादक	१००
(ग) बागमारा सिस्ने	सम्पादक	१०१
(घ) ठूलढुंगा गण्डकी बेसी	सम्पादक	१०२
(ङ) बागमारा, ठूलढुङ्गा, गण्डकीबेसी	सम्पादक	१०४
च) बागमारा चिसापानी	सम्पादक	१०४
लामिछाने बन्धुहरूको नाम र सम्पर्क नम्बर	सम्पादक	१०५
तस्वीर खण्ड	सम्पादक	१०८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

शव्द चित्रमा धनसरी	
नाम	धनसरी लामिछाने
जन्म मिति	विक्रम सम्बत् १९९९ माघ १९ गते
जन्मस्थान	स्याङजा जिल्ला तत्कालीन फापरथुम गाउँ पञ्चायत टिकजा बरपिप्ले (हाल आँधीखोला गाउँपालिका)
पिता/ माता	स्व. तुलसीराम ढकाल/स्व. भागिरथी ढकाल
मावली	स्याङजा लक्सीवोट
विबाह	विक्रम सम्बत् २०१७ माघ
पति	स्व. शिवलाल लामिछाने
ससुरा/सासु	स्व. चुडामणी/स्व. ललिमाया लामिछाने
कर्मस्थान	तत्कालीन साम्मी निर्मल पोखरी गाउँपञ्चायत वडा नं २ हाल पोखरा महानगरपालिका वडा नं २१ निर्मल पोखरी अभियानटोल
दाजुभाइ	स्व. हुमनाथ ढकाल, स्व. चन्द्रकान्त ढकाल, स्व. वेदप्रसाद ढकाल र जीवाखर ढकाल
दिदी बहिनी	सुमित्रा लामिछाने (गगनपानी स्याङजा) र शोभाकला पौडेल (मैयाँम चिसापानी स्याङजा)
छोरा/बुहारीहरू	प्रेमलाल/राधिका, श्यामलाल/गंगा, बद्रीनाथ (बसन्त)/गायत्री र भगवान/शर्मिला
छोरी/ज्वाइँ	दुर्गा/माधव अधिकरी र तिलमाया/कुलप्रसाद अधिकारी
नातिनी/नातिनीज्वाइँ	बिद्या/सन्दिप अधिकारी, बिनिता/केशव गड्तौला, बन्दना/सन्दिप अर्याल,
नातिनीहरू	भावना, योजना, गरिमा, अमृता, सर्मिता, सम्झना, सुशिला, सपना, सरस्वती र निशा
नातीहरू	बिश्वास, आयोग, गौरव, संगित, सुगम, निराजन र निशान
पनातिनी/पनातिहरू	अथर्व, खुसी, संयम, एकनाम्सा, विवश, विपिन, शितल, समिर, मानुषी, सुहानी, सविन, सुगम र सन्दर्भ
स्वर्गारोहण	२०५३ साल वैशाख १० गते चौथी तिथी।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

धनसरी लामिछानेको संक्षिप्त जीवनी

विक्रम सम्बत् १९९९ साल माघ १९ गते सिरानघरेको रूपमा परिचित पिता तुलसीराम ढकाल र माता भागिरथी ढकालकी कान्छी सुपुत्रीको रूपमा धनसरी लामिछाने ढकालको तत्कालीन फापरथुम गाउँ पञ्चायत वडा नम्बर ९ टिकाजा बरपिप्लेमा जन्म भएको थियो। तुलसीराम ढकालका सातजना सन्तानहरूमध्ये जेठी श्रीमति भागिरथी पट्टी दुई बहिनी छोरीहरू सुमित्रा र धनसरी, कान्छी श्रीमती गंगी पट्टी चारभाइ छोराहरू क्रमश हुमनाथ, चन्द्रकान्त, वेदप्रसाद, जीवाखर र एक छोरी शोभाकला हो। तुलसीरामका तीनवटी छोरीहरू मध्येकी कान्छी धनसरीका आफ्नै सहोदर दाजुभाइ थिएनन्। सौताने नाल पट्टिका भए पनि चारै जना दाजुभाइहरूको माया र व्यबहार सहोदर जस्तै थियो। धनसरीलाई जान्ने बुझ्ने मामाहरू भन्नुहुन्थ्यो उनी सानै उमेरदेखि असल शिलस्वभावकी र लगनशील थिइन्। टिकाजा सिरानघरेकी स्यानी कान्छी अर्थात् धनसरीको बाल्यकाल सामान्य रूपमा जन्मघर बरपिप्ले गाउँमै वित्यो। स्कूल जाने उमेर भए पछि स्कूल जानुको सट्टा मेलापात, घाँसदाउरा तथा पानीपधेरो गर्दैमा बित्यो। हुर्के पछि अर्कांकै घर जाने छोरीलाई पढाउन हुँदैन भन्ने त्यो वेलाको

स्याङजा टिकाजा स्थित धनसरीको जन्मघर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पितृसत्तात्मक सोचकै कारण अन्य छोरीहरूले जस्तै धनसरीले पनि स्कूल देख्न पाइनन् । धनसरीकी आमा भागिरथी पट्टी छोरा थिएनन् । भागिरथी तुलसीरामकी जेठी श्रीमति भए पनि छोरीछोरी मात्र पाउँने श्रीमति हेंलाहोंचो हुने भएकै कारण उनका छोरीहरूले पनि खासै लाडप्यारमा हुर्कन पाएनन् भन्नुहुन्थ्यो धनसरी आमाका बालसखा माझघरे मामा थानेश्वर ढकाल ।

विक्रम सम्बत् २०१७ साल माघमा धनसरीको तत्कालीन निर्मल पोखरी गाउँ पञ्चायत वडा नम्बर २ साम्मीमा चुडामणी लामिछाने तथा ललिमायाका माइला छोरा शिवलाल लामिछानेसँग परम्परागतरूपमा बिवाह भयो । फोक्सिङ नरहरी अधिकारीका बुवाले शिवलालको लागि धनसरीलाई माग्न गएका रहेछन् ।

संयुक्त परिवार त्यसमा पनि माइली भए पछि सासु ससुराको बुहार्तन सहन पर्नै नै भयो होला। कर्रो घर परिवार अनि श्रीमान् बाट पनि अपेक्षित माया र आड भरोसा नपाए पछि विबाह भएको केही महिनामै धनसरी माइत जानु भयो । पछि श्रीमान शिवलाल लामिछाने ससुराली लिन गइ सम्झाइ बुझाइ गरे पछि वहाँ पुन: साम्मी घरमा आउनु भयो । विक्रम सम्बत् २०१९ साल भाद्र १७ गते धनसरीको कोखबाट पहिलो पुत्ररत्नको रूपमा प्रेमलाल लामिछानेको जन्म भयो । उनी तीन दाजुभाइको संयुक्त परिवारकै पहिलो पुत्र थिए । त्यस पछि धनसरीको कोखबाट क्रमश जेठी छोरी दुर्गा छोराहरू श्याम, छोरी तिलमाया, छोराहरू बद्री र भगवानको क्रमश जन्म भयो ।

धनसरी लामिछानेको नागरिकताको प्रमाणपत्र (नागरिकतामा वहाँको जन्म १९९८ उल्लेख भए पनि मामाहरूको भनाइ र अन्य तथ्यले वहाँको जन्म वि.सं. १९९९ सालमा भएको हो)

विक्रम सम्बत् २०२४ सालमा शिवलालका दाजुभाइ छुट्टिभिन्न भए । पुरानो घुमाउनेघर अर्थात् पुर्ख्यौली बाटुले घर माइला छोरा शिबलालको भागमा पर्न गयो । त्यही घर धनसरीको कर्मघर हुन पुग्यो । छुट्टिभिन्न हुँदा घरको आर्थिक अवस्था कमजोर थियो । त्यसैले जेठो छोरा प्रेम र छोरी दुर्गी जन्मे पछि धनसरीका पति शिवलाल नोकरीको सिलसिलामा भारत जानु भयो । घरमा स-साना बालबच्चाहरू, घरमूली पति परदेश तथा कमजोर आर्थिक अवस्थाको परिवेशमा धनसरीका दु:ख:का दिन सुरु भए । तथापि वहाँले खेतिपाती, निवेक गर्दै छोराछोरीलाई राम्रैसँग हुर्काउनुभो पालनपोषण तथा शिक्षा दिक्षाको अवसर दिनु भयो । विक्रम सम्बत् २०२७ सालमा


श्री ५ को सरकार
जिल्ला कार्यालय कास्की
नेपाली नागरिकताको प्रमाण-पत्र
ना. प्र. नं. १५६६(१५) नाम थर: धनसरी लामिछाने
जन्मस्थान: गण्डकी अञ्चल स्याङ्जा जिल्ला
टिकाजा नगर/गाउँ पञ्चायत ...... नं. वडा
हालको वतन:- गण्डकी अञ्चल कास्की जिल्ला
निर्मलपोखरी नगर/गाउँ पञ्चायत २ नं. वडा
जन्म मिति: १९९८।१०।१८
बाबुको नाम, थर, वतन:- ....
पतिको नाम थर:- शिवलाल लामिछाने

माइलो छोरा २०३२ मा सानी छोरी २०३५ मा साइलो छोरा र २०३८ सालमा कान्छो छोरा जन्मे पछि परिवार ठूलो हुँदै गयो, जिम्मेवारी थपिदैं गयो, खर्च बढ्दै गयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

स्व धनसरी लामिछानेका छोरा/छोरीहरूको जन्ममिति, नाम र विवाह मिति

क्र सं	धनसरीका छोरा/छोरीको नाम		जन्म मिति	बिवाह मिति
	रासीको नाम	बोलाउने नाम		
१	प्रेमलाल (कन्या राशी)	प्रेम	२०१९/०५/१७	२०४३/११/१३
२	दुर्गा (मीन राशी)	दुर्गा	२०२३/०७/१७	२०३८/११/२७
३	अणमणनाथ (मेष राशी)	श्याम	२०२७/०२/१०	२०५५/०१/२८
४	तिलमाया (तुला राशी)	तिलमाया	२०३२/६/२८	२०५१/११/२३
५	बद्रीनाथ (बसन्त) (बृष राशी)	बद्री (बसन्त)	२०३५/०१/०८	२०६३/१०/०९
६	रघुनाथ (तुला राशी)	भगवान	२०३८/१२/०३	२०६६।०१।२०

पति शिवलालले भारतको नोकरीबाट कमाएको पैसाले कपासे स्यानी मौरचौर, तल्लोस्वाँरा र मुलबारीमा खेत र लाम्पाटामा बारी खरिद भयो। जग्गा जमिन त जोडियो थपियो तर काम गर्ने जनशक्तिको कमी हुँदा धनसरीलाई खेतिपाती गर्न मुस्किल पर्दै गयो। पछि स्यानी मौरचौर र लाम्पाटाको बारी बेचियो। खेत वेचेर चन्यानमा खेतै र लाम्पाटाको बारी वेचेर घरमाथी डुण्डु गिरीको बारी नै खरिद भयो। घर व्यबहार चलाउन भनेर शिवलालले चन्यानको खेत वेच्नु भयो। खेतबारी जोडे पनि वेचे पनि धनसरीलाई दुःखले कहिल्यै छोडेन तर धनसरीले कहिल्यै हिम्मत हार्नु भएन। परेली लगाएर, अन्यत्र अर्मपर्म गरेर भए पनि खेतिपाती सम्हाल्दै छोराछोरी हुर्काउनु भयो दुःखसुख पढाउनु भयो। २०३३ साल पछि पति शिवलाल कमजोर स्वास्थ्यको कारण भारत जान छोड्नु भयो। पति घरमै भए पनि धनसरीको लागि खासै सजिलो र सुखका दिन आएनन्। २०३८ सालमा १५ वर्षकै उमेरमा ठुली छोरीको विवाह भयो। त्यसै गरी २०४३ सालमा ठुलो छोरा प्रेमलालको र २०५० सालमा सानी छोरी तिलमायाको विबाह भयो। धनसरीले अरू छोराछोरीको विवाह देख्न पाउनु भएन। जेठो छोराले जागिर खान सुरु गरे पछि ६ जनै सन्तान जन्मेको पुरानो बाटुले घर भत्काइ त्यही घडेरीमा हालको जस्ताले छाएको घर निर्माण भयो।

धनसरीको विवाह हुँदा र अंशबण्डा हुँदा झण्डै यस्तै स्वरूपको घर थियो।

धनसरीको त्याग, मेहनत र लगनशीलताको प्रतिफल क्रमश प्राप्त हुने क्रममा थियो। जेठो छोराले जागिर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

स्व धनसरी लामिछानेको कर्मस्थल गाउँ हाल अभियानटोलको नामले चिनिन्छ

धनसरीका पति स्व. शिवलाल लामिछाने र वहाँका छोराहरू

खान सुरु गरेको थियो। अरू छोराछोरी हुर्कदैं राम्रैसँग पढ्दै थिए। धनसरी मनकी मात्र होइन, निरोगी पनि थिइन्। भगवानका कृपाले वहाँमा खासै कुनै रोग थिएन। ढुंगो माटो खाए पनि पच्ने। तर विधिको विडम्बना २०४९ साल तिर अकस्मात् वहाँको स्वास्थ्यमा समस्या देखियो। विभिन्न घरेलु उपचार विधि, पोखरा स्थित तत्कालीन गण्डकी अस्पताल र काठमाडौं स्थित वीर अस्पतालमा लगातार उपचार गर्दा पनि स्वास्थ्यमा सुधार भएन। गण्डकी अस्पतालमा कार्यरत ब्रिटिश मूलका डाक्टर एनको सल्लाहमा मलाशयको घाउको

२०४४ सालतिर निर्मित तर पछिल्लो झण्डै दुइ दशकदेखि बसोबास हुन छाडेको स्व. धनसरीले २०५३ सालसम्म बिताएको घर

बायप्सी गर्दा धनसरीलाई कडा रोग लागेको देखियो अर्थात् त्यतिखेरसम्म सायद कमैले नसुनेको मलाशयमा क्यान्सर (Rectum Cancer) देखियो। डा. एनकै सल्लाह र सिफारिसमा २०५१ सालमा वीर अस्पतालमा धनसरीको कोलोस्टोमी अप्रेशन सम्पन्न भयो। अप्रेशन सफल भए पनि क्यान्सरको सङ्क्रमण शरीर भरी फैलिसकेको हुँदा वहाँको स्वास्थ्यमा अप्रेशन पश्चात केही सुधार जस्तो देखिए पनि निको भएन।

अप्रेसन पश्चात् केही निको भए पछि अब घर परिवार यसरी व्यवस्थापन गर्नु पर्छ छोराछोरीको पढाइलेखाइ र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

स्व. धनसरीका ६ जना छोरा छोरीहरू मध्ये अघिल्लो लहरमा देब्रेबाट छोरीहरू दुर्गा र तिलमाया पछिल्लो लहरमा दाहिनेबाट छोराहरू प्रेमलाल र श्यामलाल देब्रेबाट भगवान र बद्री, पछिल्लो लहरका विचमा रहेका स्व. धनसरीका जेठाजु/जेठानीका छोराहरू दया र विष्णु

भविष्य अव यसरी बनाउने हो, म अव पहिले जस्तै स्वस्थ हुँदैछु भनेर जेठो छोरालाई आफ्ना भावी योजना तथा सपना सुनाउँनु हुनुहुन्थ्यो। वहाँलाई डाक्टरले छिटै निको हुन्छ भनेको छ भनिएको थियो। वहाँको दृढ इच्छाशक्ति र योजना जे जस्तो भए पनि वहाँलाई रोगले घेर्दै गएको थियो, च्याप्दै लगेको थियो। सन्तानको उज्वल भविष्यको लागि अहोरात्र समर्पित एउटी आदर्श पत्नी, आमा तथा हजुरआमा धनसरीको सपना पूरा नहुँदै पति छोराछोरीहरू, नाति/नातिनीहरू आफन्त, शुभेच्छुक लगायत सबैलाई यस लोकमा छोडेर २०५३ साल वैशाख १० गते विहान चौथी तिथिमा वहाँ ब्रम्हलीन हुनु भयो परलोक जानु भयो। एउटा गौँथलीले दुःखले बनाउँदै गरेको गुडमा बज्रपात पर्यो। हावाहुरीले भत्काइदियो। धनसरीको सपना चकनाचुर भयो। उहाँका बचेराहरू टुहुरा भए।

दिनहरू वित्दै गए। धनसरी वितेको करिब तीन दशक हुन लाग्दै गर्दा यही २०८१ साल कार्तिक २२ गते वहाँका पति शिवलाल लामिछानेको पनि देहावसान भयो।

स्व. धनसरी लामिछानेका ४ भाइ छोरा ४ बुहारी दुई बहिनी छोरी दुई ज्वाँइ (दुई छोरी ज्वाँइहरू मध्ये जेठा ज्वाँइ माधवप्रसाद अधिकारीको केही वर्ष अघि निधन भइसकेको छ) ७ नाति १३ नातिनी ८ पनाति र ५ पनातिनी रहेका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

स्व. धनसरी लामिछानेका छोरा/छोरी, नाती/नातिनी र पनाति/पनातिनीहरू

क्र सं	छोरा/बुहारी, छोरी/ज्वाइ	नाती	नातिनी	पनाति	पनातिनी
१	प्रेमलाल/राधिका	१	४	२	२
२	श्यामलाल/गंगा	१	१	-	-
३	बद्रीनाथ (बसन्त)/गायत्री	१	१	-	-
४	भगवान/शर्मिला	२	-	-	-
५	दुर्गा/माधवप्रसाद		६	६	३
६	तिलमाया/कुलप्रसाद	२	१	-	-
	जम्मा	७	१३	८	५

स्व. धनसरीको सत्कर्मको प्रताप तथा परमात्माको अनुकम्पाले छोराछोरी लगायतका सबै सन्तानले धनसरीको आदर्श जीवनको पदचाप पछयाउदै सन्तोषजनक रूपमा जीवन व्यतित गरिरहेका छन् । वहाँका छोरा/छोरी, बुहारी तथा नाति/नातिनीले स्वदेश तथा विदेशमा पौरख गर्दै गर्वका साथ अघि बढिरहेका छन्।

भनिन्छ ईश्वर सबै ठाउँमा पुग्न नसक्ने भएर होला। ईश्वरले आमाको सृष्टि गरेका हुन्। त्यसैले स्व. धनसरी ६ सन्तानकी आमा २० नाति/नातिनाकी हजुरआमा र १३ पनाति/पनातिनाकी बुढी हजुर आमाका रूपबाट सन्तानको भलो चाहने, सन्ततिको रक्षा गर्ने, पालनपोषण गर्ने, आफ्नो जीवन सन्ततिकै लागि समर्पण गर्ने त्यागी धनसरी सन्ततिका लागि देवी सरह नै भएकी छिन्। स्व धनसरीका सन्तानले जति यश, एश्वर्यले भरिपूर्ण भए पनि भगवानरूपी आमाको अभाव बाचुञ्जेल खट्किरहने छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

धनसरी लामिछानेको परिवार तथा वंशबृक्ष



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

स्व. धनसरी लामिछानेको परिवार तथा सन्तति

क्र सं	नामथर तथा नाता
१	**शिवलाल/धनसरी लामिछाने** धनसरीका श्रीमान् श्रीमति
२	**प्रेमलाल/ राधिका लामिछाने** जेठो छोरा/बुहारी
३	**श्यामलाल/गंगा लामिछाने** माइलो छोरा/बुहारी
४	**बद्रिनाथ (वसन्त)/गायत्री लामिछाने** साइलो छोरा/बुहारी
५	**भगवान/शर्मिला लामिछाने** कान्छो छोरा/बुहारी
६	**दुर्गा लामिछाने अधिकारी माधवप्रसाद अधिकारी** जेठी छोरी/ज्वाँई
७	**तिलमाया लामिछाने अधिकारी कुलप्रसाद अधिकारी** कान्छी छोरी/ज्वाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

धनसरी लामिछानेका छोरा/बुहारी नाति नातिनी/नातिनीज्वाँइ पनाति र पनातिनी

जेठो छोरा/बुहारी प्रेम/राधिका

नाति/ नातिनीहरू

विश्वास

विद्या

विनिता

वन्दना

भावना

सन्दिप

केशव

सन्दीप

पनाति तथा पनातिनीहरू

अर्थव

खुसी

एकानाग्शा

संयम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

छोरा बुहारी

माइलो छोरा/बुहारी: श्याम/गंगा

साहिँलो छोरा/बुहारी बद्री/गायत्री

कान्छो छोरा/बुहारी भगवान/शर्मिला

नाति नातिनी

आयोग

योजना

गौरव

गरिमा

संगित

सुगम

जेठी छोरी/ज्वाइँतर्फ

दुर्गा/माधव

अमृता/कृष्ण सापकोटा

शर्मिता/प्रकाश तिवारी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सम्झना/बावुराम गौतम

सुशिला/कुलप्रसाद पौडेल

सपना/दिनेश कंडेल

सरस्वती

कान्छी छोरी/ज्वाइँतर्फ

तिलमाया/कुलप्रसाद

निराजन

निशान

निशा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पनाति पनातिनीहरू

 विवश	 विपिन	 मानुषी	 सुहानी
 समिर	 सुगम	 सविन	 सन्दर्भ
 सितल			

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

स्व. धनसरीका सँगी/साथी स्व. दिदी/बहिनी, देउरानी/जेठानीहरू

स्व. धनसरी लामिछाने
(स्वार्गारोहण मिति २०५३/१/१०)

स्व. सुमित्रा (स्व धनसरीकी दिदी)

स्व. चन्द्रकला
स्वार्गारोहण २०६९/०२/३१

स्व. देवकी

स्व बसुन्धारा
स्वार्गारोहण २०८१/३/३०

स्व बेलमाया
स्वार्गारोहण २०६४/७/१२

स्व भीममति
स्वार्गारोहण २०७२/१/२१

स्व मंगली
स्वर्गारोहण २०७१/९/१६

स्व शोभा केसी
स्वर्गारोहण २०७२/११/२२

स्व हेमकला
स्वार्गारोहण २०४८/१/१९

स्व चन्द्र कुमारी
स्वर्गारोहण २०३२/१२/१२

स्व. सावित्री

स्व. धनसरी लामिछाने र उहाँकी स्व. दिदी र सुखदुःखका साथीसँगी (देउरानी जेठानी)हरू प्रातःस्मरणीय स्व. आमाहरू प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दै वहाँहरूको चीरशान्ति तथा बैकुण्ठबासको कामना गर्दछौं।

धनसरी स्मृति प्रतिष्ठान परिवार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

धनसरी लामिछानेका हाल जिवित सँगी/साथी दिदीबहिनी (देउरानी जेठानी)हरू

पवित्रा

तिलमाया

नन्दकली

सरस्वती

पार्वती

टुल्कीमाया

सुमित्रा

कृष्णकला

स्व. धनसरी लामिछानेका सुखदुःखका साथी/सँगी (देउरानी जेठानी) हरू मध्ये हाल जिवित आमाहरूको सुस्वास्थ्य, दीर्घायु तथा सुखमय जीवनको लागि हार्दिक कामना गर्दछौं।

धनसरी स्मृति प्रतिष्ठान परिवार।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

मेरो अन्तकरणमा : मेरी आमा

*प्रेमलाल लामिछाने

आमाको जन्मघर हाम्रो मामाघर स्याङजाको तत्कालीन फापरथुम गाविस अन्तरगत टिकाजामा पर्दछ । उक्त गाउँ हालको आँधिखोला गाउँपालिका अन्तरगत पर्दछ । हाम्रा मावली हजुर बा तुलसीराम ढकालका दुइटी श्रीमति थिए। हजुरबाले कान्छी हजुरआमाले पकाएको खानु हुदैन्थ्यो । त्यसैले हामी मामाघर जाँदा जेठी हजुर आमा भगिरथीले भान्सामा पाकेको परिकार र घिउ दुध, फलफूल कान्छी हजुर आमाले दिनुहुन्थ्यो । हजुरआमाहरू मध्ये ठुली हजुरआमा भागिरथीलाई भात दिने हजुरआमा र कान्छी हजुरआमालाई घिउ दिने हजुरआमा भन्थ्यौं । हाम्री आमा धनसरी हजुरबा/हजुरआमाका तीनवटी छोरीहरू मध्ये सबै भन्दा कान्छी, माइतमा बोलाउँदा पनि धनसरी नभनेर सबैले कान्छी कसैले त स्यानी कान्छी भन्दा रहेछन्। उनै धनसरी अर्थात् सिरानघरेकी प्यारी कान्छी अर्थात् स्यानीको विबाह तत्कालीन निर्मल पोखरी गाउँपञ्चायत वडा नं २ (हाल पोखरा महानगरपालिका वडा नम्बर २१ मा पर्दछ) साम्मीका चुडामणी र ललिमाया लामिछानेका माइला छोरा शिवलाल लामिछानेसँग परम्परागत रूपमा विवाह भयो। घरतर्फका हाम्रा हजुरबा चुडामणी लामिछानेका तीन छोराहरू मध्ये हाम्रो बुवा शिवलाल माइलो भएकोले गाउँघरमा आमालाई माइली, माइली बुहारी, माइली आमा, माइली दिदी अर्थात् जसले पनि "माइली" शव्द जोडेर नाता अनुसार बोलाएको सुनेकोले आमाको खास नामै "माइली" रहेछ जस्तो लाग्दथ्यो। बिवाह अघि टिकाजा बरपिप्ले शिरानघरेकी कान्छी छोरी बिवाह पश्चात् घरकी "माइली" भइन् । हाम्रा बा ले भने आमालाई बोलाउँदा कहिले "ढकालकी छोरी" कहिले "पिरेमकी आमा" भनेर बोलाउनु हुन्थ्यो । २०४० सालमा आमाको नागरिकताको प्रमाणपत्र बने पछि बल्ल थाहा भयो आमाको खास नाम धनसरी रहेछ। आमाको र मेरो उमेरमा करिव २० फरक थियो । मलाई बाल्यकालको त्यति धेरै सम्झना त छैन, सायद म ६/७ वर्षको हुँदा आमाको हात समातेर टुकुटुकु मामाघर जाँदा बाटोमा हामीलाई "दिदी-भाइ" जस्ता भन्छन् भन्नु हुन्थ्यो आमाले।

गाउँघरमा खेतिपाती बाहेक कमाइ हुने पेशा वा नोकरी नहुँदा गाउँमा अधिकांश घरमा जस्तै हाम्रो घरमा पनि दुखै थियो। एक पछि एक थपिदैं बा-आमाका हामी चार भाइ छोरा दुई बहिनी छोरी गरी ६ जना सन्तान भयौं। म सानै हुँदा घरको आर्थिक अवस्थाका कारण बुवा नोकरीको सिलसिलामा भारत (कलकत्ता) जानु भयो । माइलाले भारतको कलकत्तामा दरमानको नोकरी गर्छ भन्ने कुरा पल्तिर ठूला बा (ठूलो पदमलाल)ले भनेको अलि अलि सम्झन्छु। पछि

** प्रेमलाल लामिछाने स्व. धनसरीका ज्येष्ठ सुपुत्र हुनुहुन्छ*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

बुझें दरमान भनेको डोरमेन अर्थात् चौकीदार रहेछ । साहिलो भाइ बद्री नजन्मिदासम्म बुवा नोकरीको सिलसिलामा भारतमै बस्नु भयो । प्राय दुइ बर्षमा एक महिनाको छुट्टीमा घर आउनु हुन्थ्यो । हामी ६ जना छोरा छोरी मध्ये खासगरी मेरो र ठूली बहिनीको बाल्यकाल लगभग आमाकै रेखदेखमा वित्यो। घरको जेठो छोरा भएकोले मैले सानै देखि आमालाई घरको काममा सघाउने भाइबहिनीलाई स्यार गर्ने जिम्मेवारीले गर्दा पढाइमा मात्र होइन साथीभाइसँग धित मर्ने गरी खेल्न पनि पाइन । खेतालो पत्याउने उमेर भए पछि त प्राय शनीबार गाउँमा खेतालै गइयो । जेठमा किनेको कोदालो साउन सकिदा सम्म कोदाली भइसक्थ्यो । बा घरमा नभए पनि आमाकै आंटले हाम्रो सबै खेतबारी अर्थात् सुरौदी (स्यानी मौरचौर)देखि मुलवारी सम्मको खेत र घर वरपरदेखि लाम्पाटा सम्मको बारी आफैं कमाउँथ्यौं । सुरुमा पदमदाइ सँग र पछि मोती गिरी बा सँग हाम्रो परेली थियो । गाउँमा परेली गर्दा होस वा अर्मपर्म गर्दाको रमाइलो सम्झदा अहिले पनि आनन्द लाग्छ । ती सहयोगी मनहरू प्रति अझ आदरभाव प्रकट हुन्छ । तर घरमा पाको लोग्ने मान्छे नहुँदा, घरमा आमा र हामी केटाकेटी मात्र हुँदा अरूबाट हुने खासगरी नजिकका आफन्तहरूको हेपाहा व्यवहारले त्यतिखेर मेरो बाल मानसपटलमा बसेको नमिठो छाप सम्झनामा अझै पनि बल्झिरहन्छ ।

बा विरामीको कारण कलकत्ताको चौकिदारको जागिर छाडेर घरमै हुनुहुन्थ्यो । २०३३ सालको कुरा जस्तो लाग्छ बा करिब एक महिनासम्मै थलिनु भयो । उपचारको लागि पोखरा मिमअस्पताल जाने कुरा भयो । घर बाहिर निस्कँदा बाको सिथिल र जिर्ण शरीर देखेर होला आमा रुनु भयो आमा रोएको देखेर म पनि रोएँ । आँशु पुछ्दै म र लाहुरे बा (हाम्रा ठूला बा) भएर बालाई मिम अस्पताल लगियो । खासै विमार भन्दा पनि पोषणको कमीले कमजोर बनाएको रहेछ । नियमित खानपानमा ख्याल गर्दै गए पछि बा तंग्रिनु भयो । तर बुबा घरमा भएपनि घरको काम प्राय आमा एक्लैले गर्नुहुन्थ्यो ।

आमा धनसरीको कोखबाट जन्मेका हामी ६ जना छोरा छोरीहरू मध्ये आमाले भाइ बहिनीहरूलाई नामै काढेर बोलाए पनि मलाई भने सधैं "बावु" भनेर बोलाउनु हुन्थ्यो । "पिटे नि आमै जाति पोलेनी घामै जाति" भनिन्छ तर मैले आमाको एक थप्पडसम्म खाएको सम्झना छैन । सायद भाइ बहिनीहरूले पनि आमाको पिटाइ खानु परेन । भाइ बहिनीहरू जन्मे पछि हुर्कदैं गरेको र जेठो छोरो भएर पनि होला आमाको म प्रति अलि बढी भरोसा थियो । आमाले अन्तिम श्वास लिइरहदा पनि "बावु, भाइ बहिनीहरूको ख्याल गरे है" भन्ने शव्द ऐले पनि कानमा गुञ्जिरहे जस्तो लाग्छ आमाको त्यो बचनले मलाई अझै सम्म जिम्मेवारवोध गराएको छ । जनचेतन मिडिल स्कुल होस् वा शान्ति उदय हाइस्कूलबाट आउँनासाथ अरू साथीहरू चापाँचौरमा गेम्बोल खेल्न दौडदा आमाले नभने पनि म भने झोला फालेर डोको नाम्लो बोकेर स्वाँरा (हामीले घाँस काट्ने खेत तथा खरबारी भएको ठाँउ) तिर झर्थें ।

बर्खाताका आमा मेला जानु हुन्थ्यो मैले भाइ बहिनीहरूको स्यार गर्दै उनीहरूलाई खुवाउनी/पियाउनी, दिशा पिसाव धोइदिनी, गाईभैसी तथा बाख्रापाठालाई घास/कुँढो दिनु पर्थ्यो, घर कुर्नु पर्थ्यो । साँझ पर्न थाले पछि मकैबारीमा झ्याउकिरी एकोहोरो कराउँदा न्यास्रो लाग्थ्यो अनि आमा आउने बाटो हेरेर बस्थ्यौं । कहिलेकाही आमाले आफुँलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

दिउसो मेलामा दिएको अर्नी (सिरम्ला, खट्टे, चिउरा यस्तै यस्तै) आँफुले नखाई नखाई पटुकीमा जोगाएर ल्याउनु हुन्थ्यो र हामीलाई दिनु हुन्थ्यो। भोक लागेको बेला त्यस माथि आमाको माया मिसिएको खाजा कति मिठो हुन्थ्यो भनी साध्ये छैन।

आफूले कखरा नपढे पनि पढाइको महत्व बुझे झै गरी छोराहरूलाई पढाउनु पर्छ, भविष्यमा मेरा छोराहरूलाई ठूलो मान्छे बनाउनु पर्छ भन्ने भावना आमामा प्रवल थियो, छोरीलाई पढाउनु पर्छ भन्ने त अलि पछि चेतना आएको हो। म पढ्न बसे पछि जतिसुकै बित्दो काम भए पनि आमा सकभर आफैं घोट्टिनु भयो तर वहाँले मलाई काममा लगाउनु भएन। हल्लार कान्छो (मेरा प्रेरणाका स्रोत आदरणीय पदम दाइ)ले दहि मथ्दा समेत मैनीखावोमा किताव राखेर पढ्दो रहेछ तँ पनि त्यसरी नै पढ्न मेहनत गर्नु पर्छ भनेको अहिले पनि सम्झन्छु। आमाले पढ् ठूलो मान्छे बन्न पढ्नु पर्छ, अहिले पढे पछि सुख पाइएला, सम्मान पाइएला भन्ने अर्ति र प्रोत्साहन बाहेक घरमा साथै वल्तिर/पल्तिर समेत पढ्न सिकाउने अरू कोही थिएनन्। म ख्यालख्यालमै दुइ कक्षामा पुगे पनि दुई कक्षामा फेल भएछु। फेल/पास भएको त मलाई तत्काल त्यति हेक्का भएन पछि तुलेदाइ (मास्टर तुलाराम परियार) ले घरमै आएर पीर नगर पिरेम बावु! अव मेहनत गरेर पढ्नु पर्छ अर्को वर्ष पास भइहालिन्छ नि! भने पछि बल्ल म त फेल भएछु भन्ने ख्याल भएछ क्यारे त्यस पछि म एक छिन रोएँ, आमाले फकाउनु भयो, सम्झाउनु भयो। त्यस पछि भने स्कूलमा फेल त भइन नै जनचेतन मिडिल स्कूलमा कक्षामा सधैं दोस्रो र शान्ति उदय हाइस्कूल पाण्डेथुममा कक्षा ९ र १० पुग्दा हाइस्कूलमै होलफस सम्म भएँ। विद्यालयमा हुने बार्षिक परीक्षामा मात्र होइन विभिन्न अतिरिक्त क्रियाकलापहरू हाजीरीजवाफ, बादविबाद, हिज्जे, कविता, बक्तृत्वकला आदिमा पनि म प्राय प्रथम या द्वितीय हुन्थें। मैले पुरस्कार लिएर घरमा आउँदा आमा दंग पर्नुहुन्थ्यो। म सफल हुनुमा मेरो मेहनत, मेरो प्रतिभा वा सिर्जनशीलता भन्दा आमाको माया, आशीर्वाद र प्रेरणा बढी थियो।

विक्रम सम्बत् २०३४ साल मंशिरको महिना हुँदो हो। जनचेतन मिडिल स्कूलमा सात कक्षामा दोस्रो भइ गालाभरी अविर, हात भरी कापी कलम जमेट्री बक्स पुरस्कार लिएर घरमा आउँदा आमाको अनुहारमा अनौठो चमक थियो। जनचेतन मिडिलस्कूलमा ७ कक्षा सम्म मात्र पढाइ हुन्थ्यो। अव ८, ९ र १० कक्षा पढ्न एक घण्टा हिंडेर भरत पोखरी डाँडागाउँ स्थित शान्ति उदय हाइस्कूल जानु पर्ने थियो। यस वीचमा केही दिन छुट्टी थियो। बा पनि कलकत्ता छोडर घरमै हुनुहुन्थ्यो। बा को पनि खासै इलम थिएन। एक दिनको कुरा हो म पिढीमा बसेर मोही र मकै खाँदै थिएं बा स्कूल मैदान कताबाट आइपुग्नु भो अनि बाले निधार खुम्च्याउँदै गम्भीर भएर सुस्केरा हाल्दै भुंइतिर हेर्दै मलाई सम्झाउदै भन्नु भयो, "हेर बावु पिरेम म पनि उमेरले बुढो हुँदै गँए (उमेरले ४० मात्र कटे पनि जिउज्यान ६० कटेको जस्तो देखिएर होला त्यो ताका गाउँतिर ४० कटे पछि बुढै लाग्थ्यो)। कमाइ धमाइ केही छैन। बिमारी बिमारी पनि भएं। तेरा भाइ बहिनीहरू पनि सानै छन्। यिनीहरूलाई पढाउन त परै जाओस खान लाउन दिन पनि गाह्रो पर्ला जस्तो छ। त्यसैले यतिखेर गोविन्दे (गाउँकै गोविन्द दाइ) कुइमाबाट छुट्टीमा आको रच मैले तेरो नोकरी बारेमा कुरा गर्दा हुन्छ नि भाइलाई सानोतिनो नोकरी लाइदिम्ला अरू त उसको मेहनत र भाग्यको कुरा हो भनेको छ एक साता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पछि कुइमा फर्कदैं छ, तँ गोविन्दे सँगै नोकरी गर्न कुइमा जा। यस्तै हो बावु घर गृहस्थी नगरी भएन केरे, हुन्नर के भन्छस् ?" भन्नु भयो। आमा र म सँगै थियौं आमा आँगनमा कोदो निफन्दै हुनुहुन्थ्यो बाको कुरा सुनेर म त अकमक्क परें म केही बोलिन तर आमाले बा को कुरा नसकिँदै बाको कुराको प्रतिवाद गर्दै भन्नु भयो छोरालाई तपाईंले पढाउन पर्दैन मैले दाउरा वेचेर, नभए यी कानका (आफ्ना कानतिर देखाउँदै) सिलमुन्द्री (वहाँको नाममा सम्पत्ति भनेकै त्यत्ति थियो) बेचेर भए पनि पढाउँछु छोरालाई कुइमा सुइमा पठाउने होइन। अरू छोराछोरीलाई पनि निवेक गरेर भए पनि पाल्छु पढाउछु। सबैले तेरा छोराको कति राम्रो पढाइ छ भन्छन् उसलाई नपढाएर सानैमा मुग्लानमा भाडा माझ्न पठाउँने ? भने पछि बुवा चुप हुनु भयो त्यस पछि म कुइमा होस् वा दिल्ली वा कलकत्ता जाने प्रसङ्ग बन्द भयो। आमाको त्यही हिम्मत र प्रेरणाले गर्दा दुःख:सुख मैले पढें। पढ्दै जाँदा मास्टर तह (स्नातकोत्तर) पास गर्ने गाउँमा सायद म पहिलो भएँ। ठुली बहिनीको त १५ वर्षको उमेरमै २०३८ सालमा विवाह भइसकेको थियो। अरू भाइ बहिनीले दुःख:सुख राम्रै पढे। हामी चारै भाइ निजामती सेवामा स्थायी जागिर खाने भयौं। म २०४१ साल देखि २०७९ साल सम्म ३८ वर्षसम्म निजामती सेवामा रही सहसचिव पदबाट ५८ वर्ष उमेरको कारण अनिवार्य अवकास भएँ। जागिरबाट सेवानिवृत्त भएको पनि तीन वर्ष पुग्यो। सरकारी नोकरीबाट रिटायर भए पछि करिब १५ महिना पोखरा महानगरपालिकामा शहरी योजना आयोगको उपाध्यक्षको जिम्मेवारी सम्हालें। मेरा तीनैजना भाइहरू श्याम, बद्री (बसन्त) र भागवान अझै सरकारी सेवा मै कार्यरत छन्। हाम्रो गाउँमा एउटै घरका सबै दाजुभाइहरू निजामती सेवामा रहेको सायद हाम्रै परिवार मात्र होला। अन्यत्र पनि यस्तो उदाहरण बिरलै देखिन्छ। यसमा मलाई गर्व छ। हाम्रो गाउँमै पहिलो पल्ट छात्रा तर्फ सानी बहिनी तिलमायाले एसएलसी पास गरिन्। हामी छोरा छोरीलाई पढाउँन हुर्काउँन आमाले मेलापात मात्र होइन पोखरा गै दाउरा बेच्नु भयो, तरकारी बेच्नु भयो, अर्काको निवेक गर्नु भयो र आफूले कानमा लाएको गरगहना (शिलमुन्द्री माडवारी) समेत बेच्नु भयो। ममतामयी प्रातःस्मरणीय आमा धनसरीको त्यो त्यागले हामीलाई आज यहासम्म ल्याइ पुऱ्याएको छ। पछाडि फर्केर हाम्रो बाल्यकाल तर्फका दुःखका ती दिनहरू सम्झदा जति दिक्क लाग्छ, आमाको त्याग र आशीवार्दले यहाँसम्म आएकोमा आमा प्रति गर्वले छाती ढक्क हुन्छ।

भनिन्छ, एउटा छोरा कुपुत्र हुन सक्छ तर आमा कुआमा कहिल्यै हुन सक्दिनन्। त्यसैले अपबाद बाहेक सबै आमा असलै हुन्छिन्। अझ हाम्री आमा त हजारौंमा एक आदर्श आमा थिइन्। हाम्री आमालाई घर परिवार र छोरा छोरी बाहेक अरू विषयमा खासै मतलव थिएन। धनसरीले गाउँमा कसैको कुरा काट्न र चुक्ली लाउन जान्नु भएन। गाउँमा माइलीको बारेमा कसैले कुरा काटेको मैले आजसम्म थाहा पाएको छैन। माइलीको यो बानी खराब थियो भन्ने सुनेको छैन। पारिवारिक बोझ र जिम्मेवारीले थिचिएर होला छोराछोरी प्रतिको कर्तव्यवोधले होला अन्य विषयमा खासै मतलव राख्नुदैन्थ्यो तर अरूलाई पर्दा सहयोग गर्नु पर्छ सामाजिक सेवा गर्नु पर्छ भन्ने थियो। अरूलाई सहयोग गर्नुहुन्थ्यो पनि। यस लोकको सत्कर्मले परलोकमा हित हुन्छ भन्ने थियो। जानेर वा नजानेर आमालाई धर्मप्रति अर्थात् सत्कार्य प्रति विश्वास थियो। राम्रो कर्म उपर गाउँ, समाजले, छरछिमेकले अहिले नदेखे पनि इश्वरले देख्छन् भलो गर्छन् भन्नुहुन्थ्यो परलोकमा सुख पाइन्छ भन्नु हुन्थ्यो। अहिले जस्तो त्यतिखेर कुनै आमासमूह जस्ता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

दिदीबहिनीहरूका संस्था पनि थिएनन् । कुनै विषयमा पुरुषको अगाडि महिलाले आँट गरेर बोले राम्रै सुझाव तथा तर्क राखे पनि बढी बाठी भएकी, पोथी बासेकी भन्न भ्याउँथे बुढाहरू । हाम्री आमाले परिवारको सफलताको लागि आफ्ना छोराछोरीको भविष्यको लागि खुसीको लागि निष्काम भावले आफ्नो जीवन समर्पण गर्नु भयो, हाम्रो अनुहारमा हाँसो ल्याउनको लागि आफै हाँस्न बिर्सनु भो पीडाका आँशु पिउनु भयो तर प्रारब्धको क्रुर नियति, वहाँले सन्तान सुख अनुभव गर्न, सन्तानको पौरख देख्न र भोग्न पाउँनु भएन। ५४ वर्षको कम उमेर मै हामीलाई टुहुरा बनाएर यस भौतिक संसारबाट परलोक जानुभयो।

२०४९ सालको सुरुको महिना हुँदो हो एक दिन आमाले बावु ! मलाई अलि बिसञ्चो छ। अस्पताल जाने कि के गर्ने ? होला ! भन्नु भयो । म झसँग हुँदै सोधे के भयो र आमा ? आमाले अन्कनाउँदै भन्नु भयो दुईतीन महिना भयो दिशा गर्ने वेलामा दुख्छ डोको बोक्दा घाँसको भारी बोक्दा पनि दुख्छ, दुखाइ बढ्दै गएको छ । भोलिपल्टै आमालाई लिएर गण्डकी हस्पिटल गएँ डाक्टरलाई देखाएं। ब्रिटिश डाक्टर जस्तो लाग्छ नाम डा. एन. थियो । उसले हेर्यो । आमाको दिशा गर्ने ठाउँ भन्दा अलि माथी मलाशय (Rectum) मा घाउ भएको रहेछ । घाउ अलि पूरानै भईसकेछ। डाक्टरले क्यान्सरको शंका गरी वायोप्सी गर्नु पर्छ भन्यो। वायप्सी गर्न काठमाण्डौ जानु पर्थ्यो। भोलिपल्टै काठमाडौं डा एनले भनेको ल्यावमा वायोप्सीको लागि स्याम्पल लिएर गएँ दिएँ। केही दिन पछि रिपोर्ट आयो, आमालाई रेक्टम क्यान्सर भएको रहेछ। म आत्तिएँ, रिपोर्ट लिएर गण्डकी हस्पिटलमा गएँ डा एनलाई देखाएँ। डा एनले आमालाई क्यान्सर देखियो अव यसको उपचार भनेको कोलोस्टोमी अप्रेसन गर्नुपर्छ भन्यो । कोलोस्टोमी भनेको सर्जिकल प्रक्रियाद्वारा पेट चिरेर दिशा पास गर्न पेटको बाहिरपट्टि आन्द्राको पाइप निकाली एउटा झोला बनाइ जोड्ने र दिशा गराउने विधि रहेछ। त्यही झोलामा दिशा जम्मा हुन्छ सजिलै फाल्न मिल्छ। दिशा गर्ने ठाउमा अप्रेशन वा जे जे विधिबाट उपचार गरी सञ्चो भएमा पछि आन्द्रालाई पुनः पूर्ववत् तलै फर्काइ पहिले जस्तै दिशा गर्न मिल्ने गरी जोडिने रहेछ। यहि कुरा आमालाई सुनाए आमा धरधरी रूनु भयो म पनि मनमनै रोएँ। दैव पनि कति निष्ठुरी छ भने जो यस दुनियामा सबैभन्दा भद्र र सुधो छ उसैले विनाकारण दुःखकष्ट भोग्नु पर्छ उसैलाई नानाथरी विमार लाग्छ। एकछिन पछि आमाले यसरी पेट चिरी पेटको बाहिरबाटै दिशा गर्नु पर्ने हो भने त बरू म यसै मर्छु बावु ! अप्रेसन नगरौं औषधि खाएर पनि सन्चो होला नि भन्नु भयो। म पनि अकमक्क परें। फेरि डा एनलाई भेटेँ आमाको पीडा र चाहना सुनाएँ। उसले त्यसो भए रेडियोथेरापी उपचार विधिबाट घाउ सुकाउने र सुकेपछि सामान्य अप्रेशन गरेर पनि उपचार गर्न सकिन्छ भन्ने उपचारको विकल्प दियो तर यो सुबिधा काठमाडौं वीर अस्पतालमा मात्र छ त्यही जानु म सिफारिस गरिदिन्छु भन्यो । डा एनको रिफर कागज सहित आमालाई लिइ वीर अस्पताल गएँ त्यहाँ रेडियोलोजिष्ट डा तारा मिश्रले नियमित रेडियोथेरापी गराउन थाल्नु भयो। रेडियोथेरापी दिन थाले पछि आमाको कपाल झर्न थाल्यो अनुहार पनि कालो देखिन थाल्यो।

अव आमालाई आफ्नो विमारको पीर होइन छोराछोरीको भविष्यको बारेमा चिन्ता पर्न थाल्यो। मेरो सानोतिनो जागिर त थियो। भाइ श्याम दुबै बहिनीहरू हुर्की सकेका भए पनि भाइ बसन्त र भगवान सानै थिए। भाइ श्यामको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कुनै जागिर इलम थिएन। ठूली बहिनीको बिवाह भईसके पनि सानी बहिनी तिलमायाको भएको थिएन। आमाले "बाबु म नमर्दै सानी बहिनी तिलीको बिवाह गर्नु पर्यो केटा खोज" भन्नु भयो। मेरो चाहना बैनीलाई क्याम्पस पढाउदै लोकसेवाको तयारी गरी स्थायी जागिर खुवाउने हो भन्ने थियो। तर आमाको कमजोर स्वास्थ्यको कारण म किम्कर्तव्यबिमुढ भएँ। प्रारब्धको खेल होला जहाँ जे हुनु थियो सायद त्यही भयो आमाको चाहना अनुसार सानी बहिनीको २०५० सालमा विबाह भयो। छोराछोरी मध्येबाट पहिलो नाती निराजनलाई पनि देख्न पाउनु भयो।

साहिलो भाइ एसएलसी टेस्ट दिएर पोखरा आयो। पोखरा मुस्ताङचोकमा एउटा स्टेशनरी पसल सुरु गरियो। राधिकाको स्कूलको जागिर छुट्यो। साहिलो भाइ बद्री र राधिकाले पसल हेर्थे मेरो सानो जागिर छदैं थियो। आमाको उपचारको फलोअप छदैं थियो। आमा कहिले पोखरा कहिले गाउँ गर्नु हुन्थ्यो।

यता रेडियोथेरापीको कोर्स सकिए पछि आमालाई घरमा ल्याइयो। केही दिन सञ्चो होला जस्तो पनि भयो। फलोअपको लागि २/३ पल्ट वीर अस्पताल लगियो तर सुधार भएन अन्तत डा. एन.ले दुइ वर्ष अघि दिएको सल्लाह बमोजिम वीर अस्पतालमा आमाको कोलोस्टोमी नगरी नहुने भयो सोहि अनुसार आमाको अप्रेशन गरियो। अप्रेशन सकिनासाथ डाक्टरले अप्रेशन त सफल भयो तर क्यान्सर जीउ भरी फैलिएको छ यसै भन्न सकिन्न भन्यो। अब यहाँ आउँन पर्दैन गण्डकी अस्पतालमै फलोअप गराउँदा हुन्छ। भगवानको कृपा हो यसै भन्न सकिन्न ! तर विरामीको अवस्था राम्रो छैन भन्यो। डाक्टरको भनाइको आसय बुझ्दा आमा धेरै बाँच्नु हुन्न जस्तो लाग्यो। एक छिन त म रन्थनिएँ केही वेर पछि सम्हालिएँ। कोलोस्टोमी गरेको दुई दिन पछि आमालाई जनरल वार्डमा सारियो। आमाको पेटमा राख्न मिल्ने अर्थात् युज एण्ड थ्रो झोला झुण्डाइएको थियो। दिनको २ वा ३ पल्ट झोला फेर्नु पर्दथ्यो। झोला प्रयोग गर्दा खासै झण्झट पनि थिएन फोहोर पनि थिएन। आमाले राम्ररी खाना पनि खान थाल्नु भयो अनुहार अलि उज्यालो देखिन थाल्यो, स्वास्थ्यमा सुधार आएको देखियो। आमाले मनमा केके कुरा खेलाउनु भएछ कुन्नी एक दिन विहान अस्पतालको बेडमै आमा धरधरी रुनु भयो। वरिपरिका विरामी तथा कुरूवाहरूले ट्वाल्ल परेर हेरिरहें वातावरणमा सन्नाटा छायो। आमा के भयो ? नरुनोस् न केही महिना पछि घाउ सन्चो भए पछि पहिला जस्तै दिशा गर्न मिल्छ जोड्न मिल्छ भनेको छ डाक्टरले भनी सम्झाए। आमा रूनुको कारण वहाँको विमारको कारण नभएर छोराले दुःख: पायो अरू छोराछोरीले पनि दुःख: पाउने भए भनेर रूनु भएको रहेछ। करिव एक हप्ताको वीर अस्पताल बसाइ पछि डिस्चार्ज भइ घरमा आयौं। २०५३ साल वैशाख लागे पछि आमा सिथिल हुदै जानु भयो। वैशाखको पहिलो शुक्रबार म र राधिका घरमा गयौं आमाले रुँदै बावु तिमी आए पछि त्यसै सञ्चो भए जस्तो हुन्छ भन्नु भयो। भोलिपल्ट हात गोडाका नङ काटिदिएँ, तातो पानीमा रूमाल भिजाएर अनुहार, हात गोडा पुछि दिएँ। शनिवार बेलुकी हामी पोखरा फर्क्यौं। आमालाई केही समयसम्म त बाँच्नुहुन्छ होला भन्ने थियो। पर्सिपल्ट सोमबार बिहानै हरि भाइ आत्तिदैं आयो "आमालाई च्यापे जस्तो छ दाइ बाले दाइलाई तुरुन्त लिएर आइज भन्नु भएको छ" भन्न नभ्याउँदै मैले अड्कल लगाए सायद आमा हुनुहुन्न। केटाकेटी डोऱ्याएर राधिका भाइ बद्री हामी घरमा गयौं नभन्दै आमाले विहानै संसार छडिसक्नु भएको रहेछ। म भाउन्निएँ संसारै अध्यारो भयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

यसरी कोलोस्टोमी गरेको करिब एक वर्ष पछि २०५३ साल बैशाख १० गते चौथी तिथिमा ५४ वर्षको कम उमेरमै आमाले देह त्याग गर्नु भयो। हामी माथी ठूलो बज्रपात भयो। हाम्रो उर्जा, साहस, प्रेरणा र ममताकी प्रतिमूर्ति आमालाई सदाको लागि गुमायौं। हामी टुहुरा भयौं। घटना जति पीडादायी भए पनि सहनुपर्ने रहेछ। दिनहरू बित्दै गए। आमा ब्रह्मलीन हुनु भएको आज २९ वर्ष व्यतित भइ सके पनि यी घटना परिघटनाहरू मेरो मानसपटलमा सदैब ताजै छन्।

अहिले सम्म आमा बाँच्नु भएको भए आमा कति खुसी हुनुहुन्थ्यो होला। दाउरा वेचेर हुर्काएका, बढाएका, पढाएका आफ्ना सन्तानहरू अहिले आफ्नै खुट्टामा उभिएर शानसँग अघि बढिरहेको पाउँदा वहाँको मन गदगद् हुन्थ्यो होला। सायद बैकुण्ठलोकबाट हेर्दै सन्तोष मानिरहनु भएको होला ! अहिले पनि वहाँको मार्गदर्शनले हामीलाई सत्मार्गमा लाग्न प्रेरित गरिरहेको छ। जीवन पर्यन्त हामीले स्व. आमाको आशीर्वाद पाइरहेका छौं पाइरहने छौँ। वहाँको अनुकरणीय पदचापलाई अनुशरण गरेका छौं गरी रहने छौँ। आमा ! तपाईँको आदर्श जीवनले देखाएको मार्गदर्शन अनुरूप आफ्नो ज्ञान, विवेक र चेतनाले भ्याएसम्म सत्कर्म गर्न निरन्तर प्रयत्न गरिरहने संकल्प गर्दछौँ।

भनाइ छ "मातृदेवो भव:" अर्थात् आमालाई देवता सरह मान, "जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसि" अर्थात् जन्म दिने आमा र जन्मभूमि स्वर्ग भन्दा पनि ठूला हुन्। भगवान सबै तिर हुन सक्दैनन् त्यसैले उनले आमा बनाए। नेपोलियनले त्यसै भनेका रहेन्छन् "मलाई एउटी असल आमा देउ म तिमीलाई एउटा असल राष्ट्र दिनेछु"। "सन्तानको गोडामा काँडाले घोच्दा जसको मुटुमा चस्स दुख्छ" ती आमा हुन। जीवनमा एक दिन मात्र त्यस्तो दिन छ जुन दिन सन्तान रूँदा आमा मुस्कुराउँछिन त्यस पछि त्यो दिन कहिल्यै पनि आउँदैन कि एक सन्तान रूँदा आमा मुस्कुराउन्। जन्माउँदाको अवस्थामा बाहेक सन्तान रोएको कुनै आमाले सहँदैनन्। जसले हामीलाई संसार देखाइन् गर्भमा राखेर पीडा सहिन काखमा राखेर पालनपोषण गरिन्, हुर्काइन्, जीवन जिउने कला सिकाइन्, संस्कार सिकाइन्, सुनिश्चित भविष्यको मार्ग देखाइन्, ती मेरी आमा धनसरीप्रति म नतमस्तक छु। आफ्नो खुसी, सुख र स्वास्थ्यको पर्वाह नगरी हाम्रा लागि समर्पित परमपूजनीय आमा धनसरीलाई सभक्ति स्मरण गर्दै बाँकी जीवन निरन्तर सत्कर्ममा लागिरहने संकल्प गर्दछु। आमालाई वैकुण्ठमा सुख, शान्ति र आनन्द मिलिरहोस् भन्ने प्रार्थना गर्दछु।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आमालाई चिठी

*श्यामलाल लामिछाने

ममताकी प्रतिमूर्ति, वात्सल्यताकी खानी, प्यारी आमा धनसरीलाई

साष्टाङ्ग दण्डवत् ! तिम्रो अपार माया, प्रेरणा र आशीर्वादले हामी यहाँ सपरिवार मंगल कुशल छौं।

मनभरी उकुस मुकुस भएर चिठी लेख्न वसेको छु। सुरुवात गर्दा नै विस्तारै छाती ढक्क फुलेर रसाउन थाल्छन् परेलीहरू, जरुवाको पानी रसाएझैं, अनायास कापीमा आँसुका थोपा पोखिएर चिठीमा लतपतिएका होलान् विग्रिएको होला मिलाएर वुझिदिनु, भुल भएमा माफ पाऊँ।

सानै हुँदा हाम्रा वा भारतको कलकत्तामा जागिरे हुनुहुन्थ्यो, त्यसैले आमाको न्यानो काख र बाको भरोसाको खम्बा दुवै आमावाट प्राप्त भएको थियो। हाम्रो पितृसत्तात्मक संस्कारको अवशेष होला सायद बा को कर्कश स्वाभावको आँखा छलेर मेरो भोकको तिर्खा मेटाउने फूल उठेका मकै थिइन् आमा, लाम्पाटाको खडेरीमा कोदालो खन्दा साजी (ताजा) मोही र पोलेको हरियो मकैको स्वाद बनेर आउथिन् आमा ! सुरौदी र हाडीखोलावाट दाउराको भारी बोकी सिम्लेटारीको उकालोमा थकाई मार्दाको सितल थिइन् आमा, सग्लासग्ला चिरपाटे पेन्सन क्याप पुऱ्याउने दाउराको थकाईको विश्राम थिइन् आमा, १३ दिन भित्रको सुत्केरीको परवाह थिएन उनलाई। आफ्नो जिउ नै जोखिममा राखेर कान्छो भाईको वाल मुस्कान हेर्न मलडोको र दाउरासँग जिन्दगी साट्थिन् हाम्री आमा, दाईको अनुहार भरी फिसको समस्याले निधारमा कोरिएका धर्साहरूमा विश्वास र भरोसाको थैली हुन्थिन् हाम्री आमा, मात्र हैन भदौरे झरीमा कक्षा छुटेको छटपटाहटमा कालो छाताको ओत बन्थिन्। हाम्री धन्सरी आमा। किशोर अवस्थामै ईश्वरले पस्केको सुन्दर तथा कलकलाउँदो जीवन पराइको घरमा अन्माउदा सुरौदी जस्तै आँसुको भेलमा डुबिरहँदा दिदीलाई सुम्सुम्याउने हात हुन्थिन् अरूकी माइली आमा हाम्री जननी धनसरी आमा, साइलो भाइले स्कुल पढ्न जाँदा खाजाखाने खुसीका शिला खोज्दा कुखुराको मूल्य हुन्थिन् आमा, तिली बहिनीको फरिया र चप्पलको चाहनाको पसल बन्थिन् आमा। अझै स्मृतिमा ताजै छ आमा ! तपाईंको दु:खमा होस्टेमा हैंसे गर्न मैले एघार वर्षको उमेरमा कोदालो, हलो र बाउसोसँग होमिएको थिएँ। दिनभरि स्याखु ओडेर स्यानीकी आमाको बारीमा ११ वर्षको उमेरमै पटुकी कसेर दिनभरि स्याखु ओडेर साउने झरीमा बाउसे बनेको थिँए जहाँ तिमीले कोदो रोपेको हातका डोवहरू भत्केका अझै छैनन् त्यहाँ गोविन्द दाइको घर छ। गोविन्द दाइ भन्दै हुनुहुन्थ्यो यो माटोमा तेरी आमाको वात्सल्य वासना अझै छ। डोकाभरी ढुङ्गा

** श्यामलाल लामिछाने स्व. धनसरीकी माहिला सुपुत्र हुनुहुन्छ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

बोकेर कति पटक तिमी चिप्लिएर लड्यौ । आँगनमा अभावका विष्कुन छरपष्ट हुन नदिन हाम्रो जिन्दगीको खुसी भर्न मृत्युलाई पनि पटक पटक चुट्यौ आमा । आमा अझै संझना छ मट्टिखान हुदै नैखुमा मिठाई र विष्कुट किनिदिएर मैले लिएको स्वाद कम्ता मिठो थियो ! तिम्रो हात समाएर सानो उमेरमा सुरौदी-पौवइगौडे-हुदै आँदीखोला मामाघर, गगनपानी ठूलीआँको घर जादाँका संझनाका पाइलाहरू मोटरबाटोले छोपेको बाहेक अरु छयाङ्गै देखिन्छ।

बहिनी तिली भाइ वसन्त र भगवान बसे है भनेर माझठाना फुपुको घर म, तिमी र स्यानीआँ (भाइ अमरकी आमा) आलुसँग ढीडोको स्वाद साटेका थियौं। बोक्न सक्ने कोदो र आलु थैलामा हालेर स्याङखुदी सम्म पुग्दा आलु, चना र चिउरा खाँदाको स्वाद तिमीले पस्कने ढीडो र मस्याङको तिउन जस्तै मिठो थियो। हामी हुँदा सुँवारी, स्वाँरो, खड्काको विरौटामात्र हैन पल्लागाम र वल्ला गामको बाझौवारीले हामीलाई अहिले पनि सम्झन्छ रे । निवेक आएको खेताला एक वैकुण्ठवास भइछ र अर्को जागिरे छ रे भनेर । कोइरालो वेचेर फर्कदा मूलबनको आँपको रुखको उकालोमा तिम्रा दुइथान मुन्द्री र झुम्कना लुट्न खोज्ने दुष्ट राक्षससँग वाबु वावु ! भन्दै चिच्याएर दौडेको त्यो कहालीलाग्दो क्षणको नमिठो सम्झना अझै छ आमा ! धन्य म दौडदै पुग्दा तिम्रो खुसी संसारैकै उत्कृष्ट खुसी थियो। संकटमा माइलो छोरा भगवानले पठाइ दिएको रहेछ भन्थेउ याद छ नि आमा । झण्डै एक महिना होला कीर्तिपुरको नयाँबजारमा एक कोठा लिएर वीर अस्पतालमा उपचार गराउँदा कुनै दिन पनि आफ्नो पीडामा हाम्रो भलोमा आफ्नो मुस्कान छर्यौ । तिमीले आफ्ना सन्तानको सुन्दर भविष्यको खातिर आगोको पोखरीमा हामफाल्यौ तर आत्थु ऐय्या कहिल्यै भनिनौ भतभती पोल्दा नि अहँ मलाई केही भछैन भन्यौ । सहनशीलताको भण्डार बन्यौ सिर्फ हाम्रै लागि । कहिल्यै कसैको कुभलो चिताइनौ, फगत कसैको कुरा काटिनौ, आफ्नै सानो सन्सारमा रमायौ वरु दुःखका वलिन्द्रा आँसु आफैसँग लुकाएर राख्यौ। जति बाँच्यौ हाम्रो लागि बाच्यौ । सावा अक्षर चिनिनौ होला तर हाम्लाई अक्षर चिनाउन आफै धपधप ज्योति बनेर चम्किरह्यौ । मलाई याद छ । झण्डै एक महिना होला कीर्तिपुरको नयाँबजारमा एक कोठा लिएर विर अस्पतालमा उपचार गराउदा कुनै दिन पनि आफ्नो पीडा आमा बाको अहिले वानी अलि सुध्रेको थियो, पिरमकी आमालाई मैले सताएँकी अनाहकमा दुःख दिएँकी भन्ने भान हुन्थ्यो रे ! भो अब म पनि त्यतै जान्छु भनेर हालसालै बाको यात्रा पनि त्यतै भ कोछ, भेट भ होला। सपनामा ढुंग्रोको तर मुदुसको पैसा त्यो कालेले त झिकेको हैन रहिछ नि । गाली मात्र खाएछ भन्छेउ रे है ? उसिनेको मस्याङ मोहीमा दालमा मिसिदा सजाँय स्वरूप बाले हानेको बाँसको सुम्लाले डामेको ! पछि मलाई कसैको अहित गर्ने नचाहिदो साउती मार्ने स्वभावनै रहेन। अरुको खुसीमा खुसी हुने तर अरुको प्रगतिमा रिस र डाह नगर्ने कुरा वा गर्दननै काटियोस् मैले कसैप्रति वैरभाव राख्दिन आमा! स्वाभाव शैली रसिलो नहोला बाँकी कुरा तिम्रो कसैको कुभलो नगर्ने बानी मार्गदर्शनको रूपमा पछयाइराछु । मेरो लागि तिमीले यसलाई एकसरो लुआ लाउने र भेटभरी खाने होस भनेर भाक्कल गर्यौ । माइलाको एउटा जागिर र एउटी बुहारी देख्न पाए भन्थेउ रे। तिमिले भने जस्तै बुहारी छे पेट पाल्न पुग्ने जागिर पनि छ, मात्र अहिले तिमी छैनौ, आमा ! आमा अहिले पनि तिम्ले जस्तै स्नेह र प्रेरणा दिने दाइ र दिदी पाएकै छु उस्तै दुइभाइ र वहिनीबाट माया पनि । बाँकी बात्सल्यको तिर्खा त तिमीवाट मात्र पुर्ति हुन्छ। असल मान्छे हाम्लाई चाहिन्छ भनेर दैवले तिमीलाई छिटै लग्यो नत्र कति खुसी हुन्थ्यौ होला हइ ! अझै पनि म, माहिली बुहारी नाति नातिनीसँगै बसेर दशैंमा मन फुकाएर बयरनीको चामल मासुको झोल जस्तै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

तिमिलाई स्वादिलो माया दिन मन थियो ती दुःख सम्झदैं अगालो हालेर रुन मन थियो। सपना सपनै रह्यो धोको मनमै रह्यो। मायाको समुन्द्र पोख्न पाएनौं। केही छैन स्नेह दिने र असल अभिभावकत्व दिने आदरणीय दाई दिदी हुनुहुन्छ। हरदम सहयोग गर्ने दुइ प्यारा भाइ बद्री (वसन्त) र भगवान छन अनि प्यारी वैनी तिली। मेरा दुई रहर लाग्दा हुर्केका मुनाहरू छन् तिम्ले स्वर्गबाट वात्सल्यपूर्ण नजरले नियालिरहेकै छौ होला नि आमा !

मात्र छैनौ तिमि, छन् त केवल संझनारुपी फुलका थुँगा जस्तै यादहरू। तिमीलाई बैकुण्ठमा अनन्त सुख, सन्तोष र आनन्द मिलिरहोस् तिम्रो आशीर्वादले हामीलाई खुसी मिलिरहनेछ। अहिलेलाई यत्ति नै। मातृदेवो भवः।

उही माहिलो छोरा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

स्मरणमा मेरी आमा

* तिलमाया अधिकारी लामिछाने

आमा, भन्ने शब्द आफैमा अपार ममता, स्नेह र निस्वार्थ प्रेमको प्रतिक हो। मेरी आमा एउटा व्यक्ति मात्र नभएर जीवनको सर्जक, मार्गदर्शक र प्रेरणाको स्रोत हुनुहुन्छ। आमाको माया संसारको सवैभन्दा पवित्र र गहिरो हुन्छ। जन्माएदेखि पहिलो शिक्षक, साथी र संरक्षकको रूपमा आमालाई नै लिन सकिन्छ र मेरी आमालाई म त्यसरी नै आज पनि सम्झन्छु।

हाम्री आमाका हामी ६ सन्तान मध्ये २ छोरी र ४ छोरा छौं। म आमाकी कान्छी छोरी र सवै सन्तानहरू मध्ये चौंथो सन्तान हुं। आमाको सम्झना र स्मरण गरी वाक्यहरू कोर्दा कयौं कापिका पानाहरू भरिन्छन्। हाम्री आमा प्रत्येक दिन बिहान ३ बजे देखि उठ्नु हुन्थ्यो। टाढाको पधेंरो थियो। करिव १ किलोमिटर टाढा कहिले मगरपानी, कहिले गन्नेको खोलो, कहिलेकाँही कमेरेपानी, कहिले च्यालेको धारापानी भन्ने स्थानमा रहेका पधेंरोबाट पानी बोक्नु हुन्थ्यो। हामी विहान उठ्दा आमाले घरको सबै काम सकेर खाना पनि पकाइसक्नु हुन्थ्यो। प्रत्येक दिन आफैले अति दुःख गरेर यति काम गर्ने आमाले हामीलाई कहिल्यै काम गरेनौ भनेर गाली गर्नुभएन र भन्नुभएन। जति दुःख भए पनि आफै गर्ने तर सन्तानलाई कहिल्यै दुःख नहोस् भनी सोच्ने मेरी आमाले, पानी बोक्ने तामाको ठुलो गाग्री थियो। म पनि आमाकै पटुका बाँधेर सँगसँगै पानी लिन जान्थैं। पानी-पधेंरो, ढिकी–जाँतो, घाँस-दाउरा, खेती - पाती लगायतको सबै काम गर्नु पर्ने मेरी आमाले थकाइको महसुस कहिल्यै गर्नुहुदैनथ्यो। मलाई पनि पढ्न भन्दा काम गर्न सजिलो हुदोरैछ भनेर आमासित पछिपछि लागेर सँगसँगै जान्थे।

आज, आमा हाम्रो माझमा हुनुहुन्न। आमाका काम गर्ने साथीहरू (आमाहरू र भाउजुहरू) सित आमाको कुरा गर्दा उहाँहरूबाट सँगै काम गर्दा गरेका दुःखका कुरा सुन्दा आँखाबाट आँसु खसेको पत्तै हुँदैन। हामीले खाना खाएपछि मात्र आफूले बाँकी रहेको मात्र खाने र अघाउने आमाले बनाएको खाना मकैको भात र ढिंडो, घरमा नै उब्जनी गरेको पिंडालु मिसाएको गाभाको तरकारी निकै मिठो मानेर खान्थ्यौ। त्यतिवेलाको खाना गाउँको अर्गानिक र स्वास्थ्यवर्धक हुन्थ्यो। अहिले त्यो कहाँ पाउने झन आमाले उब्जाएको र पकाएको स्वादै अर्कै। पहिला अहिलेको जस्तो बजारको खाजा हुन्थेन। आमाले हामी स्कुलबाट घर आउँदा सधैजसो घरै बनाएर भुटेको मकै, कोदोको रोटी बनाएर राखीदिनु हुन्थ्यो। आमाले बनाएको अनदीको सिरौला दूधमा भिजाएर खादा त्यो स्वाद अहिले पनि याद आँउछ। अहिले पिज्जा, बर्गर, मःम चाउमिन वा पाँचतारे होटलमा सर्वश्रेष्ठ कहलिएका सेफले तयार पारेका वा अन्य कुनै बजारिया खानाको के तुलना गर्न सकिन्छ होला र ! गाउँको अर्गानिक खाना त्यसमाथि आमाले बनाएको

* *तिलमाया अधिकारी लामिछाने स्व. धनसरीका कान्छी सुपुत्री हुनुहुन्छ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

छुट्टै स्वाद र मिठास हुन्थ्यो।

आमासँगै जुनेली रातमा कोदोको नल काटेको याद छ मलाई। ढुङ्गा माटोले बनेको हाम्रो सानो घर टिनको छानो र साँघुरो भए पनि रमाइलो थियो। अझ भनौं, हामीलाई बंगला नै थियो। पैसाको चहल पहल नभएपनि छरछिमेकी एक आपसमा मेलमिलाप हुन्थ्यो। छरछिमेकमा ऐंचो-पैंचो बेस्सरी चल्थ्यो। चोर्नु, ढाट्नु जस्ता गलत काम गर्नुहुदैन भनेर सिकाउने मेरी आमा कसैसँग कहिल्यै झगडा गर्नु हुन्नथ्यो।

आमा एक दिन मामा घर जाँदा पनि आत्तिने म, आज आमा हामी माझ हुनुहुन्न यस्तो अवस्थामा आमालाई सम्झेर कति बिछिप्त भएर बसेकी छु, त्यो कि मलाई थाहा छ, कि इश्वरलाई। आमाले आफ्नो परिवारलाई दिएको माया र स्नेहले एकता र भाइचारा सिकाएको छ। आमा मेरो लागि अमूल्य रत्न हुनुहुन्थ्यो र आज पनि उहाँलाई उत्तिकै माया, सम्झना र सम्मान गर्दछु। आमाले आफ्ना सन्तानको लागि आधा पेट खाएर आफ्नो सम्पूर्ण जीवन समर्पित गर्नुभयो। आमाको आँसु, हाँसो र मायाले नै हामीलाई जीवनका कठिन परिस्थितिसँग लड्न उत्साहित गरेको छ। आमा बिनाको घरको खुसी अपुरो र अधुरो हुने रैछ। हो आज पनि मलाई कता कता के नपुगेको, के नभएको अपुरो र अधुरो लागिरहेको छ।

आमाकी कान्छी छोरी
तिलमाया

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अहिले आमालाई सम्झँदा

* बद्रीनाथ (बसन्त) लामिछाने

आमा भन्ने शब्दनै अदभुत शब्द हो त्यसैले होला भनिएको मातृ देवो भव: । जसले हामीलाई यस धर्तिमा जन्म दिनु भएको थियो वहाँलाई हामी आमा भनेर सम्वोधन गर्दछौं । संसारका हरेक प्राणीले जस्तै मैले पनि मलाई जन्मदिने मेरी आमा धनसरी (माईली -गांउमा अरुले भन्ने शव्द) को सम्झना तथा स्मरण गर्दा आमाको याद र मायाले भाव विह्वल हुन पुग्दछु । हरेकका आमा संसारमा सवैभन्दा महान हुन्छन् । आमाकै कारण मैले यस संसारमा जन्म लिने, देख्ने र भोग्ने अवसर पाएको छु । मलाई आमाको मात्रै हैन बा को माया, ममता तथा जिम्मेवारी समेत आमावाटै प्राप्त गरेको हुनाले मेरी आमा आमा मात्रै हैनन् मेरा बा पनि हुन । जसले म सहित अन्य सन्तानका लागि आफ्ना ईच्छा चाहना दबाईन् कहिल्यै आराम गरिनन् । शारीरिक रूपमा दु:ख, कष्ट साथै आर्थिक अभाव हुँदाहुँदै पनि घरको सवै काम एक्लै गरिन् तर खानेवेलामा भने हाम्रो पेट भरेपछि सेलाएको ढिंडो र वाँकी रहेको भात कोतरेर खाइन् । बात्सल्यताले पूर्ण यस्ती महान् आमालाई गुमाएको पनि तीन दशक हुन लाग्यो तर आमाको याद र माया दिमागमा संधै ताजै भएर आउने गर्दछ । म सानै हुंदा आमा विरामी भै स्वर्गवास भएको हुनाले आमाको सेवा गर्ने अवसर पाउन सकिन अहिले भएको भए सायद धेरै माया ममताका साथ स्याहार-सुसार गर्थें होला । त्यो इच्छा मेरो सपनामै सीमित हुन पुग्यो । अब मैले जति प्रयास प्राथना गरे पनि आमालाई भौतिक रूपमा पाउन सम्भव छैन तर आमाको आदर्श जीवन अनुकरण गर्दै मेरो जीवनलाई सार्थक बनाउन पर्यत्न गर्दछु र आमासंगका यादहरूलाई स्मरण गर्दै आमाप्रति श्रद्धाभाव व्यक्त गर्ने गर्दछु । हरेक सन्तान र आमासँगका क्षणहरू सम्झनयोग्य हुने गर्दछन् तर मैले जन्मेर बुझ्ने बेला देखि हाम्री आमाको जीवनसम्म भोगेका स्मरण गर्न लायक घटनाक्रमलाई आमाको स्मरणमा प्रकाशित यस पुस्तकमार्फत् सम्झने प्रयास गरेको छु ।

हामी विहान घाम लागिसके पछि उठेका हुन्थ्यौ तर आमा कति बेला उठेर हो पँधेराको कुरुवा पानी ल्याइसकेर गोठको गोवर फालेर घर लिपपोत गरेर घाँस काटिसकेर खाना समेत तयार पारिसक्थिन् । त्यतिवेला कुनै सामान्य कुरा लागे पनि अहिले सम्झदा अचम्मै लाग्दछ । हामी ढिंडो र भात जति पुग्छ त्यति खाएर स्कुल जान्थ्यौ (यस भन्दा अगाडिका कुराहरू त्यति याद हुन सकेनन्) स्कुलबट घर फर्कदा फेरि मकै, कोदा़को रोटो, उसिनेको पिंडालु, त्यस्तै खाजा तयार हुन्थ्यो । आमा त्यतिवेला काममा गएर होस वा खाजा खाने समयमा मिलाएर होस् हाम्रो लागि खाजा तयार पारेर राखिदिन्थिन् । वेलुकाको खाना खाएर हामी त उज्यालैमा सुत्ने आमा त कतिखेर हो रातको १०/११ वजे हामीलाई के थाहा हुनु र ? यी दैनिक दिनचर्या हुन हामी र हाम्री आमाका । पितृसत्तात्मक समाजको झल्को हाम्रो घरमा पनि राम्रै थियो बाले खासै काम नगर्ने छोरा छोरीको त्यति ख्याल नगर्ने तर आमाले आफ्नो सम्पूर्ण जीवन आमा

** बद्रीनाथ (वसन्त) लामिछाने स्व. धनसरीका साइला सुपुत्र हुनुहुन्छ ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

मात्रै हैन बा पनि वनेर निभाइन् हामीलाई शिक्षा, स्वास्थ्य लगायतका सवै विषयमा आमाको योगदान अतुलनीय छ। हामी आर्थिक रूपमा कमजोर नै थियौं त्यसैले घरको आर्थिक क्षेत्र दाउरा, कोइरालो, साग, पाकेका केरा, निउरो, कटुस, काँक्रोको विक्री आदिले धानेको थियो। कुनै नयाँ कुराको आवश्यकता पूरा गर्न यिनै कृषि उत्पादनको विक्री गर्ने समय कुर्नु पर्थ्यो तर पनि आमाले हरेक समय हामीलाई सवै चुनौतिको सामान गरेरै भएपनि हाम्रा आवश्यकता र चाहना पूरा गरिन्। आमाले सायद आँफुले पेटभरि खाएको मलाई याद छैन प्राय कसौंडी खालि हुन्थ्यो। सेलाएको ढिंडो र बा ले छाडेको अलिकति भातले आधा पेट खाएर सन्तानका चाहना र आवश्यकता पूरा गर्ने मेरी आमा जस्तो आमा सायद यो संसारमा कमै होलान्। आफ्नो जीवन जति कस्टसाध्य भए पनि हाम्री आमाले सन्तानको लागि अर्थात् हाम्रो लागि जुन त्याग गरिन् त्यो सम्झदा अहिले दुःखभन्दा महान आमाको सन्तान हुन पाएकोमा गर्व लाग्दछ।

आमाले गरेको दु: ख देख्दा लाग्थ्यो म पनि भोली ठुलो मान्छे वन्न पाए धनि मान्छे बन्न पाए आमालाई खुसि वनाएर पाल्ने थिएँ। तर दुर्भाग्य मैले आयआर्जन गर्ने समय नआउँदै आमा यो संसारवाट विदा भएर गइन। यो सपना पनि अधुरै रह्यो।

आमा तिमिले मलाई जन्मायौ, हुर्कायौ, बढायौ र पढायौ, जसका कारण मैले जो शिक्षा र संस्कार पाएँ, ती सबै आजको मेरो जीवनको आधार बनेका छन् जे जति गरेको छु त्यो सबै आमाको योगदान र आशीर्वादका कारणले नै भएको हो। आमाको वारेमा जति लेखे पनि त्यो कहिल्यै पूरा हुँदैन। जन्मेपछि मर्ने कुरा प्राकृतिक भएता पनि अत्पायुमै भएको मृत्युलाई सहज रूपमा लिन नसकिदो रहेछ। आमाको स्मृतिमा प्रकाशन हुन लागेको यस पुस्तकमार्फत् आमालाई स्मरण मात्रै गर्न खोजेको हुँ।

पुस्तक प्रकाशनको सोच वनाई सम्पूर्ण व्यवस्थापन गर्नुहुने आदरणीय ठुलो दाइ प्रेमलाल लामिछाने जसले हामीलाई आमाको देहवसान पश्चात पनि बा आमाकै भूमिका सहित हामीलाई माया, ममता र स्नेह मार्फत् यो स्थानमा आउन अतुलनीय योगदान गर्नु भएको छ। उहाँप्रति पनि हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्न चाहन्छु।

अन्तमा मृत्युपश्चात जान मिल्ने वा जाने ठाउँ कुनै छ भने त्यो मध्येको सबैभन्दा उत्कृष्ट स्थानमा आमाको बास होस् भन्ने काममा गर्दै आमाप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दछु।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आमा अनि मेरी आमा

*भगवान लामिछाने

आमा भन्ने शब्द एउटा छुट्टै मिठास बोकेको शब्द हो । जुन संसारका अन्य कुनै पनि शब्दमा भेटाउन सकिदैन । यस शब्दले जीवनको अर्थ बोकेको हुन्छ । जसमा हामी संसारै भेटाउँदछौं । यो शब्द जहाँ कहीँ म सुन्दछु, मेरो मनामा अनगिन्ती सम्झना र भावनाहरू उठ्छन्, मुटु चस्किएर आउँछ । आमाले हामीलाई टुहुरो बनाएर जानु भएको दिन सम्झन्छु अनि आँखाहरू रसाएर नदी बन्न थाल्छन् ।

जब, म विहान निदाइरहेको हुन्थेँ आमाले भान्सामा पकाएको खानाको बास्नाले बिउँझिन्थे । ओइ कान्छा उठ् घाम लाइसके, खाना खाएर स्कुल जाने बेला भो भन्दै उठाउनु भएको झल्झल्ती याद गरिरहेको छु । आमाले आफ्नै सुख बिर्सेर, आफ्नै रहरहरू चटक्क छोडेर सम्पूर्ण समय र ध्यान जति हामीलाई दिएर पालन पोषण गराउनु, हुर्काउनु र शिक्षा - दिक्षा दिनुपर्ने कुरामा समय बिताउनुभयो । कहिलेकाँही हामी चकचके भएर खेल्दा गाली गर्नु भए पनि लडेर घाउचोट लागेर रुँदा काखमा लिई फुलाउनु हुन्थ्यो । धेरै रोएको देखेर असह्य हुँदा यसलाई किन चोट लागेको होला । बरु मलाई नै चोट लागेको भए पनि हुने, मलाई नै दुखेको भए पनि हुने भनेर भन्नु हुन्थ्यो, अश्रु झार्नुहुन्थ्यो । आमाको माया संसारको कुनै पनि विषयसँग अतुलनीय हुने गर्दछ । आमाको ९ महिना गर्भमा रहदाँहोस् वा गर्भबाट निस्केर यस धर्तिमा जन्म लिएपछि नै किन नहोस् आमाले मेरो लागि गरेको दुःख, कष्ट कति भए होलान् आज आएर सम्झदा समेत मन कटक्क खाएर आउँछ ।

आज म जहाँ छु, जे छु त्यो सबै आमाको देनको कारणले हो । आमाको आशीर्वाद र मार्गदर्शनको कारणले हो । त्यसैले मेरो आमा मेरो जीवनको आधार हुनुहुन्छ ।

आमाको त्याग, माया र समर्पणलाई शब्दहरूमा जति बयान गरे पनि पूरा हुदैनन् । यो त केबल एउटा दुःसाहस मात्र हो । आमाको त्यागको कथा अन्तहीन छ । उहाँले आफ्नो सुखको बारेमा कहिले सोच्नुभएन मेरो र सम्पूर्ण परिवारको भलाईलाई प्राथमिकता दिनुभयो । जीवनका मूल्यहरू सिकाउनु भयो । इमान्दार हुन सिकाउनु भयो । कठिन परिस्थितिमा पनि डटेर खडा हुन सिकाउनु भयो । उहाँको संघर्ष र सफलताका कथा मेरो जीवनको सवैभन्दा महत्वपूर्ण प्रेरणाको स्रोत हो ।

आज आमा हाम्रो माझ हुनुहुन्न । तर पनि उहाँको माया, ममता सम्झना आमा यतै कतै कान्छा भन्दै बोलाइरहनु भएको छ जस्तो भान हुन्छ । उहाँले आफ्नो लागि धेरै दुःख कष्ट बेहोर्नुभयो । तर उहाँको लागि मैले केही गर्न सकिनँ

** भगवान लामिछाने स्व. धनसरीका कान्छा सुपुत्र हुनुहुन्छ ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अफसोच लागिरहेको छ। आमा स्वर्गेवास हुने बेलामा म स्कुल पढ्दै गरेको नाबालक नै थिए। यसो सोच्छु आफैंभित्र गम्छु आज आमा भएको भए कति रमाइलो हुन्थ्यो होला। आमाको मायालु बचनबाट जीवनका सिकाइ र भोगाइका बारेमा अझ कती ज्ञान लिन सकिन्थ्यो होला। जसले गर्दा मेरो जीवन अझ कति परिष्कृत र पूर्ण हुन्थ्यो होला। आमा वृद्धावस्थामा रहँदा आमालाई स्याहार सुसार गर्न पाए यो मन कति प्रफुल्लित हुन्थ्यो होला। प्रत्येक दशैं आउँदा आमाले लगाइदिनुभएको रातो टिका, जमरा र आशीर्वाद सम्झन्छु। दशै तिहार लगायतका चाडपर्वमा आमाको सम्झना र न्यास्रो केही मात्रामा भए पनि बाबाट पूरा हुने गरेका थिए अवतः त्यो पनि नहुने भयो आमालाई गुमाएको २९ औं वर्षमा बालाई पनि गुमाउन पुगिएको छ। अब आमाबाट प्राप्त हुने माया, ममता, आशीर्वाद एवं जीवनका असल सिकाइहरू कहाँ कसरी पूरा गर्न सकिन्छ र यी कहिल्यै पूरा हुन नसक्ने कोरा कल्पना मात्र भएका छन्।

आज आमाको अनुपस्थितिमा केवल उहाँको सम्झना मात्र मानसपटलमा रहेको छ। उहाँको माया म सधैं महशुस गरिरहेको छु। उहाँको सम्झनाले मलाई बल र साहस दिइरहेको छ। कुनै पनि समस्याहरू आउँदा म आमालाई सम्झन्छु, आमाको माया सम्झन्छु, आमाको सल्लाह, सुझाव, मार्गदर्शन र आशीर्वाद सम्झन्छु। उहाँले नै देखाउनुभएको बाटोमा अगाडि बढ्न प्रेरित हुन्छु।

आमाको सम्झना मात्र ताजै भएर के गर्नु आज आमाले हामी सवैलाई यस धर्तीमा छोडेर जानु भएको पनि २(वर्ष भइसकेछ। आमा तपाईँ जहाँ हुनुहुन्छ शान्तिसँग रहन पाउनुहोला। कतै यस धर्तीमा ईश्वर रहेका छन् भने ईश्वरसँग प्राथना गर्दछु। मेरी अमाको परम्पद सुखद भइरहोस् प्रभु ! आमा तपाईँलाई म सधै सम्झिरहन्छु, माया गरिरहन्छु। हजुरको सधैं ऋणी रहिरहनेछु। हजुरको भगवत्धाममा त्याग र समर्पणको लागि सदा नमन गर्दछु एवं भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछु संसारमा सापटी लिन नमिल्ने, खरिद गर्न नमिल्ने, साटफेर गर्न नमिल्ने आमालाई एउटा शब्द "आमा-आमा" भनेर पुनःपुनः सदैव संवोधन गरिरहन्छु।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आमा ! तपाईँ नभएको संसार

*दुर्गा अधिकारी लामिछाने

आमा, म तपाईँकी जेठी छोरी दुर्गी, म आफ्नो मनमा सञ्चित पीडा, माया, अनि सम्झनाहरूलाई शब्दमा उतार्दै छु । म आफै लेख्न सक्दिन किनकी मलाई पढ्न-लेख्न आउदैन । तर आज तपाईँकी कान्छी नातिनीको सहयोगमा मेरो मनको भावना तपाईँलाई अर्पण गर्दैछु ।

आमा, तपाईँलाई गुमाएको धेरै वर्ष भइसक्यो । तर त्यो क्षणको पीडा आज पनि उस्तै छ । जीवनले धेरै मोड पार गर्यो, धेरै संघर्षहरू उतारचढावहरू आए, सुख-दुःखका दिनहरू आए गए तर जति नै समय बिते पनि तपाईँको अभाव कहिल्यै कम भएन बरु उमेरसँगै झन गहिरिदै गयो ।

जब तपाईँ जानुभयो, म चौथो पटक आमा बन्दै थिए । शरीरले सन्तानको भार त बोक्यो तर मनभरी लागेको शोक कसरी सहन सक्थेँ र ! आमा। त्यो बेलाको पीडा शब्दमा बयान गर्नै सक्दिन । एकातिर आफ्ना सन्तानको पोषण गर्नुपर्ने अर्को जन्म दिनुपर्ने, अर्कोतिर आफ्नै जन्म दिने आमा गुमाउनु पर्ने अवस्था रहेको यस्तो पीडा कसैलाई नपरोस् ।

बिहे पछि जीवन सजिलो भएन, धेरै संघर्ष गर्नुपर्यो । सन्तान हुर्काउने जिम्मेवारी, घर परिवार सम्हाल्ने चटारो, कहिलेकाहीँ आफैलाई पनि बिर्सें तर जीवनका हरेक कठिन मोडमा तपाईँको अभाव झन धेरै महसुस भयो । सुखका क्षणहरूमा लाग्थ्यो “आमा, तपाईँ हुनुहुन्थ्यो भने म तपाईँलाई कति खुसी साथ बाँड्थे होला” अनि दुःखका क्षणमा लाग्थ्यो “आमा तपाईँ हुनुहुन्थ्यो भने मेरो पीडा तपाईँलाई सुनाउँथे, तपाईँको अँगालोमा लुकेर रुन्थे । “

बुबा हुनुहुन्थ्यो, उहाँले तपाईँको अभाव मेटाउने धेरै प्रयास गर्नुभयो । उहाँकै माया र आशीर्वादले जीवनका धेरै कठिन बाटाहरू पार गर्दै थियौँ तर अहिले उहाँ पनि हुनुहुन्न । माइतीघर उस्तै छ । दाजु-भाइ बहिनी भाउजु बुहारी सबैले माया गर्नुभएको छ । कहिल्यै कुनै कुराको कमी हुन दिनुभएको छैन तर आमा, आमा भनेको त आमा नै हुनुहुन्छ । आमाको अभावको परिपूर्ति कसैबाट पनि मेटिदो रहेनछ ।

जति नै माया पाए पनि, जब दुःख पर्दोरहेछ, जब मन भारी हुँदोरहेछ, जब एक्लै बसेर आँसु झर्छ, त्यो बेला तपाईँको याद झन तीव्र हुँदोरहेछ । लाग्छ, यदि तपाईँ हुनुहुन्थ्यो भने तपाईँलाई नै सबै दुःख खोल्थे, तपाईँको काखमा

** दुर्गा अधिकारी लामिछाने स्व. धनसरीकी ज्येष्ठ सुपुत्री हुनुहुन्छ ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

लुकेर रुन्थे।

अब त नाति नातिनीहरू पनि ठुला भइसके। कहिलकाँही उनीहरूले तपाईंको बारेमा सोध्छन्, तपाईंका सम्झनामा रमाउँछन्। उनीहरू सबैले तपाईँलाई देख्न पाएनन् तर तपाईंका कथा सुनेर तपाईंको माया महसुस गर्छन् गर्व गर्छन्। आमा, यदि पुनर्जन्म भन्ने कुरा साँच्चै छ भने, अर्को जुनीमा पनि म त्यही कोखबाट जन्म लिन चाहन्छु। फेरि पनि यिनै दाजु-भाइ पाउँ, फेरि पनि यही परिवारमा जन्मन पाऊँ। तपाईँले दिएको संस्कार, तपाईँले देखाएको बाटोले नै आज मेरो दाजु-भाइलाई संसारमा चिनिएको छ। जताततै उहाँहरूलाई मान-सम्मान गर्नेहरू छन्। उहाँहरूलाई चिनेको भनेर गर्व गर्नेहरू छन्। तपाईँ जहाँ हुनुहुन्छ, मेरा दाजु-भाइलाई सधै आर्शिवाद दिनुहोस्। उहाँलाई कहिल्यै कुनै दुःख नपरोस्। कहिल्यै कुनै चोट नलागोस् र सधै राम्रै राम्रो मात्रै होस्। मैले तपाईँलाई धेरै सम्झिरहेकी छु आमा, सधैभरी सम्झिरहने छु तपाईंको सधैं बैकुण्ठ बासहोस्।

तपाईंकी जेठी छोरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सासुआमाको सम्झना

*राधिका लामिछाने

बिक्रम सम्बत् २०४३ साल फागुन १३ गते निर्मल पोखरी साम्मीमा मेरो विवाह भयो। मेरो जन्म कास्की माझठाना ओख्लेमा भएको भए पनि समथर सिसुवा बजारमा हुर्के बढेकिले उकालो ओरालो र घासदाउरा खासै गर्न परेन। त्यसैले बिहा पछि साम्मीको पाखोमा कति दु:ख पाइने हो ? सासु कस्ति स्वभावकी हुनुहुन्छ होला ? कति वुहार्तन खेप्नु पर्ने हो आदि आदि मनमा कुराहरू खेल्ने नै भए ।जे भए पनि बिहा पछि घरकी जेठी बुहारीको रूपमा म कर्मघरमा प्रवेश गरें। लामिछाने गाउँस्थित हाम्रो घर पुरानो शैलीको घुमाउने घर थियो ।परिवार संख्या हेरी घर साघुँरो जस्तो देखिए पनि मिलिजुली बस्दा साँघुरो तथा दु:ख कहिल्यै महसुस भएन ।सुखदु:ख त भौतिक सुविधाले भन्दा पनि आफ्नो मनले अनुभूति हुने हो ।मेरो श्रीमान् का चार दाजु भाइ दुइ दिदी बहिनी मध्ये ठूली नानीको विबाह भइसकेको रहेछ। मैले अनुमान गरे भन्दा विपरित सासु आमा साह्रै असल, सरल र दयालु हुनुहुँदो रहेछ ।घरमा म उठ्दा नउठ्दै कति काम त आमाले विहानै भ्याइसक्नु हुन्थ्यो ।कहिलेकाही विहान उठ्न अलि ढिलो भए पनि किन ढिलो उठ्यौ यो गर वा त्यो गर कहिल्यै भन्नु भएन अरू व्यबहारमा पनि वहाँ कहिल्यै रिसाएको ठुस्किएको पाइन।मैले घरको काम आफ्नै विवेकले देखेर वा सासु आमाको परामर्शमा गरें ।म पनि माइतमा ठूलो परिवारमै हुर्केकी भएर होला कर्मघरमा ठूलो परिवार भए पनि कहिल्यै बोझ होइन बरू रमाइलो लाग्थ्यो ।देवर बावुहरू तथा नन्द नानी तिलीलाइ पनि सरल, ज्ञानी, अनुशासित तथा सहयोगी पाए। वल्तिर पल्तिरका सासुहरू देउरानी/जेठानीहरू पनि मलाइ मिलनसार नै लाग्थ्यो।

एक वर्ष हुँदा नहुँदा मेरी ठूली छोरी बिद्या जन्मिन् ।अर्को वर्षमा माइली छोरी बिनिताको पनि जन्म भयो ।त्यहि साल श्रीमान को पनि काठमाडौंबाट पोखरा सरुवा भयो मेरो पनि पोखरामा पर्स्याङ स्थित अमरज्योति वोर्डिङ स्कूलमा सानो जागिर पाइने भयो ।घरमा देवर बावुहरू तथा तिली नानी पनि हुर्कदैं जानु भएकोले घरमा काम गर्ने जनशक्तिको खासै अभाव थिएन त्यसैले दुइटी साना छोरी लिएर म पोखरामा झरें। स्कूलको जागिर थियो ।चाडपर्व तथा कहिलेकाही शुक्रबार गाउँ घरमा जान्थ्यौं घरमा ठीकै थियो ।आमा मेहनती तथा निरोगी हुनुहुन्थ्यो ।घरको बारेमा धेरै चिन्ता लिनु पर्ने थिएन।

२०४९ साल तिर होला जस्तो लाग्छ सासु आमालाइ एकाएक विसञ्चो भयो। सुरूमा तत्कालिन गण्डकी

---

* राधिका लामिछाने स्व. धनसरीकी जेठी बुहारी हुनुहुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अस्पतालमा प्रारम्भिक उपचार गरियो। वायोप्सी गर्दा आमालाइ मलासयमा क्यान्सर देखियो ।उपचार गर्दा पोखरामा सँगै बस्यौं ।त्यतिखेर आमाको सेवा गर्न पाएँ ।पछि काठमाडौंमा आमाको रेडियोथेरापी गरे पछि घाउ अलि सुकेर होला आमालाइ केहि राम्रो हुँदै आए जस्तो देखियो अनि कहिले पोखरा कहिले घरमा जाने आउँने भइरहन्थ्यो ।वहालाइ फेरी अलि गाह्रो भए जस्तो भए पछि काठमाडौं वीर अस्पतालमा घाउको अप्रेशन भयो। अप्रेशन गरे लगत्तै केहि दिन पोखरामै बस्नु भयो। स्वास्थ्य अलि राम्रो भए पछि साम्मी घरमा जानु भयो ।आमाको स्वास्थ्यको कारणले प्राय शुक्रबार हामी पनि गाउँमा गइरहन्थ्यौं ।तर आमाको स्वास्थ्य अवस्थामा खासै सुधार भएन अन्तत २०५३ साल बैशाख १० गते वहाँले सदाको लागि हामीलाइ छोडेर जानु भयो।

संसारमा सबैभन्दा ठूली आमा हुन ।आमालाइ देवता भन्दा पनि ठूली मानिन्छ ।आमाबाट पाइने माया बराबर अरू कसैबाट पाइदैन ।हाम्रो हिन्दु संस्कारमा एउटी छोरीको भूमिका छोरी मात्र नभएर बुहारी, आमा, सासुआमा, हजुरआमा समेत हुन्छ ।मैले आमा भन्दा जन्म दिने आमा र सासु आमालाइ सम्झन्छु। अरूले समाजमा भने जस्तो मैले जन्म दिने र कर्म दिने आमा अर्थात सासुआमाबाट भएको माया र व्यबहारमा फरक पाइन ।सासु आमाले पनि सिसुवाकी जन्म दिने आमाले जत्तिकै माया र ख्याल गर्नु हुन्थ्यो। भनिन्छ धेरै असल मान्छेलाइ भगवानले रूचाएर होला छिटै स्वर्गमा लैजान्छन्। हाम्री सासु आमाको पनि त्यस्तै भयो ।आमासँग सँगै काम गर्दाका दुःखसुख, सँगै पानीपँधेरो, मेलापात गरेका अनुभवहरू अव स्मृतिमा मात्र रहे ।आमा हजुरको आशिर्वादले हामीलाइ यहाँ ठीकै छ। हजुरको आत्मालाइ शान्ति मिलोस् हजुरको निरन्तर स्वर्गमा बास भइरहोस् यहि कामना गर्दछु।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सासु आमाका नाममा केही कुरा

***गंगा लामिछाने**

वि.स.२०५५ वैशाख २८ गते निर्मल पोखरी गाविस वडा नं २ निवासी श्यामलाल लामिछाने सँग अप्रत्यासित रूपमा विवाह बन्धनमा बाधिएँ। विवाहपश्चात घर पोखराको कुन ठाउँमा हो ? परिवारका सदस्य को को हुनुहुन्छ ? सासु, ससुरा, जेठाजु, जेठानी, नन्द, अमाजू, देउरानी, देवर र अन्य सदस्यको वारेमा केही जानकारी नै थिएन। बुझ्दै जादा ससुरा वा हुनुहुदो रहेछ। सासु आमा हुनुहुदोरहेनछ। मेरो विवाहमा जाने जेठाजु दाइ हुनुहुँदो रहेछ। जेठानी दिदी दुई देवरहरू घरमा हुनुहुँदो रहेछ। नन्द आमाजूको विवाह भैसकेको रहेछ। जेठाजुका ४ नानी र एक बाबु भएको थाहा पाएँ। दिदी वहिनीहरूको विवाह भैइसकेको रहेछ। सवैको जिज्ञासा हुन्छ सासुको बारेमा सासु वितिसक्नु भएको रहेछ।

विवाह गर्दा घरकता हो भन्ने पनि थाह थिएन। विवाह भएको केही समयपश्चात घर गएँ। घरजाँदा त सबै रतेउली खेल्न तयारी गरिरहेका रहेछन्। श्रीमानको जागिर स्याङ्जा फेदीखोला थियो। मेरा बाबु नानी जन्मिसकेमा थिए। ससुरा वा एक्लै घरमा हुनुहुन्थ्यो ससुरा बाको पनि हेरचाह हुने विवाह गरेको घर पनि बस्ने भएकाले श्रीमानको जागिर मनाङको नार भन्ने ठाँउमा सरुवा भएपछि म २०६१ सालबाट नियमित रूपमा साम्मीको घर बसेँ। बल्ल छिमेकीहरू सँग मेरो राम्रो चिनजान भयो लाउरेनी ठुली सासुआमा र लाकुरबोटे ठूली सासुआमाबाट आमाको बारेमा जानकारी भएको थियो। आमा २०५३ साल वैशाख १० गते चौथी तिथिमा बित्नु भएको रहेछ। हामी दुवै स्याङ्जाली छोरी रहिछौ। उहाँहरूले भन्नु हुन्थ्यो। तिम्री सासुले रात दिन नभनी काम गर्थी, हामी बिहान उठ्दा त उसले सवै काम भ्याइसकेकी हुन्थी। सासुकै जोडवलले छोरा छोरी पढ्न लेख्नन सकेका हुन। बा को बानी त अहिले जस्तो छ त्यस्तै थियो। ओल्लो गिरी गाउँ र पल्लो गिरी गाउँका आमाहरूले पनि हामीसँगै मेलापात घाँस दाउरा गर्थ्यौं। कसैको कुभलो नचिताउने। अरुको कुरा नकाट्ने अरुको विगार नगर्ने वानी थियो। तिमीले त्यस्ती सासु वेर्होन नलेखेको रहिछ भन्नहुन्थ्यो। यत्रा नाती नातिना देख्न पाएको भए कस्तो हुँदो हो भन्थे उहाँले माइलो छोराको अलि चिन्ता मानेको पाएँ। म बिरामी हुँदा स्याहार-सुसार गु मुत त्यसैले सोर्होथ्यो। ठुलो बाबुले उपचार बाँकी काम माइला गर्‍यो। यसको जागिर र विवाह भएको हेर्न पाए हुन्थ्यो भनेर अरु गाउँका आमा दिदीहरूलाई सुनाएको पाएँ।

** गंगा लामिछाने स्व. धनसरीकी माइली बुहारी हुनुहुन्छ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सवै कुरा बुझी ल्याउँदा उहाँ उमेरका हिसावले यति चाडो यस संसारबाट बिदा लिन वेला भएको थिएन भन्ने लागिरहन्छ तर परमात्माको इच्छा अनौठो रहन्छ। तथापि अहिले घर जाँदा होस् अथवा हामी बसिराखेको ठाँउमा होस् उहाँसँगै रहन पाएको भए भए भन्ने मनमा लागिरहन्छ। अझ भाग्यशाली हुने चाहनाले मन घोत्लीरहन्छ। मेरी माइती तिरकी आमा पनि मेरो विवाह अगाडि नै स्वर्गवास भइसकेको हुंदा मेरो नानी र बाबु जन्मँदा र घरमा रहनुभएका एक्ला बासँग रहँदा छोरी तीन वर्षको बाबु एक वर्षको हुँदा मलाई फुकुओकामा छोरीलाई पुऱ्याउँदाको कष्ट हुँदाका बखत झल्झली सम्झिन्थेँ। आमा भइदिएको भए एकैछिन बाबुलाई हेर्नु म नानीलाई स्कुल पुऱ्याउन पाउने थिएँ कि भन्ने पाउँथे। दैवको लिला हामीले चाहेर पनि कति कुरा हाम्रो नियन्त्रणमा रहँदैन। अहिले भन्न मन लाग्यो मिल्ने भए भगवानसँग अर्को जुनीमा सँगै सासु आमा रहने मौका मिलोस् भनी प्रार्थना गर्दछु।

भेट हुन नपाएकी

माइली बुहारी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सासुआमाको अभाव

*गायत्री अधिकारी लामिछाने

बिक्रम सम्बत २०६३ सालको माघ महिनामा कास्की जिल्लाको निर्मल पोखरी निवासी स्व.श्री शिवलाल लामिछाने र स्व. श्री धनसरी लामिछानेकी साहिँली बुहारीको रूपमा यो घरमा पस्न आइपुगें। सासु आमा स्वर्गे भइसकेको अवस्थामा परम्परादेखि चलिआएको साँस्कृतिक पक्षको निर्बाह गर्न गाह्रो हुँदो रहेछ। नयाँ बुहारीलाई हात समाएर भित्र पसाल्ने चलन विवाह पद्धति भन्दा पनि सँस्कृति निर्देशित कार्य हुँदा रहेछन्। सासु आमाको हातको औंली समाई मझेरीमा लस्कर‍ै धानका थुप्रा माथि बालिएका बत्ति कुल्चँदै जिउँतीमुनि बसाल्न पुऱ्याउने काम अमाजु दिदीले गर्नु भएको थियो। यो काम त सासु आमाको थियो।

यस बाहेक सासु बुहारीबाट संयुक्तरूपमा गर्ने कामहरू अरू पनि छन्। माना पाथी भर्ने, भँडार हेर्ने जस्ता काम विवाह पद्धति निर्देशित थिएनन् सँस्कृतिका रूपमा थिए। बिबाहमा हुने यस किसिमका नौला र रमाइला कामहरू त सम्पन्न भए नै तर भर्खरै आएकी नौली बुहारीलाई घर परिवार, इष्टमित्र, परपाहुना र व्यबाहार कुशल बनाउने अन्य मसिना घरायसी कामहरूमा स्नेहपूर्ण सिकाइ त मलाई प्राप्त भएन। यो अभाव मेरो अन्तरहृदयमा बसिरह्यो, घुमिरह्यो। हाम्रो साझा घर त एउटा मात्र थियो गाउँमा। कहिले कतना गइन्थ्यो आफ्नो अनुकूल समयमा। सबै जोडिने त दशैंमा मात्र हो। अघिपछि त त्यस्तै विशेष अवसरमा मात्र घर सम्झने हुँदो रहेछ।

विक्रम संवत् २०६५ सालमा म आमा बन्न पुगें, कहिले कतना माइत जाने गर्थें छोरी गरिमा अढाइ/तीन वर्ष पुगे पछि राङगोलाकी आमा भन्न थालिन। घरमा पनि हाम्री गाउँकी आमा कहाँ हुनुहुन्छ नि ममी भन्न थालिन। सुरु तिर त अस्पष्ट कुराले टार्दै गएँ। उनी बढ्दै गइन् मिहिन कुरा गर्न थालिन। अनि त तथ्य कुरा भन्नै पर्यो र भनें तिम्री "गाउँकी आमा" परलोक जानु भो। फेरी प्रश्न गर्न थालिन परलोक कहा पर्छ ? आमा स्वर्गे हुनु भएको हो, वित्नु भएको हो अरे, तिम्री गाउँकी आमालाई मैले पनि देखिन। तिम्ले देख्न पाइनौ छोरी।

ऐले हाम्री छोरी बाह्रौ कक्षामा विज्ञान विषय लिएर पढ्दै छिन। उसको भाइ गौरव पनि आठ कक्षामा पढ्दै छ। हजुर बुवालाई गौरव गरिमा दुबैले आफ्नो कद र क्षमता अनुसार सेवा गरे। हामीहरू (म र श्रीमान्) घरमा नभएको बेलामा चिया खाजा आफैले तयार गरेर दिने काम गरे। ससुरा बा वितेको पनि दश महिना भइसकेको अवस्था

गायत्री अधिकारी लामिछाने स्व. धनसरीकी साइली बुहारी हुनुहुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

छ। २०८१ साल असौजमा मलाई जन्म दिने आमा पनि स्वर्गे हुनु भो। मेरो पहिलो घर पछि प्राप्त घर आमा बिहिन भएको अवस्थामा म आफैं छु।

२०६७ सालमा लोकसेवा आयोगले लिने खरिदार तहको परीक्षा दिन जुम्ला पुगें। त्यो बेला काखमा दुई वर्षकी छोरी थिई। सासु आमा हुनु भएको भए "नातिनी म सँगै बस्छे चिन्ता गर्नु पर्दैन" भन्नु हुँदो हो। साना शिशुहरू मावली घरकी हजुरआमासँग बढी निकटता र झ्याम्मिएका हुन्छन्। उनको बाबाले छोरीलाई मामाघर लिएर जानु भयो र मलाई साथ दिदैं जुम्ला पुऱ्याउनु भयो। मैले परीक्षा दिंए उत्तीर्ण पनि भएँ। त्यस पछि घर फर्कदै गर्दा स्याङ्जा माइतीघर पसेर छोरी ल्याएकी हुँ। अहिले म पनि छैटौं तहमा सेवारत छु।

छोरी बुहारीलाई व्यवहारमा कुशल बनाउन आमाहरूको भूमिका महत्वपूर्ण हुने रहेछ। जन्म दिने आमाबाट जे जति संस्कार पाएँ त्यति सासु आमाबाट सिक्न पाइन किनकी सासु आमा स्वर्गे भइसकेको अवस्थामा म वहाँकी बुहारी हुन आएकी हुँ।

अन्त्यमा स्व. सासुआमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

मनको पानाबाट : माइली आमा

*पदमलाल लामिछाने

कास्की जिल्ला निर्मल पोखरी हाल पोखरा महानगरपालिका वडा नम्बर २१ लामिछाने गाउँ निवासी हाम्रा स्व. पुजनीय पिताजी शिवलाल लामिछाने (माइलाबाबा) की धर्मपत्नी स्व. धनसरी लामिछाने (माइली आमा) लाई उमेरमै कडा रोगलाग्न गइ ५४ वर्षको उमेरमा वहाँ स्वर्गे हुनु भयो। हामी सानै थियौं। हामीलाई वहाँबाट प्राप्त हुने गरेको मातृस्नेह आज पनि झलझली सम्झना आइरहन्छ। माइली आमा साह्है मृदुभाषी हुनुहुन्थ्यो। हामीलाई साह्है माया गर्ने सबैसँग मिलनसार मेहनती जस्तो दुःख पनि सहन सक्ने क्षमताकी धनी हुनुहुन्थ्यो। आर्थिक अवस्था कमजोर पहाडिया जीवन हुन्थ्यो। जीवन गुजरा गर्न धौधौ हुन्थ्यो। हाम्रा पिताजीहरू प्राय विदेश (भारत) मा रोजगारीको लागि जानुहुन्थ्यो। आमाहरूको मेहनतबाट हामी छोराछोरीहरूको लालन पालन गर्नुपर्ने, पिताजीहरू विदेशमा भए पनि घरखर्च चलाउन सक्ने अवस्था थिएन। आफ्ना दुखेसाहरू आमाहरूका गथाशोकहरूबाट सुन्न पाइन्थ्यो। सुन्दा कतै अनुपम त कतै आङ जिरिङ्ग हुन्थे। माइली आमा पानी पधेंरा जाँदा पनि हाम्रो घर बाटैमा पर्ने भएको र मेरी आमा चन्द्रकुमारी र माइली आमा बीच भारा पर्म दुःखेसो पोख्ने अरूभन्दा नजिकको साथी मानी घरमा पस्नुहुन्थ्यो। मेरो आमा स्व. चन्द्रकुमारी र माइली आमा आफ्ना छोराछोरीको लालनपालन पढाइ लेखाइबारे बढी चिन्तन गर्ने आमाहरू मध्येमा हुनुहुन्थ्यो। माइली आमा र हाम्रो घर परेली पर्म बढी गरिन्थ्यो। माइली आमाका कोखबाट छोराहरू प्रेमलाल, श्यामलाल, बद्री र भगवान साथै छोरीहरू दुर्गा र तिलमायाको जन्म भएकोले सन्तानबाट आमा धनी हुनुहुन्थ्यो। छोरीहरूको बिहादान गरी आ-आफ्नो घरजम गरी बसेका छन्। हाम्रा भाइहरू प्रेमलाल, श्यामलाल, बद्री र भगवान दुःखसुखमा आमाको मेहनत अनि जेष्ठ भाइ प्रेमको सहयोगमा शैक्षिक मार्गमा बढ्दै गए। भाइ प्रेम साह्है मेहनती। सायद त्यति मेहनत गर्ने विरलै हुन्छन्। भाइहरूलाई संरक्षण गर्दै आफुँ अगाडि बढ्दै जाँदा भाइ प्रेमले कडा मेहनत साथ उच्च शैक्षिकस्तरको डिग्री सम्म हासिल गरे। यसै क्रममा सरकारी सेवामा रहन लोकसेवा आयोगको प्रतिष्पर्धामा उत्रिए। कडा मेहनत तथा परिश्रमले गर्दा सरकारको नीति निर्माण गर्न सक्ने स्तर नेपाल सरकारको प्रशासन सेवा सहसचिव (रा.प. प्रथम श्रेणी) सम्मको उच्च ओहोदामा गई विभिन्न मन्त्रालय तथा विभिन्न जिल्लामा

** पदमलाल लामिछाने स्व. धनसरीका नाताले छोरा पर्ने सेवानिवृत्त राष्ट्रसेवक तथा समाजसेवी हुनुहुन्छ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्रमुख जिल्ला अधिकारी सम्मका जिम्मेवारी पूरा गरे। भाइहरू श्याम, बद्री, भगवान तीन भाइ पनि नेपाल सरकारको विभिन्न पद तथा तहमा रही अधिकृत सम्म पुगेका छन्। एउटा ग्रामीण क्षेत्रमा बसेका अशिक्षित आमाले आफ्नै मेहनतबाट आफ्ना सन्ततिलाई यति सम्म प्रगतिमा ल्याउनु आमाकै आशीर्वाद हो। आज आएर आमाको सपना पूरा भएको होला। तर आफ्नो उद्देश्य पूरा भएको आमाले देख्न र भोग्न नपाएरै परमधाम पुग्नुभयो। सदैव आमाले स्वर्गबाट हेरिरहनु भएको छ। धन्य आमा तपाइँको आशीर्वाद। यो भन्न खोजिएको छैन कि पिताजीको भूमिकै थिएन। धेरै वर्ष पिताजी विदेशमा रहनुभयो। परिवारको लागि नै कोसिसमा रहनु भएको थियो। तर छोराछोरीहरूको बाल्यकाल आमाकै काखमा बित्यो। आमाले परिवारमा रहेको अहिलेको सुख देख्न तथा भोग्न नपाउनु भएकोमा दुःख लागेर आउँदछ। आमाको आत्माले शान्ति पाओस् जुगजुगसम्म आमाकै कोखमा बास लिन पाइयोस्। धन्य ! धन्य ! धनसरी आमा।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

मेरो सम्झनामा स्यानीकान्छी

धनसरी अर्थात् सिरानघरे स्यानीकन्छी हाम्री बहिनी मात्र नभएर मेरो बालसखा पनि हुन्। उनको र मेरो उमेरमा ५ महिनाको मात्र फरक छ, म भदौको उनी माघकी। सानोमा हामी आँधीखोला सँगैको बौरमा गाई गोरू तथा भेडाबाख्रा चराउन सँगै जान्थ्यौँ। भेडा बाख्रा हेर्न जाँदा हामीले नजिकैको जंगलबाट कटुसका पात टिपेर ल्याइ दिन्थ्यौं धनसरी बहिनी सहितका अन्य दिदी बहिनीहरूले दुना टपरी बनाउँथे बेलुका घर जाने बेलामा सबै दुना टपरी फालेर घर फर्किन्थ्यो। अति रमाइलो साथ हाम्रो बाल्यकाल बिते।



*थानेश्वर ढकाल

मेरो विवाह तत्कालीन भरत पोखरी तथा हालको पोखरा महानगरपालिका वडा नं ३३ बागमारामा भयो। केही वर्ष पछि स्यानी कान्छीको पनि साम्मीमा विबाह भयो। मेरा दुइटी बहिनीहरूको पनि साम्मी बाँझीपोखरीमा विवाह भएको थियो। म ससुराली जाँदा होस् वा तिजमा बहिनीहरूलाई लिन जाँदा होस् धनसरी बहिनीलाई भेट्न गइरहन्थें। दाजी आउनुभयो भनेर असाध्यै खुसी हुन्थिन् मलाई मान सम्मान गर्थिन्। आज यतै बस्ने हो भनेर अनुरोध गर्थिन्। म जाँदा मलाई देखेर भान्जा भान्जीहरू पनि खुसी हुन्थे। प्राय सबै तिजहरूमा बाँझीपोखरीमा मेरा बहिनीहरूलाई लिन जाँदा जेठी आमा अर्थात् भगिरथीले कान्छीलाई पनि लिएर आउनु है भन्नुहुन्थ्यो। म लिन जान्थे तर धेरै जसो उनको घरको कामको व्यस्तताले तिजमा सगैं ल्याउन पाइनँ।

एक पटकको कुरा हो म बागमारा ससुराली जाँदै थिएँ। बाटोमै घर परेकोले कान्छीलाई भेटेर जान्छु भन्ने लागेर साम्मी बहिनीको घरमा पसें। म धनसरीको घरमा पुग्दा झमक्क साँझ परेको थियो। रातको समय छ जंगल हुँदै जानु पर्छ दाइ आज यतै बस्नुस् भनी बहिनी धनसरीले असाध्यै जोड गरिन्। भैगो बहिनी अर्को पल्ट बसौँला म आज भेटेर भोलि बिहानै फर्किनु पर्छ म जान्छु भनेर हिडेँ रात परिसकेको थियो लाइट पनि थिएन गुर्दुमको चौतारो नेर झण्डै बाघले खाएको। डराइ डराइ बागमारा ससुराली त पुगेँ तर मनमनै बहिनीले भनेको मान्नु पर्ने रहेछ भन्ने लाग्यो।

गाउँका अन्य दिदी बहिनीहरू मध्ये धनसरी असाध्यै असल थिइन्। सहयोगी थिइन्। मेहनती थिइन्। उनले कोही कसैसँग कहिल्यै नमिठो बोलेको थाहा पाइएन। मलाई उनी सहोदर बहिनी जस्तै लाग्थ्यो। अहिले पनि बागमारा तिर जाँदा सम्झिन्छु। दुःखको कुरो त्यति असल तथा सज्जन बहिनीलाई दैवले कम उमेरमै स्वर्गबास पुऱ्यायो।

** थानेश्वर ढकाल स्याङ्जा टिकाजा निवासी तथा स्व. धनसरीका नाताले दाजु पर्ने एवं बालसखा हुनुहुन्छ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

मायाकी खानी कान्छी दिदी

*जीवाखर ढकाल

हुनत मेरा तीनवटी दिदीहरू हुन्। धनसरी सबै भन्दा कान्छी दिदी हुन्। अझ उनी त सौताने नाल पट्टिकी दिदी हुन्। उनी सौताने नालतिरकी दिदी हुन भन्ने मलाई कहिल्यै लागेन। म कान्छो भाइ भएर हो कि धनसंरी दिदीले जस्तो माया अरूले गरे जस्तो लाग्दैन्थ्यो। केही मिठो कुरा पाए यो त कान्छालाई दिनुपर्छ भनेर जोगाएर लुकाएर मलाई दिन्थिन्। हामीले कुनै गल्ती गर्दा पनि कहिल्यै गाली गरिनन् कहिल्यै दुर्वचन बोलिनन्। कान्छी दिदी असाध्यै दयालु र सहयोगी पनि थिइन्। विवेकी थिइन। उनको विवाह भएको दिन अलिअलि सम्झिन्छु। विवाह भएपछि दिदी माइत आउँदा मलाई रमाइलो लाग्दथ्यो।

हाम्रो घरमा भाइ अंश लगाउँदा जेठी आमा भगिरथीको पनि अंश छुट्ट्याइयो। वहाँलाई राम्रै खेत तथा बारी छुट्याइएको थियो। जेठी आमाले केही सम्पत्ति छोरीहरूलाई पनि दिने विचार गर्नुभएको थियो होला तर स्यान्दिदीले हामीलाई माइतको कुनै सम्पत्ति चाइदैन मलाई त बाचुन्जेल माइती सम्झेर आउने दाजुभाइहरू चाहिन्छ। आमाको नामको सम्पत्ति चारै जना दाजु भाइले बाडेर खाँदा मलाई खुसी लाग्छ भन्नु भयो। त्यस पछि जेठी आमाको शेषपछि वहाँको नामको सम्पत्ति हामी चारै जना भाइले आपसमा बाँडेर खाएका छौं।

त्यति असल मलाई औधि माया गर्ने दिदीको कम उमेरमै निधन भएकोमा दुःख लाग्दछ। वहाँलाई शान्ति मिलोस्। परमेश्वरसँग मेरो प्रार्थना छ मेरी प्यारी दिदीले बैकुण्ठबाट हामीलाई आशीर्वाद र कृपाको वर्षा गराइरहून्।

** जीवाखर ढकाल स्याङ्जा टिकाजा निवासी तथा स्व. धनसरीका कान्छा भाइ हुनुहुन्छ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

मेरी गुरुआमा

*देउरूपा लामिछाने

मेरो घर र माइली सासुको घर अलि पर पर्दथ्यो । हाम्रो त घरकै नाम पुछार घर थियो वहाँको घर गाउँको विचमा पर्दथ्यो । पानी पधेंरो मेलापात गर्दा माइली सासुसँग फाट्टफुट्ट भेट भने भइरहन्थ्यो । ग्रह मिलेर होकी वहाँको बोलीचाली व्यहोरा मलाई मन पर्दथ्यो । वहाँसँग भेटहुँदा आफ्नै माइती भेट भए जस्तो लाग्दथ्यो भेट हुँदा दुःखसुखका कुरा हुन्थैं गफ गर्दा पनि रमाइलो लाग्दथ्यो।

यस्तै प्रसंगमा मैले मन्त्र सुन्ने कुरा आयो । कोसँग सुन्ने होला मनमनै वरिपरिका मान्य सासुहरू जेठानीहरू सम्झें अनि मलाई उनै माइली सासु अर्थात् धनसरीसँग सुन्नु पर्छ वहाँलाई नै मन्त्र सुनाउने गुरु आमा बनाउनु पर्छ भन्ने लाग्यो । तैपनि यस विषयमा आफ्नै सासुसँग पनि सल्लाह गर्नु पर्यो भन्ने लाग्यो । वहाँसँग सल्लाह भयो गाउँमा भएका सासुहरू मध्ये असल त माथी माइली अर्थात् पिरेमकी आमा छ क्यारे । तँलाई कस्तो लाग्छ ? खै को सँग मन्त्र सुन्छेस त नि ! यस विषयमा सासु वुहारीको कुरा ठ्याक्कै मिल्यो । अनि वहाँसँगै मन्त्र सुने । वहाँलाई भेट्दा माइत आमालाई भेटेजस्तै लाग्न थाल्यो । वहाँमा कसैको कुरा काट्ने कुरा लगाउने पटक्कै बानी थिएन । भेटहुँदा आआफ्ना दुःखसुखका कुरा गर्ने घर परिवारमा छोराछोरीलाई के गर्दा राम्रो हुन्छ ? छोरा छोरी कस्ता छन् सञ्चै होलान नि ? परिवारमा सासु तथा देउरानीसँग कसरी मिलेर बस्ने ? आफ्नो स्वास्थ्यको बारेमा के कसरी ख्याल गर्ने ? आज के खायौ ? हिजो अस्ति के भयो ? अव भोलि के काम छ ? मकै कैले छर्ने होला ? कोदो कहिले गोड्ने, खेत कहिले रोप्ने हो ? आज घाँस काट्न कहाँ जाने ? यस्तै यस्तै गथाशोक हुन्थे। मलाई वहाँले असाध्यै माया गर्नुहुन्थ्यो ।

एकाएक वहाँलाई कम उमेर मै बिमार लाग्यो । कति प्रयास गर्दा पनि बिसेक भएन । छिट्टै सन्चो भइ दिए हुन्थ्यो भन्ने लाग्थ्यो । कामनाले मात्र हुँदो रहेनछ । आखिरमा वहाँले यस संसार छोडेर जानु भयो । मेरो त गुरु आमा बित्दा दुःख लाग्ने नै भयो गाउँमा पनि बुहारीहरूले एउटी असल सासु गुमाउनु पर्यो । देउरानी जेठानीले एउटी सहयोगी दिलदार दिदी वा वहिनीको अभाव खट्कियो । एक किसिमले भन्दा गाउँमा वहाँको अभाव महसुस भयो । अहिले त घटना पुरानो भइसक्यो । सबैले एकपल्ट मर्नैपर्छ, यस्तै हो भने जस्तो पनि लाग्छ । तर वहाँको मिजासिलो बानी व्यहोरा मायालु तथा सहयोगी व्यवहारको अहिले पनि झलझली सम्झना आइरहन्छ ।

---

* *देउरूपा लामिछाने स्व. धनसरीकी नाताले बुहारी तथा शिष्य छोरी हुनुहुन्छ ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सम्झनामा माइली आमा

*बसन्त लामिछाने

म र भाइ प्रेम नाताले दाजु भाइ भए पनि असाध्यै मन मिल्ने साथी दौंतरी थियौं । स्कूल पढ्दा ताका हामीबिच एक अर्कालाई कतिखेर भेटौं जस्तो भइरहन्थ्यो । त्यसैले म भाइ प्रेमको घरमा प्राय: दिनदिनै गइरहन्थें । हामी दाजु भाइ मिलेको देखेर माइली आमा असाध्यै खुसी हुनुहुन्थ्यो । वहाँको घरमा कुनै मिठो मसिनो पाक्दा मेरो भाग पनि छुट्टिन्थ्यो । माइली आमाले भाइलाई खाजा बनाउँदा मेरो नाम पनि जोडिन्थ्यो । हामी सानोमा त्यति बदमास त थिएनौं तर केटाकेटी अवस्थामा कहिले काहीँ सानोतिनो गल्ती गर्दा पनि वहाँले कहिल्यै गाली गर्नु भएन, रिसाउनु भएन बरू सम्झाउनु हुन्थ्यो। गाउँका आमाहरू मध्येमा वहाँ एक नम्बरको मेहनती हुनुहुन्थ्यो । आमाको त्याग र मेहनतको जगमा टेकेर अहिले चारै जना भाइहरूले राम्रो प्रगति गरेका छन् ।

२०४९ साल तिर होला माइली आमालाई कम उमेर मै क्यान्सर जस्तो कडा रोगलाग्यो । कति उपचार गर्दा पनि केही लागेन । मानिस जन्मेपछि एक दिन त मर्नै पर्छ तर असल मान्छे अनि कम उमेरमै बितेको घटनाले घोचिरहदों रहेछ । दुर्भाग्यवस् वहाँ ५४ वर्षको उमेरमै बित्नु भयो । आफ्नै छोरालाई झैँ माया गर्ने माइली आमाको सम्झना आइरहन्छ । माइली आमा तपाईँको भौतिक शरीर नरहे पनि हाम्रो सम्झनामा बाँचिरहनु भएको छ । तपाईँको दिवंगत आत्माको चीरशान्तिको लागि हार्दिक कामना गर्दछु ।

** वसन्त लामिछाने स्व. धनसरीकी नाताले छोरा पर्ने तथा सरकारी सेवाबाट सेवानिवृत्त तथा समाजसेवी हुनुहुन्छ ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सम्झनामा आइरहने माइली दिदी

* सरस्वती लामिछाने

हाम्रो ग्रह मिलेर होला नि माइली दिदी र म असाध्यै मिल्ने दिदी बहिनी थियौं। वहाँलाई भेटेर दुःख सुखका कुरा गर्दा त्यो दिन मनै हलुंगो हुन्थ्यो, एक छिन दुःख पनि विर्सिन्थ्यो। हामी स्वाँरामा घास काट्न जाँदा होस् वा मूल बन घाँस/दाउरा काट्न जाँदा होस् वा हिउँदको खडेरीमा राती तीन बजे उठेर मअरपानी पानी लिन जाँदा होस् वा पोखरा दाउरा वेच्न जाँदा प्राय हामी सँगै हुन्थ्यौं। दिदीसँग गफ गर्दै काम गर्दा समय वितेको ख्यालै हुदैनथ्यो, बाटो कटेको पनि होस् हुदैनथ्यो। हामी दिदी बहिनीका दुःखा तथा दैनिकी उस्तै उस्तै थिए। केटाकेटी सानै थिए बुढाहरूबाट पाउनु पर्ने साथ र माया पनि थियो। छोराछोरीको हेरचाह लालनपालन, खेतिपाती, गोठमा गाइभैसीको ख्याल सबै आफ्नै थाप्लामा थियो। त्यो दुःख सम्झदा अहिले पनि मन गह्लुंगो हुन्छ। धन्न उमेर थियो, निरोगी थियौं र भोकभोकै पनि भारी बोक्न केही झैं लाग्दैनथ्यो।

माइली दिदी एक इमान्दार, लगनशील र मेहनती हुनुहुन्थ्यो। बिरामी हुँदा होस् वा सुत्केरी अवस्थामै किन नहोस् वहाँले कामबाट विश्राम लिएको थाहा भएन। सबैको भलो चिताउने वहाँको बारेमा गाउँमा यो बानी खराव थियो भन्ने सुनिएन वहाँले कसैको बारेमा कुरा काट्ने वा कुरा लगाउने गरेको मैले थाहा पाइन। घरमा ससाना केटाकेटी र आफू मात्रै हुँदा पनि आधा दिनको बाटोमा पर्ने कपासे (स्यानी मौरचौर)को खेत र लाम्पाटाको बारीमा वहाँ एक्लै खेती गर्नु हुन्थ्यो। वहाँले जीवनमा खासै रँग-रमाइलो गर्न पाउनु भएन वा भ्याउनु भएन। छोराछोरीको सुन्दर भविष्यको लागि त्यो विधि मरिमेट्ने माइली दिदी जस्ता आमा कमै हुन्छन्। वहाँको संगतले हामीले पनि केही सिक्यौं जस्तो लाग्छ। वहाँले आफ्ना छोराछोरीको लागि दिनको भोक र रातको निद नभनी अहोरात्र खट्नु हुन्थ्यो। वहाँको बानी व्यहोराले हामीलाई समेत हौसला मिल्दथ्यो। वहाँकै त्याग र परिश्रमले गर्दा आज वहाँका चारै जना छोराहरूले राम्रो प्रगति गर्न सकेका छन्।

माइली दिदीले अरू कसैलाई नभनेको कुरा मलाई भन्नु हुन्थ्यो। कान्छी हेर न मेरो पछाडि पिठ्यूँ भन्दा अलि तल सानो घाउ जस्तो भएको छ। भारी बोक्दा पनि दुख्छ भन्नु हुन्थ्यो। कान्छी आज मैले यस्तो उस्तो सपना देखें के हुने होला ? यस्तो सपनाले राम्रो नराम्रो के हुन्छ ? भन्नु हुन्थ्यो। सपनाबाट पूर्व चेष्टा भए जस्तै नभन्दै एकाएक वहाँलाई कडा विमार लाग्यो। बिरामी भए पनि काममा लागि रहने अनौठो बानी थियो। वहाँलाई कामै प्यारो छोराछोरी नै प्यारा। ठूलो छोराले पोखरा काठमाडौं लगेर उपचारको लागि निकै कोशिस गरे पनि वहाँलाई निको भएन। कम उमेरमै वहाँ जानु भयो। वहाँले दुःख गरे अनुसार छोराहरूले अहिले गरेको पौरख देख्न र भोग्न पाउनु भएन। अहिले वहाँ भएको भए कति सुख पाउनु हुन्थ्यो होला। कति खुसी हुनुहुन्थ्यो होला। दैवको लिला यस्तै रहेछ। दिदी मलाई तपाईंको सम्झना झलझली आइरहन्छ। जहाँ भए पनि तपाईंको आत्माले शान्ति पाओस् वैकुण्ठ बास होस्।

** सरस्वती लामिछाने स्व. धनसरीकी नाताले देउरानी पर्ने तथा मन मिल्ने संगी हुनुहुन्छ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सम्झनामा माइली आमा

*मेघनाथ लामिछाने

आमा शव्द अनुपम र औधि प्रिय हुन्छ। आमा शव्द उच्चारण गर्दा नै आनन्दको अनुभूति हुन्छ। सबै आमाहरू पुजनीय र आदरणीय छन्। "आमाको काख अरूको लाख", "पिटे नि आमै जाति, पोले नि घामै जाति।" त्यही भएर होला भनिन्छ "मातृ देवो भव: । " हाम्रो लामिछाने गाउँमा धेरै आमाहरूको स्वर्गवास भयो। गाउँका दिवंगत आमाहरूलाई सम्झदैं जाँदा माइली आमालाई एक मेहनती, त्यागी, लगनशील आमाको रूपमा सम्झन्छु। बिहानै पोखरामा दाउरा बेचेर दिउँसो घरमा आएर स्वाँरामा एक भारी घाँस काटेर फेरी चन्यानमा एक डोको मल फाल्न समेत भ्याउनु हुन्थ्यो माइली आमाले। अदभूत् मेहनती आमा। सुत्केरी अवस्थामा होस् वा विरामी भएको अवस्थामा होस् माइली आमालाई कामको चटारोले छोडेन। वहाँको जीवनमा थकाइ भन्ने शव्द थिएन जस्तो लाग्छ। अरू आमाहरूले पनि भन्ने गर्नु हुन्थ्यो त्यो माइलीले कति सकेकी हो ? एक छिन आराम गरेको देखिन्न कामै काम खाली काम।

जन्मेपछि सबै मर्नु पर्छ तर को कहिले जाने हो थाहै छैन। मृत्यु आफ्नो बसमा पनि हुँदैन। त्यति निरोगी देखिने माइली आमालाई अचानक क्यान्सर रोग लाग्यो। अहिले जस्तो त्यतिखेर क्यान्सर रोगको उपचार सहज थिएन। उपचारमा हर प्रयास गर्दा पनि ५४ वर्षको उमेरमै वहाँ जानु भयो। वहाँको मेहनत र लगनशीलता सम्झदा वहाँ बास्तवमै असाधारण आमा हुनुहुन्थ्यो जस्तो लाग्छ। माइली आमा तपाईँको बैकुण्ठ बास् होस् ! हार्दिक श्रद्धासुमन !

---

*मेघनाथ लामिछाने स्व. धनसरीकी नाताले छोरा पर्ने तथा सेवानिवृत्त राष्ट्रसेवक एवं समाजसेवी हुनुहुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सम्झनामा माइली बहिनी

*सुमित्रा गिरी

मेरो र माइली बहिनी धनसरीको माइत स्याङ्जा नजिकै नजिकै पर्दथ्यो । उनको माइत स्याङ्जा टिकाजा र मेरो स्याङ्जा लामाके, त्यही पैदल आधाघण्टा जतिको फरक । एकै तिरका छोरीहरू भएर होला हाम्रो मन पनि मिल्थ्यो । हाम्रो एकै ठाममा एकै गाममा विवाह भयो । कतिपल्ट माइत जाँदा आउँदा सँगै पनि गरियो । हामी दिदी बहिनी आपसमा भेटेर अत्यार मेट्थ्यौं । गाउँमा धेरै वर्षसम्म सँगै अर्मपर्म गरियो । कोदो रोप्दा, धान गोड्दा पर्म लगाइन्थ्यो । बहिनीले लामिछाने गाउँ छोडेर हाम्रो गाउँ अर्थात् गिरी गाउँमा अर्मपर्म गर्थिन् । आफ्ना दुःख आफूसँगै थिए । दुःखसुखका साथी थियौं । धनसरी बहिनी मलाई आफ्नै बहिनी जस्तै लाग्दथ्यो । पछि उनलाई रोग लाग्यो । छोराहरूले पोखरा, काठमाडौं लगेर उपचारको लागि गर्नुसम्म गरे, केही लागेन । मानिसको चोला एक दिन त सबै जानु नै छ । तर पनि एउटी असल बहिनी उमेर नपुग्दै परलोक हुनुपर्दा नरमाइलो लाग्ने रहेछ । उनका सासाना छोराछोरीको विचिल्ली हुन्छ कि भन्ने पीर हुँदो रहेछ ! तर भगवानका कृपाले उनकै आशीर्वादले होला, छोराछोरीलाई राम्रै भएको छ । बहिनी तिमीले छोडेर गए पनि तिम्रो सम्झना आइरहन्छ ।

---

*सुमित्रा गिरी स्व. धनसरीकी मनमिल्ने तथा दुःखसुखकी संगी हुनुहुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

धनसरी स्मृति प्रतिष्ठान संक्षिप्त चिनारी खण्ड

धनसरी स्मृति प्रतिष्ठान नेपालको विधान, २०७५

प्रस्तावनाः

स्याङजा जिल्ला तत्कालीन फापरथुम टिकाजा गाविस वडा नं ९ बरपिप्ले ग्राम निवासी श्री तुलसीराम ढकाल र भागिरथी ढकालकी कनिष्ट सुपुत्री धनसरी लामिछानेको जन्म वि.सं १९९९ माघ १९ गते भएको थियो। पोखरा महानगरपालिका (तत्कालीन निर्मलपोखरी गाविस वडा नं २) वडा नं २१ निवासी श्री चुडामणी लामिछाने तथा ललीमाया लामिछानेका माहिला सुपुत्र श्री शिबलाल लामिछानेसँग वैदिक परम्परा अनुसार वैवाहिक सम्बन्ध भई वहाँको कोखबाट ६ जना सन्तान क्रमश: प्रेमलाल लामिछाने, दुर्गीमाया लामिछाने (अधिकारी), श्यामलाल लामिछाने, तिलमाया लामिछाने (अधिकारी), बद्रीनाथ (बसन्त) लामिछाने र भगवान लामिछानेको जायजन्म भएको हो।

स्व. धनसरी लामिछाने एक असल, कुशल र आदर्श आमा हुनुहुन्थ्यो। वहाँ वात्सल्यता र ममताको प्रतिमूर्ति हुनुहुन्थ्यो। वहाँ परिबारको अभिभावक र मार्गदर्शक हुनुहुन्थ्यो। वहाँ टोलछिमेक, इष्टमित्र सबैप्रति सद्भाव राख्नुहुन्थ्यो, सहयोग गर्नु हुन्थ्यो। वहाँ परिश्रमी, स्वाभीमानी, निर्भिक, दिलदार तथा समाजसेवी हुनुहुन्थ्यो। धर्म र अध्यात्मप्रति अगाध आस्था र निष्ठा राख्ने सदाचारमा रहने वहाँले सबैको भलो चिताउनु हुन्थ्यो। परमपुज्य जननी स्व. धनसरी लामिछानेको अपार माया र आशीर्वादकै कारणले हामी अहिले आ-आफ्नो कर्मक्षेत्रमा स्वाभिमानका साथ शिर उँचो बनाएर सगर्व क्रियाशील छौ।

वहाँ अचानक २०४९ साल देखि क्यान्सर रोगबाट पीडित हुनुभयो। निरन्तर उपचार तथा वहाँको इच्छाशक्तिका बावजुद वि.सं. २०५३ साल बैशाख १० गते चौथी तिथिका दिन बिहान वहाँको स्वर्गारोहण भयो। वहाँका सन्तती हामी उहाको आत्माको चीरशान्तिको कामना गर्न, उहाको आदर्श जीवन अनुरूप दीन, दुखी, रोगीको हित तथा समाजसेवामा समर्पित हुन, उहाँको अधुरो सपना साकार पार्न वहाँको स्मृतिलाई जोगाइरहन तथा असल सन्ततीको न्यूनतम कर्तव्य निर्बाह गर्ने पुनित उद्देश्यले धनसरी स्मृति प्रतिष्ठान नेपाल, नामको गैरनाफामूलक संस्था स्थापना गरी सो मार्फत् क्रियाशील हुन प्रतिवद्ध भएका छौ। यो संस्था संस्था दर्ता ऐन, २०३४ को अधिनमा रही यो विधान तर्जुमा गरिएको छ।

प्रारम्भिक

१) संस्थाको नामः-

यस संस्थाको नाम **धनसरी स्मृति प्रतिष्ठान, नेपाल** रहनेछ। अंग्रेजीमा **DHANASARI SMIRTI PRATISTHAN, NEPAL** रहनेछ।

१) संस्थाको कार्यालय रहने ठेगाना :-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

यस संस्थाको कार्यालय कास्की जिल्ला पोखरा महानगरपालिका वडानं. २१ निर्मल पोखरी लामिछाने गाउँमा रहनेछ।

ख) यस धनसरी स्मृति प्रतिष्ठान, नेपाल नामक सामाजिक संस्थाको कार्यक्षेत्र कास्की जिल्लाभर रहनेछ। आबश्यकता अनुसार सम्वन्धित जिल्लाको स्थानीय अधिकारीको स्वीकृती लिइ नेपाल राज्य भित्र कार्य क्षेत्र विस्तार गरिनेछ।

ग) प्रारम्भः-

यो संस्था दर्ता भएको मितिदेखि प्रारम्भ हुनेछ।

घ) संस्थाको अस्तित्वः-

यो संस्था एक अविछिन्न, उत्तराधिकारवाला, संगठित, स्वशासित, गैरनाफामूलक, गैरराजनीतिक तथा गैरसरकारी सामाजिक संस्था हुनेछ। यो संस्थाबाट आफ्नो उद्देश्य कार्यान्वयन गर्ने बाहेक आय आर्जन गर्ने तथा अन्य कुनै कार्य गरिने छैन।

२) परिभाषा :-

विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस विधानमा :-

१) "विधान" भन्नाले धनसरी स्मृति प्रतिष्ठान, नेपालको विधानलाई सम्झनु पर्दछ।

२) "संस्था" भन्नाले धनसरी स्मृति प्रतिष्ठान नेपाललाई जनाउँदछ।

३) "समिति" भन्नाले यस विधानको दफा १३ बमोजिम गठित कार्य समितिलाई जनाउँदछ।

४) "सभा" भन्नाले यस विधान बमोजिम बसेको साधारण र विशेष साधारण सभालाई जनाउँछ।

५) "पदाधिकारी" भन्नाले संस्थाका पदाधिकारीहरूलाई सम्झनुपर्दछ।

६) "नियम, विनियम" भन्नाले यस विधान अन्तर्गत बन्ने नियम विनियमलाई जनाउँदछ।

७) "स्थानीय अधिकारी" भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउँदछ।

८) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो विधान र यस विधान अन्तर्गत बनेका नियम विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ।

९) "स्थानीय तह" भन्नाले गाउँपालिका, महानगर/उपमहानगर/नगरपालिका र जिल्ला समन्वय समितिलाई जनाउने छ।

१०) "सदस्य" भन्नाले संस्थाको साधारण, संस्थागत, आजीवन एवं कार्य समितिको पदाधिकारी समेतलाई जनाउनेछ।

३. संस्थाको छाप र चिन्हः-

प्रचलित कानूनी व्यवस्थाको प्रतिकूल नहुनेगरी संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुनेछ। छाप र चिन्ह अनुसूचि १ बमोजिमको ढाँचामा हुनेछ। तर संस्थाको नाम, छाप र चिन्ह पूर्व दर्ता भएको कुनै संस्थासँग मेल खाएमा संशोधनको प्रक्रियाद्वारा संशोधन गरिनेछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

उद्देश्य

४. **संस्थाको उद्देश्यः-**

संस्थाको उद्देश्य देहाय बमोजिम रहनेछ :

१) महिला, वालवालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, अनाथ तथा असहाय व्यक्तिको हित हुने विभिन्न सेबामूलक कार्यक्रमहरू सञ्चालन गर्ने।

२) महिला तथा जेष्ठ नागरिकहरूको लागि निशुल्क स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गर्ने

३) समाजमा सदाचार, सामाजिक सद्भाव, मेलमिलाप कायम गर्न प्रबर्धनात्मक कार्यक्रम सञ्चालन गर्ने।

४) परम्परागत धर्म, संस्कृतिको संरक्षण तथा संबर्धनमा सघाउ पुग्ने कार्यक्रम सञ्चालन गर्ने

५) सामाजिक, आर्थिक दृष्टिकोणले पिछडिएका तथा विपन्न समुदायहरूको लागि आयमूलक तथा उद्दमशीलता विकास तालिम सञ्चालन गर्ने।

६) शारीरिक तथा मानसिक तन्दुरूस्तीको लागि योगसाधना, ध्यान, विपश्यना, जिउने कला लगायतका विषयमा प्रशिक्षण तथा परामर्शसेवा सञ्चालन गर्ने।

७) विद्यालयमा अध्ययनरत विपन्न तथा दलित समुदायका विद्यार्थीहरूको लागि छात्रवृत्ति, शैक्षिक सामग्री वितरण गर्ने

८) प्राकृतिक विपद्बाट प्रभावितहरूलाई सहयोग गर्ने।

९) यो संस्था मुनाफारहित, जनहितकारी सामाजिक संस्था हुनेछ।

५. **संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः-**

यस संस्थाले उपरोक्त उद्देश्यहरू प्राप्त गर्न देहायका कार्यहरू गर्नेछः-

१) संस्थाले प्रचलित नेपाल कानून प्रतिकुल नहुने गरी आफ्ना उद्देश्यहरू कार्यान्वयन गर्नेछ।

२) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिन दिन सक्नेछ। कम्प्युटर, टेलिफोन, टाइपराइटर, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ।

३) संस्थालाई आबश्यक पर्ने कर्मचारी नियुक्ति गर्ने तथा तिनका सेवा सर्तहरू निर्धारण गर्नेछ।

सदस्यता

६. **सदस्यहरूको वर्गीकरण**

यस संस्थाका देहाय बमोजिम ४ प्रकारका सदस्यहरूको वर्गिकरण गरिएको छः-

१. **साधारण सदस्यः-**

यस विधानको दफा ७ बमोजिम योग्यता पुगेको कुनै पनि नेपाली नागरिकले तोकिएको प्रकृया अन्तर्गत रही आवेदन गरेमा संस्थाको सदस्यता प्राप्त गर्ने व्यक्तिहरू साधारण सदस्य हुनेछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

२. **संस्थापक सदस्य :-**

यस संस्था दर्ता हुँदाको बखतका पदाधिकारी तथा सदस्यहरू संस्थापक सदस्य हुनेछन् । संस्थापक सदस्यहरूले साधारण वा आजीवन सदस्यता लिएर विधान बमोजिमको शुल्क बुझाउनु पर्नेछ ।

३. **आजीवन सदस्यः-**

संस्थाको विकासको लागि विशेष सहयोग योगदान पुऱ्याउने व्यक्तिहरूलाई तोकिएको प्रकृया अन्तर्गत आजीवन सदस्यता प्रदान गरिनेछ ।

४. **मानार्थ सदस्यः-**

यस संस्थाको विधान अनुरूप कार्य गर्न प्रतिवद्द तथा समितिले उपयुक्त ठहर गरेको विशिष्ठ समाजसेवी तथा प्रतिष्ठित नेपाली नागरिकलाई संस्थाको मानार्थ सदस्य प्रदान गर्न सक्नेछ । मानार्थ सदस्यहरूको मताधिकार रहने छैन ।

७. सदस्यता प्राप्तिको लागि आवश्यक योग्यताः-

यस संस्थाको सदस्यको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ ।

१) नेपाली नागरिक भएको।

२) १८ वर्ष उमेर पूरा गरेको।

३) यस संस्थाको विधान अनुरूप काम गर्न तत्पर भएको ।

४) मानसिक सन्तुलन नगुमाएको।

५) सार्वजनिक सम्पत्ती हिनामिना गरेको नठहरेको ।

६) नैतिकपतन देखिने फौजदारी तथा भ्रष्टाचारको अभियोगमा सजाय नपाएको ।

७) संस्थाको उद्देश्य पूर्तिका लागि निश्वार्थ भावनाले सेवा गर्न चाहने ।

८. संस्थाको सदस्य प्राप्त गर्न वा वहाँल रहन नसक्ने अवस्थाः

देहायको अवस्थामा कुनै व्यक्तिले संस्थाको सदस्यता प्राप्त गर्न वा वहाँल रहन सक्ने छैन ।

१) गैह्र नेपाली नागरिक ।

२) १८ वर्ष उमेर पूरा नभएको ।

३) मगज विग्रेको वा बौलाएको ।

४) सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरेको ।

५) नैतिक पतन देखिने फौजदारी र भ्रष्टिचारको अभियोगमा सजाय पाएको।

६) सम्बन्धित संस्थाको व्यबसायमा नीजि स्वार्थ भएको ।

७) साहुको दामासाहीमा परेको ।

८) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाझी गरेको वा आफ्नो जिम्माको धनमाल अनाधिकृत तवरले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

मासेको वा दुरूपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाई सजाय पाएको एक वर्ष ननाघेको।

९. **सदस्यताको समाप्तिः**

१) देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यमा वहाँल रहने छैन :

क) यस विधानको दफा ८ बमोजिमको सदस्यता प्राप्त गर्न नसक्ने भएमा।

ख) साधारण सभाको ७५% सदस्यहरूको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा।

ग) सदस्यले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा।

घ) सदस्यको मृत्यु भएमा।

ङ) संस्थाको काम कारवाहीमा वेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा

च) यस विधान बमोजिम संस्थाले गर्न नहुनेभनी तोकिएको कुनै कार्य गरेमा।

छ) सदस्यता शुल्क नबुझाएमा।

ज) संस्था विघटन वा खारेज भएमा।

२. कुनै व्यक्तिलाई यस संस्थाको सदस्यता प्राप्त गर्न वा वहाँल रहन अयोग्य ठहराउनु भन्दा अघि निजलाई सो कुराको सूचना दिई, सफाईको सबुद् प्रमाण पेश गर्ने मौका दिइने छ।

१०. **सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधिः-**

यस विधानको दफा ६ बमोजिम देहाय बमोजिम उपदफामा तोकिएको शुल्क तिरी स्व. धनसरी लामिछाने प्रति श्रद्धाभाव राख्ने तथा यस विधानलाई पालना गर्ने जो कोहिले यस सस्थाको सदस्यता प्राप्त गर्न सक्नेछन्।

१. **साधारण सदस्यः-**

क) साधारण सदस्य प्राप्त गर्न चाहने व्यक्तिले प्रवेश शुल्क वापत रु.१००/- र वार्षिक शुल्क वापत रु. १००/- बुझाई तोकिएको प्रक्रिया अनुसार आवेदन पेश गर्नेलाई कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सक्नेछ।

ख) त्यस्ता साधारण सदस्यले वार्षिक नवीकरण शुल्क रु१००/- बुझाउनु पर्नेछ।

ग) साधारण सदस्यता प्राप्त गर्ने सदस्यले प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३५ दिन भित्र दस्तुर बुझाई नवीकरण गराई सक्नु पर्नेछ।

२. **संस्थापक सदस्य :**

यो संस्था दर्ता हुँदाको बखतका तदर्थ समितिका पदाधिकारीहरू तथा सदस्यहरू संस्थापक सदस्य हुनेछन्। संस्थापक सदस्यहरूले यस विधानमा उल्लेख भए बमोजिमको शुल्क बुझाई साधारण सदस्य वा आजिवन सदस्यता प्राप्त गर्न सक्नेछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

३. **आजीवन सदस्य:-**

संस्थामा एकमुष्ट रु. ५०००/- बुझाई तोकिएको प्रक्रिया अन्तर्गत आवेदन दिने व्यक्तिहरूलाई कार्यसमितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सक्नेछ।

४. **मानार्थ सदस्य:-**

साधारण सभाको निर्णयले उपयुक्त ठानेको समाजसेवी, विशिष्ठ व्यक्ति तथा प्रतिष्ठित नेपाली नागरिक तथा विदेशी महानुभावहरूलाई मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ तर मानार्थ सदस्यको मताधिकार रहने छैन।

५. कुनै आवेदकलाई सदस्यता नदिने निर्णय गरेमा सो को कारण सहितको जानकारी आवेदकलाई दिईनेछ।

६. सबै सदस्यहरूले यस विधान र विधान अन्तर्गत बनेको नियम र विनियम बमोजिम भएको व्यवस्थाको पालना गर्नु पर्नेछ।

७. संस्थाले प्रदान गरेको उपदफा १, २, ३ र ४ अनुसारको सदस्यहरूको तोकिएको ढाँचामा छुट्टै अभिलेख पुस्तिका रहनेछ।

परिच्छेद-४

साधारणसभा, कार्य समिति तथा बैठक सम्बन्धी व्यवस्था

११. साधारणसभाको गठन:-

१. यस विधानको दफा ६ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरू बाहेक अन्य सदस्यहरूभएको एक साधारणसभा गठन हुनेछ। र यस्मा मानार्थ सदस्यहरू आमन्त्रित हुने छन्। साधारणसभा संस्थाको सर्वोच्च अंग हुनेछ।

२. यस संस्थाको साधारणसभा देहाय बमोजिम हुनेछ।

क) बार्षिक साधारणसभा: बर्षको एक पटक बार्षिक साधारण सभा बस्नेछ।

ख) विशेष साधारणसभा:- संस्थाको कूल सदस्य संख्याको १/४(एक चौथाई) सदस्यहरूले मनासिव कारण खुलाई विशेष साधारणसभा माग गरेमा कार्य समितिले कम्तीमा ७(सात) दिनभित्र अनिवार्य रूपमा विशेष साधारणसभा बोलाउनु पर्दछ तर साधारण सभा वा विशेष साधारण सभा बसेको छ महिना भित्र पुन: विशेष साधारण सभा बस्न भने सक्ने छैन।

३. यस संस्थाको प्रथम बार्षिक साधारणसभा संस्था स्थापना भएको भएको मितिले ६ महिना भित्रमा गरिने छ र त्यस पछिको बार्षिक साधारणसभाहरू आर्थिक वर्ष समाप्त भएको मितिले २(दुई) महिना भित्र गरिने छ।

४. यस संस्थाको बार्षिक साधारण सभा गर्नको लागि कम्तीमा १५ दिन अगावै र विशेष साधारणसभा गर्नका लागि कम्तीमा ७ दिन अगावै सभा हुने स्थान, मिति, समय र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यहरूलाई अनिवार्य रूपले सूचना दिइनेछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

५. उप-दफा ४ बमोजिम बोलाइएको साधारणसभा वा विशेष साधारणसभामा विधानको दफा १८ बमोजिमको गण पूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७(सात) दिनको म्याद दिई पुनः साधारण सभा बोलाइने छ।

६. साधारणसभा र विशेष साधारणसभाको छुट्टा छुट्टै निर्णय पुस्तिका राखिने छ।

१२. साधारणसभाको काम, कर्तव्य र अधिकारः-

साधारणसभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिमहुनेछ।

१) कार्य समितिले पेश गरेको योजना कार्यक्रमहरू र बार्षिक बजेट पारित गर्ने।

२) लेखा परीक्षकबाट प्राप्त भएको बार्षिक लेखापरीक्षण प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने र लेखापरीक्षण प्रतिवेदनबाट देखिएका अनियमित बेरुजु रकमहरू माथि छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरू असुल उपर गरी फछ्यौंट गर्नको लागि कार्य समितिलाई निर्देशन दिने

३) आगामी बर्षको लागि लेखा परीक्षकको नियुक्ति गर्ने।

४) संस्थाको बार्षिक कार्य प्रगति विवरण र संस्थाले गरेको कार्यहरूको मूल्याङ्कन गरी कार्य समितिलाई आवश्यक निर्देशन दिने।

५) संस्थाको कार्य समितिका पदाधिकारीहरूको पदावधि पुगेको अवस्थामा कार्य समितिका पदाधिकारीहरूको विधान बमोजिमको प्रक्रिया अन्तर्गत रही निर्वाचन गर्ने।

६) कार्य समितिद्वारा पेश भएका विधान संशोधन, नियम तथा विनियम स्वीकृत गर्ने।

७) कार्य समितिवाट पेश भएको काम कारवाहीहरूको औचित्य हेरी अनुमोदन गर्ने।

८) संस्थाको आफ्नै आन्तरिक श्रोतबाट व्यहोर्नेगरी कार्य समितिले पेश गरेको कर्मचारीहरूको दरवन्दी, पारिश्रमिक भत्ता तथा अन्य सुविधाहरूमा आवश्यकता अनुरूप स्वीकृति प्रदान गर्ने।

९) यस विधानमा उल्लेखित उद्देश्य अनुसारको अन्य कार्य गर्ने गराउने।

१३. कार्य समितिको गठनः-

१. साधारण सभाका सदस्यहरूबाट निर्वाचित देहाय बमोजिमको पदाधिकारीहरू रहने ११ सदस्यीय एक कार्य समिति गठन गरिने छ। कार्य समितिको निर्णयले आवश्यक्ता अनुसार सह-कोषाध्यक्ष पदमा कार्य समितिका सदस्यहरूबाट नियुक्त गर्न सक्नेछ। उक्त नियुक्तिलाई साधारण सभाले अनुमोदन गर्नु पर्नेछ।

अध्यक्ष -१

उपाध्यक्ष -१

सचिव -१

कोषाध्यक्ष - १

सहसचिव -१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सदस्य -६

जम्मा सदस्य संख्या - ११

२. कार्य समितिको कार्यकाल तीन वर्षको हुनेछ।

३. वार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्य समितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्य समितिका सदस्यको मनोनयन समितिद्वारा गर्न सकिनेछ। यसरी सो पदमा निर्वाचन भएको सदस्यको कार्यकाल जुन सदस्य पद रिक्त भएको हो, सो सदस्य बाँकी कार्यकाल सम्मका लागि मात्र हुनेछ तर अन्य पदहरूको लागि विधान बमोजिम बाँकी अवधिको निमित्त निर्वाचन प्रकृयाद्वारा पद पूर्ति गरिनेछ।

४. कार्य समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले बोलाउने छ। तर कार्य समितिको पदाधिकारीहरूको जम्मा संख्याको ५१%ले बैठक बोलाउन माग गरेमा अध्यक्षले कार्य समितिको बैठक बोलाउनु पर्नेछ।

५. कार्य समितिका पदाधिकारी तथा सदस्यहरूको कुल संख्याको ५१% पदाधिकारीहरू उपस्थित नभै कार्य समितिको बैठक बस्ने छैन।

६. कार्य समितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थिति रहेमा बैठकमा उपस्थित जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ।

७. कार्यसमितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ।

८. कार्य समितिको बैठकमा छलफल भएको विषयहरूको छुट्टै निर्णय किताबमा लेखी राखिने छ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरूले सहीछाप गर्नु पर्नेछ तर निर्णयमा असहमति जनाउनेहरूले कैफियत खोली सहीछाप गर्न सक्नेछन।

९. संस्थाले गर्ने भनिएको सम्पूर्ण काम कारवाही कार्य समितिको निर्णयबाट हुनेछ।

१०. माथिका दफाहरूमा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यसमितिले गर्न पाउने कुनै कार्यको सम्बन्धमा कार्यसमितिका सबै पदाधिकारीहरू लिखित रूपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक विना पनि गर्न सकिने छ। उपरोक्त बमोजिमको सहमतिलाई कार्य समितिको बैठकको निर्णय सरह मानिने छ।

१४. कार्य समितिको काम, कर्तव्य र अधिकार:-

कार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

१. संस्थाको आगामी वर्षको बार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारणसभामा प्रस्तुत गर्ने।

२. विधान बमोजिमको व्यवस्था पालना गरी साधारणसभाको निर्णय कार्यान्वयन गर्ने गराउने।

३. संस्थाको हितमा हुने कार्यक्रमहरू सञ्चालन गर्ने।

४. साधारणसभा प्रति उत्तरदायी रहने।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

५. संस्थाको उद्देश्य प्राप्तिका लागि उपलब्ध साधन र श्रोतको अधिकतम उपभोग र प्रयोग गर्ने

६. संस्थाको कार्य सम्पादन गर्न कार्य योजना बनाउने, श्रोत जुटाउने, कार्यान्वयन, सुपरीवेक्षण र अनुगमन गर्ने।

७. संस्थाको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र बैंकखाता खोली सञ्चालन गर्ने

८. संस्थाको कर्मचारीहरूको सेवा शर्त र सुविधा आदि सम्बन्धी कर्मचारी नियमावली बनाई साधारण सभाबाट स्वीकृत गराई लागु गर्ने गराउने।

९. संस्थाको उद्देश्य परिपूर्तिको लागि आफ्नो कार्य अवधिमा उपयुक्त व्यक्तिहरूको सल्लाहकार

१०. समिति तथा अन्य समिति, उप-समिति गठन गर्ने र आवश्यकता अनुरूप कार्यको बाँडफाँड गरी दिने।

११. संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने।

१५. पदत्याग गर्न सक्नेः-

अध्यक्षले उपाध्यक्ष मार्फत् कार्य समिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरूले अध्यक्ष समक्ष राजीनामा दिई पदत्याग गर्न सक्ने छन्।

१६. अन्य समितिहरुः

१. यस विधानको परिधी भित्र रहेर संस्थाको कार्य सञ्चालनको लागि कार्य समितिले आवश्यकता अनुसार अन्य समिति वा उप-समिति गठन गर्न सक्ने छ तर सो साधारणसभाको बैठकद्वारा अनुमोदन गराउनु पर्नेछ।

२. उप-समितिको कार्यहरू कार्य समितिले तोकिदिए बमोजिम हुनेछ।

पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

१७. पदाधिकारीहरूको काम, कर्तव्य र अधिकारः-

कार्य समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

१. अध्यक्षको काम, कर्तव्य र अधिकारः-

क) समिति र सभाको बैठकको अध्यक्षता गर्ने, बैठक सञ्चालन गर्ने।

ख) निर्णायक मत दिने।

ग) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने।

घ) संस्थाको नेतृत्व दिने।

ङ) आवश्यकता अनुसार बैठक बोलाउन सचिवलाई निर्देशन दिने।

च) अन्य पदाधिकारी एवं सदस्यहरूलाई कामको बाँडफाँड गर्ने।

छ) अभिलेख प्रमाणित गर्ने।

ज) वैदेशिक तथा आन्तरिक संस्थाहरूसंग सम्बन्ध राख्दा आवश्यक सम्झौता गर्ने।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

झ) कुनै पदाधिकारीको अनुपस्थितिमा सो पदाधिकारीले गर्ने काम अन्य कुनै पदाधिकारी वासदस्यलाई गराउन लगाउने ।

ञ) संस्थाको सम्पत्तिको संरक्षण, रेखदेख र नियन्त्रण गर्ने ।

२. **उपाध्यक्षको काम, कर्तव्य र अधिकारः-**

क) अध्यक्षलाई सहयोग गर्ने ।

ख) अध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने ।

ग) अध्यक्षको अनुपस्थितिमा निजले गर्ने कार्य गर्ने ।

घ) तोकिएको अन्य कार्य गर्ने ।

३. सचिवको काम, कर्तव्य र अधिकारः-

क) संस्थाको सचिवालयको रेखदेख र संचालन गर्ने ।

ख) अध्यक्षको निर्देशन अनुसार बैठक र सभा बोलाउने।

ग) अभिलेख सुरक्षित राख्ने ।

घ) अध्यक्षले दिएको अन्य जिम्मेवारी पूरा गर्ने ,

ङ) संस्थाको गोपनियता कायम गर्ने,

च) जिन्सी वा नगद सामानको लगत राख्ने,

छ) मासिक रूपमा संस्थाबाट भए गरेका कामहरूको प्रतिवेदन तयार गरी कार्य समिति समक्ष पेश गर्ने।

४. कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः-

क) संस्थाको कोषको रेखदेख र सञ्चालन गर्ने,

ख) साधारण सभामा बार्षिक कार्यक्रम र बजेट पेश गर्ने,

ग) लेखा दुरुस्त राख्ने,

घ) नियमित रूपमा बार्षिक लेखापरीक्षण गराउने,

ङ) चल अचल सम्पत्तिको जिम्मेवारी बहन गर्ने,

च) कुनै पनि निकायबाट संस्थाको लेखा सम्बन्धी प्रतिवेदन माग गरेमा तयार गरी पेश गर्ने ।

५. सहसचिवको काम, कर्तव्य र अधिकार :

क. सचिवको अनुपस्थितिमा निजले गर्ने कार्य गर्ने ।

ख. समितिको बैठकमा सक्रिय सहभागिता जनाउने,

ग. संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने,

घ. समितिले तोकेको अन्य कार्य गर्ने,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

ङ. सस्थाको उद्देश्य पूर्तिका लागि आवश्यक सहयोग र पहल गर्ने

६. सदस्यहरूको काम, कर्तव्य र अधिकारः-

क) समितिको बैठकमा सक्रिय सहभागिता जनाउने,

ख) संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने,

ग) समितिले तोकेको अन्य कार्य गर्ने,

घ) संस्थाको उद्देश्य पूर्तिका लागि आवश्यक सहयोग र पहल गर्ने ।

१८. गणपूरक संख्याः-

१) कुल सदस्य संख्याको दुई तिहाइ साधारण सदस्यहरूको उपस्थित नभै साधारण सभाको काम कारवाही हुनेछैन ।

१) तर विधानको दफा ११ को उपदफा (५)मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारण सभामा कुल सदस्य संख्याको ५१% उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

२) सम्पूर्ण सदस्य संख्याको ५१% सदस्यहरू उपस्थित नभई साधारणसभाको बैठक बस्न सक्ने छैन। तर यसरी बोलाइएको गणपूरक संख्या नपुगी पुनः बोलाइएको दोश्रो बैठकमा ५१% सदस्यहरू उपस्थित नभएमा पनि साधारण सभाको बैठक बस्न सक्नेछ ।

आर्थिक व्यवस्था

१९. संस्थाको कोषः-

१. संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमको प्राप्त रकमहरू जम्मा हुनेछन्ः-

क) सदस्यता वापत प्राप्त प्रवेश शुल्क र सदस्यता शुल्कको रकम।

ख) कसैले स्वेच्छाले दिएको अनुदान, सहायता वापत प्राप्त रकम।

ग) संस्थाको चल वा अन्य वस्तुको विक्रीबाट प्राप्त रकम ।

घ) विदेशी संस्था व्यक्ति वा अन्तरराष्ट्रिय संघ संस्थाबाट सहयोग वापत प्राप्त रकम ।

ङ) स्थानीय निकायबाट प्राप्त अनुदान वा सहयोग वापत प्राप्त रकम ।

च) संस्थाद्धारा संचालित कार्यक्रमहरूबाट उठेको आर्थिक सहयोग बापतको रकमहरू ।

२. विदेशी संघ संस्था वा व्यक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिने भए संस्थाले समाज कल्याण परिषद ऐन २०४९ को दफा १६ बमोजिम पूर्व स्वीकृति लिनु पर्नेछ ।

३. संस्थाको अचल सम्पत्ति विक्रि गर्दा स्थानीय अधिकारीको स्वीकृति लिइनेछ ।

४. संस्थामा प्राप्त रकम स्थानीय बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गरिने छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

२०. खाता सञ्चालनः-

संस्थाको बैंक खाता अध्यक्ष वा महासचिव मध्येबाट एक जना र कोषाध्यक्षको (अनिवार्य) संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिनेछ ।

२१. कोषको रकम खर्च गर्ने तरिकाः-

संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिम तरिका अपनाई खर्च गरिने छ ।

क) संस्थाको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन,

ख) साधारण सभाबाट पारित बजेट र कार्यक्रमको अधिनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ,

ग) कोषबाट रकम खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारणसभामा अनिवार्य रूपले पेश गर्नु पर्नेछ

घ) कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नुपर्ने छ ।

२२. संस्थाको लेखा र लेखा परीक्षणः-

क) संस्थाको आय व्ययको लेखा प्रचलित कानून बमोजिम स्पष्ट तवरले राखिने छ ।

ख) संस्थाको लेखा परीक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखा परीक्षकबाट हुनेछ ।

ग) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखतमा पनि आफै वा मातहतका कर्मचारिहरू खटाई संस्थाको हिसाब किताब जाँच गर्न गराउन सक्नेछ ।

घ) लेखा परीक्षकको नियुक्ति साधारणसभाबाट हुनेछ । तर प्रथम वार्षिक साधारण सभा नभएसम्म लेखापरीक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।

ङ) संस्थाको लेखा परीक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति विवरण एक/एक प्रति स्थानीय अधिकारी, जि.स.स., समाज कल्याण परिषद् र सम्बन्धित निकायमा पेश गरिने छ ।

निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्बन्धी व्यवस्था

२३. निर्वाचन सम्बन्धी व्यवस्था-

क) कार्य समितिको निर्वाचन प्रयोजनको लागि बढिमा तीन जनाको एक निर्वाचन समिति, कार्य समितिको निर्णयले गठन गरिने छ ।

ख) निर्वाचन समितिले प्रचलित कानूनको परिधी भित्र रहेर निर्वाचन सम्बन्धी कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

ग) निर्वाचन सम्बन्धी विवाद भएमा निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

घ) निर्वाचन सम्पन्न भए पछि निर्वाचन समिति स्वतः विघटन हुनेछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

२४. उम्मेदवार हुने योग्यताः-

कार्य समितिको उम्मेदवार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ ।

क) सदस्यता वार्षिक नविकरण गरेको हुनु पर्नेछ।

ख) साधारण सदस्य बनी लगातार नविकरण गरेको दुई वर्ष अवधि पूरा गरेको हुनु पर्नेछ।

ग) संस्था संगको कारोबारमा कुनै बाँकी बक्यौता नभएको हुनु पर्नेछ ।

घ) संस्थाप्रतिको इमान्दार र संस्थाको हितमा निरन्तर लागि रहेको हुनु पर्नेछ ।

ङ) तर अर्को निर्वाचन नभएसम्मको लागि यो संस्था दर्ता गठन भएको तदर्थ कार्य समितिलाई माथिको उपदफा (क) र (ख) लागु हुने छैन ।

२५. अविश्वाशको प्रस्तावः-

१. अविश्वाशको प्रस्ताव लिखित रूपमा कुन कुन पदाधिकारीको विरुद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिमको रित पुऱ्याई संस्थामा दर्ता गर्नु पर्नेछ ।

क) नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनु पर्छ ।

ख) प्रस्तावको विषय स्पष्ट र व्यावहारिक हुनु पर्छ ।

ग) साधारणसभा सदस्यहरू मध्येबाट कम्तीमा एक चौथाई सदस्यहरूको प्रष्ट नामथर र ठेगाना सहित खुलाई सहीछाप भएको हुनु पर्छ ।

२. उपदफा १ बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्ताव स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति र समय समेत तोकी संस्थाको साधारण सभाको सम्पूर्ण पदाधिकारीहरू र सदस्यहरूलाई विधानको दफा ११(४)बमोजिम साधारण सभा वा विशेष साधारण सभा बस्ने सूचना दिइने छ ।

३. अविश्वासको प्रस्ताव माथि छलफलको प्रक्रियाः-

क) साधारण सभा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा उप-दफा १ बमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरू मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ ।

ख) उप-दफा ३(क) बमोजिम अविश्वासको प्रस्ताव, पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा अन्य तिन जना सदस्यहरूलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।

ग) उप-दफा (१) बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरू विरुद्ध प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरूलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि आफ्नो भनाईहरू राख्न अनुमति दिइने छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

४. अविश्वासको प्रस्ताव माथि निर्णय:-

१. अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भएपछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको वहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्नेछ।

क. अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्याएर वा

ख. साधारण सभाका सदस्यहरूलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर।

२. साधारणसभाको कुल सदस्य संख्याको दुईतिहाई बहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ। त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पदका व्यक्तिहरू पदमुक्त हुनेछन्

३. निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो व्यक्ति उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन।

२६. विधान संशोधन:-

साधारण सभाबाटकुल सदस्य संख्याको २/३(दुई तिहाई) साधारणसभा सदस्यहरूले अनुमोदन गरे पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजको लागि स्थानीय अधिकारी समक्ष सिफारिस गरी पठाउनु पर्नेछ। स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिने छ।

२७. नियम बनाउन सक्ने:-

क. संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम बनाउन सक्नेछ र सो नियम साधारण सभाबाट पारित गराई लागु हुनेछ र स्थानीय अधिकारीलाई सो को जानकारी दिनु पर्नेछ।

ख. यो विधान र विधान अन्तर्गत बनेको नियमको अधीनमा रही संस्थाको कार्यसञ्चालन र उद्देश्य कार्यान्वयनका लागि कार्यसमितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासनसम्बन्धी विनियम बनाई लागू गर्न सक्नेछ। त्यस्तो विनियमहरू साधारणसभाबाट अनुमोदन गराउनु पर्नेछ।

२८. कर्मचारीको व्यवस्था:-

क) संस्थाको दैनिक कार्य सञ्चालन र योजना तथा कार्यक्रम सञ्चालनको लागि कर्मचारी दरवन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरू अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

ख) संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्थाको सञ्चालन एवं कार्यान्वयन गर्न विदेशी सल्लाहकार वा स्वयंसेवक राख्ने अवस्था भएमा समाज कल्याण परिषदको पूर्व स्वीकृति लिई निजले काम गर्ने अवधि पुऱ्याउने सेवा, कामको औचित्य, सुविधा र तिनको योग्यता समेतको विवरण स्थानीय अधिकारी, जिल्ला समन्वय समिति र समाज कल्याण परिषद्मा समेत जानकारी गराइने छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

२९. संस्था खारेजी:-

१. साधारणसभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेज गर्न सक्नेछ ।

२. उपदफा १ बमोजिम संस्थाको खारेजीको प्रस्ताव पारित गर्दा साधारणसभाले खारेजीको लागि लिक्विडेटर र लेखा परीक्षक नियुक्त गर्न सक्नेछन् ।

३. उपदफा २ बमोजिम नियुक्त लिक्विडेटर र लेखा परीक्षकको पारिश्रमिक साधारणसभाले तोकिदिए बमोजिम हुनेछ ।

४. कुनै कारणवश संस्था विघटन भई खारेज भएमा संस्थाको दायित्वको फरफारक गरी बाँकी रहने सम्पूर्ण जायजेथा स्वतः नेपाल सरकारको हुनेछ ।

३०. व्याख्या:-

यो विधान र विधान अन्तर्गत बनेको नियम विनियमको व्याख्या गर्ने अधिकार कार्यसमितिलाई हुनेछ ।

३१. गोप्यता भंग गर्न नहुने:-

यस संस्थाका कुनैपनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य गर्नु हुदैन । कार्य समितिका पदाधिकारी वा साधारणसभाका सदस्यहरूले बैठक वा सधारणसभामा असभ्य र अश्लिल शब्दको प्रयोग गर्न पाईने छैन।

३२. ऐन अनुसार हुने:-

यस विधानमा उल्लेख नभएका कुराहरू कानून बमोजिम हुनेछ र संस्था दर्ता ऐन, नियम र प्रचलित कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछन् ।

३३. निर्देशनको पालना:-

नेपाल सरकार वा स्थानीय अधिकारीले समय समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ।

३४. तदर्थ समिति:-

१. यो संस्था स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले संस्था दर्ता भएको मितिले ६ महिनाभित्र साधारणसभा बोलाई विधान अनुसारको निर्वाचन समितिको गठन गरी नयाँ कार्य समितिको निर्वाचन गराउनेछ र सो को जानकारी स्थानीय अधिकारीलाई दिइनेछ ।

२. प्रथम पटक निर्वाचन सम्पन्न नभए सम्मको अवस्थामा कार्यसमितिले गरेका काम कारवाहीहरू यसै विधान सरह भएको मानिने छ ।

३५. हामी धनसरी स्मृति प्रतिष्ठान नेपालका निम्न संस्थापकहरू यस विधान बमोजिम कार्य गर्न मञ्जुर भई निम्न साक्षीहरूको रोहवरमा विधानमा सहिछाप गर्दछौ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

संस्थापकको नाम, थर वतन	साक्षीको नाम, थर वतन र सहिछाप
१ नाम थर :- प्रेमलाल लामिछाने ठेगाना :-पोखरा-२१ कास्की	नाम थर :- ठेगाना:-
२ नाम थर :- राधिका देवी तिवारी लामिछाने ठेगाना :- पोखरा -२१ कास्की	नाम थर :- ठेगाना:-
३ नाम थर :- श्यामलाल लामिछाने ठेगाना :- पोखरा -२१ कास्की	नाम थर :- ठेगाना:-
४ नाम थर :- गंगा लामिछाने ठेगाना :- पोखरा -२१ कास्की	नाम थर :- ठेगाना:-
५ नाम थर :- बद्रीनाथ लामिछाने ठेगाना :- पोखर २१ कास्की	नाम थर :- ठेगाना:-
६ नाम थर :- गायत्री लामिछाने ठेगाना :- पोखरा २१ कास्की	नाम थर :- ठेगाना:-
७ नाम थर :- भगवान लामिछाने ठेगाना :- पोखरा २१ कास्की	नाम थर :- ठेगाना:-
८ नाम थर :- शर्मिला लामिछाने ठेगाना :- पोखरा २१ कास्की	नाम थर :- ठेगाना:-
९ नाम थर :- विनिता लामिछाने ठेगाना :- पोखरा२१ कास्की	नाम थर :- ठेगाना :-
१० नाम थर :- वन्दना लामिछाने ठेगाना :- पोखरा२१ कास्की	नाम थर :- ठेगाना :-
११ नाम थर :- भावना लामिछाने ठेगाना :- पोखरा२१ कास्की	नाम थर :- ठेगाना :-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अनुसूचि-१

संस्थाको छाप र चिन्हको विवरण

यस समाजको छाप र चिन्ह देहाय बमोजिम हुनेछ :

१. गोलाकार घेरामा प्रतिष्ठानको नाम अंकित हुनेछ ।

२. गोलाकार बीचमा मातृत्व झल्किने चिन्ह अंकित हुनेछ ।



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की
संस्था दर्ताको प्रमाण-पत्र
(नियम ४ सम्बन्धित)

दर्ता मिति २०६४।४।२१

श्री अध्यक्ष / सचिव

संस्थाको नाम धनसरी स्मृति प्रतिष्ठान नेपाल संस्था दर्ता ऐन २०३४ को दफा ४ बमोजिम २०६४ साल श्रावण महिना २१ गते मा दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ ।

स्थानीय प्रशासकीय अधिकारीको सही

नाम : लाल प्रसाद सुवेदी



स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र

कारोबारको नाम : धनसरी स्मृति प्रतिष्ठान नेपाल

कारोबारको प्रकार : गैर सरकारी संस्था

ठेगाना : कास्की

कर अधिकृत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

धनसरी स्मृति प्रतिष्ठान नेपालका संस्थापक सदस्यहरू

श्री प्रेमलाल लामिछाने
अध्यक्ष

श्री श्यामलाल लामिछाने
उपाध्यक्ष

श्री बद्रिनाथ (बसन्त) लामिछाने
सचिव

श्री भगवान लामिछाने
कोषाध्यक्ष

श्री राधिका लामिछाने
सदस्य

श्री गंगा लामिछाने
सदस्य

श्री गायत्री लामिछाने
सदस्य

श्री शर्मिला लामिछाने
सदस्य

श्री दुर्गा अधिकारी लामिछाने
सदस्य

श्री तिलमाया अधिकारी लामिछाने
सदस्य

श्री बिद्या लामिछाने
सदस्य

बिनिता लामिछाने
सदस्य

बन्दना लामिछाने
सदस्य

भावना लामिछाने
सदस्य

विश्वास लामिछाने
सदस्य

योजना लामिछाने
सदस्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

धनसरी स्मृति प्रतिष्ठान नेपालका गतिविधिहरू

विक्रम सम्वत् २०५३ साल वैशाख १० गते हाम्रो लागि दुःखद पीडादायी तथा कहालीलाग्दो दिन रह्यो। उक्त दिनमा हाम्री जन्मदाता, प्रेरणाकी स्रोत, बात्सल्यताकी प्रतिमूर्ति प्रातस्मरणीय आमा स्व. धनसरी लामिछानेलाई गुमाउनु पर्यो। आमाको स्वर्गारोहण भएको २९ वर्ष भए पनि वहाँको सम्झना ताजै छ। वहाँको सम्झनालाई दिगो र चीरस्थायी बनाउन संस्थागत रूपमै विभिन्न रचनात्मक तथा सेवामूलक काम गर्ने उद्देश्यले स्थापित यस धनसरी स्मृति प्रतिष्ठानले केही सामाजिक तथा सेवामूलक कामहरू गर्ने प्रयास गरेको छ।

महिला, वालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अनाथ तथा असहाय व्यक्तिहरूको हित हुने विभिन्न सेबामूलक कार्यक्रमहरू सञ्चालन गर्ने, महिला तथा जेष्ठ नागरिकहरूको लागि निःशुल्क स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गर्ने, समाजमा सदाचार, सामाजिक सद्भाव, मेलमिलाप कायम गर्न प्रबर्धनात्मक कार्यक्रम सञचालन गर्ने, परम्परागत धर्म, संस्कृतिको संरक्षण तथा संवर्धनमा सघाउ पुग्ने कार्यक्रम सञ्चालन गर्ने, सामाजिक, आर्थिक दृष्टिकोणले पिछडिएका तथा विपन्न समुदायहरूको लागि आयमूलक तथा उद्दमशीलता विकास तालिम सञ्चालन गर्ने, शारीरिक तथा मानसिक तन्दुरूस्तीको लागि योगसाधना, ध्यान, विपश्यना, ध्यान, जिउने कला लगायतका विषयमा प्रशिक्षण तथा परामर्शसेवा आदि सञ्चालन गर्ने लगायतका काम गर्ने उद्देश्य रहेको यस संस्थाले सम्पन्न गरेका गतिविधिहरू देहाय बमोजिम रहेका छन् :

१. बडादशैंमा शुभकामना आदानप्रदान तथा छात्रवृत्ति वितरण

यस संस्था संस्थापक तथा पदाधिकारीहरू विभिन्न सरकारी सेवामा कार्यरत रहेकोले कामको सिलसिलामा विभिन्न जिल्लामा रहनु परेको कारणले संस्थाको उद्देश्य अनुसार आफ्नै जिल्ला तथा गाउँमा उल्लेखनीय कार्य गर्न नसकिए पनि संस्थाले केही न केही काम गर्दै आएको छ। यस सिलसिलामा २०७८ सालको बडा दशैंको अवसरमा पोखरा २१ निर्मल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पोखरी अभियानटोल स्थित चापको चौरमा एक शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गरिएको थियो । सो अवसरमा अभियानटोल लामिछाने गाउँमा सो वर्ष एसइइ तथा १२ कक्षा उत्तीर्ण गर्ने छात्रछात्राहरूलाई नगद पुरस्कार वितरण गरिएको थियो ।

विद्यालयको बार्षिकोत्सवको अवसरमा प्रतिष्ठानका अध्यक्ष र उपाध्यक्षलाई सम्मान गरिदैं

२. धनसरी स्मृति अक्षयकोष स्थापना

स्व धनसरी लामिछानेको सम्झनालाई सामाजिक सेवा मार्फत् पनि दिगो बनाउने उद्देश्यले स्व. धनसरी लामिछानेका छोराछोरीले कखरा सिकेको विद्यालय हालको जनचेतन माध्यामिक विद्यालयमा वहाँका ६ जनै सन्तानको तर्फबाट रू १२५०००। (अक्षरूपी लाख पच्चीस हजार मात्र)को धनसरी स्मृति अक्षयकोष स्थापना गरिएको छ । प्रतिष्ठानका अध्यक्ष तथा विद्यालयका प्रधानाध्यापकको संयुक्तरूपमा खाता सञ्चालन हुने गरी पृथ्वीचोक पोखरा स्थित कृषि विकास बैंकमा मुद्दति खाता सञ्चालन गरिएको छ । मुद्दति खाताबाट प्राप्त हुने बार्षिक व्याजबाट जनचेतन माध्यामिक विद्यालयको वार्षिक उत्सवको अवसरमा सो विद्यालयम जेहेन्दार विद्यार्थीहरूलाई यस प्रतिष्ठानको तर्फबाट छात्रवृत्ति प्रदान गरिँदै आएको छ ।

धनसरी स्मृति प्रतिष्ठानद्वारा पुरस्कृत विद्यार्थीहरूको साथमा प्रतिष्ठानका उपाध्यक्ष श्यामलाल लामिछाने तथा विद्यालयका प्रधानाध्यापक अर्जुन प्रसाद पौडेल समेत

जनचेतन माध्यामिक विद्यालयको मिति २०८१/११/०१ मा सम्पन्न बार्षिकोत्सव २०८१ को अवसरमा तीन जना जेहेन्दार विद्यार्थीहरूलाई धनसरी स्मृति छात्रवृत्तिद्वारा पुरस्कृत गरिएको थियो । सो पुरस्कार प्रतिष्ठानका उपाध्यक्ष श्री श्यामलाल लामिछानेद्वारा वितरण गरिएको थियो ।

यस प्रतिष्ठानले संस्थाको विधान बमोजिम आगामी दामा विभिन्न सेवामुलक तथा रचनात्मक कार्यक्रमहरू सञ्चालन गर्दै जाने लक्ष्य लिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आमा

*कृष्णप्रसाद आचार्य

नौ महिनासम्म गर्भमा बसाइ।
पोषण गरायौ एक जीउ भइ ॥
रुवाइमा हास्यौ प्रसव भूली।
पिलायौ अमृत सव दुःख विर्सी ॥
चुप्री र चाप्री कोमल बनायौ।
घस्रँदा घस्रँदै ताते ताते सिकायौ ॥
च्याँ च्याँ र प्या प्या कति गरे हुँला।
खुसीले भर्यौ ममताको प्याला ॥
तोते वोलीसँगै जीवन पढायौ।
जीउने कलाको सत्मार्ग सिकायौं ॥
कति ती वेदना मनमा लुकाइ।
थिएन तिमीमा कहिल्यै दुःखाइ ॥
उच्चारण भयो जव पहिलो वोली।
आमा शव्द वन्यो गला यो खोली ॥
संसार हौ तिमी जीवन जननी।
सम्भव बनायौ ब्रह्माण्ड देखनी ॥
हुर्कायौ र बढायौ पढायौ शिक्षा।
मलाई बनाउने हो तिम्रै दिक्षा ॥
न त छ थकाइ भोक निन्द्रा प्यास।
दिएकी छौ प्यार नराखेर आस।
आमा हौं अपार करुणाकी मूर्ति।
सदावहार दिन्छयौ सदावहार अर्ती ॥
शितल छहारी हौ तिमी धूपमा।
खुसी हुन्छयौ कति सन्तान सुखमा ॥

कस्तो त्यो ममता आफैँलाई त्याग्ने।
आशीष आमाको जीवन छ धन्य ॥
छैन कुनै जीज दाँज्न आमातुल्य।
न त देवता नै मांने आमातुल्य ॥
न त ....

* कृष्णप्रसाद आचार्य भरतपोखरी गैरागाउँ निवासी तथा स्व. धनसरीका ज्येष्ठ सुपुत्रका मनमिल्ने नजिकका साथी हुनुहुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

मेरी आमालाई मात्र खोजिराछु

*भगवान लामिछाने

जब म गर्भमा थिएँ मेरी आमाले,
म स्वस्थ जन्मन्छु भनेर मेरो लागि खाइन् ।
म गर्भमा हुँदा मेरी आमाले,
म सुन्छु र खुसी हुन्छु भनेर मायालु गीतहरू गाइन् ॥
गर्भमा हुँदा मलाई आमाले कहिल्यै दुःखी बनाइनन् ।
आफ्ना अथाह दुःख र पीडा हुँदा पनि कहिल्यै सुनाइनन् ॥
भोक लाग्दा खाने नहुँदा कठै ढुङ्गाहरू पनि खाइन्,
जाडो हुँदा लुगा नपाएपनि परालका त्यान्द्राहरूसितै गुजुल्टिएर सुतिन् ।
तिर्खा लाग्दा पानी पिउन नपाए पनि थुकका घुट्काहरू पनि पिइन्,
उध्रिएका सारीका टुक्राहरू आफ्नै सन्तानलाई भनी भोटो बनाउन सिइन्।
आमाले आफ्नो नजन्मदैको सन्तानको खुसीको लागि,
आफूलाई नरुचेका खानाहरू पनि खाइन्,
मन नपरेका गितहरू पनि गाइन् ।
आँटिका लिस्नाहरू कोल्ट्याएर चढिन्,
भकारीका धानहरू घोप्ट्याएर झिकिन् ॥
बारीका कान्लाका घाँसहरू धाँजा फाटेका खुट्टा उचालेर काटिन् ।
फलेदोको रुखका डालाहरू कुर्कुच्चा उठाई नुघाएर ढालिन् ॥
मेरो जन्मको लागि सुत्केरी बेथा लागेर अथाह पीडा हुँदा पनि,
उनलाई आफ्नो पीडा महसुस थिएन ।
कस्तो जन्मन्छ कसरी जन्मन्छ भन्ने मात्र थियो ॥

* *भगवान लामिछाने स्व. धनसरीका कान्छा सुपुत्र हुनुहुन्छ ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आफूले के खाउँला कसरी उठौंला भन्ने थिएन ।
मेरो दुध आउला नआउला कसरी खाला नखाला भन्ने मात्र थियो ॥
नजन्मँदै यति सन्तानको सुख र शान्तिको लागि चिन्ता गर्ने मेरी आमा,
जन्मे पछि केही गर्न बाँकी राखिनन् ।
आफ्नै सन्तानको लागि भनेर गर्न सके जति गरिन्,
गर्न नसकेको पनि गर्न खोजिन् ॥
विस्तारामा पिसाव गर्छकी भन्ने चिन्ता थियो,
गनाउँछ भनेर होइन, चिसोले निमोनिया हुन्छ कि भनेर ।
चिच्याएर रुँदा बेडुलाको रुखबाट फडालेर आउँथिन्
झिझो मानेर होइन भोकायो की भनेर,
उनलाई आफ्नो सन्तान कहिले हुर्केला, बढ्ला भन्ने चिन्ता थियो,
जागिर खाएर मलाई पाल्ला भनेर होइन ।
नहुर्कंदै आफू केही भइहाल्छु कि भनेर ॥

यस्ती मेरी आमालाई म उनको दूधको भारा त तिर्न सक्दिनँ,
तर उनले बनाउन खोजे जस्तो बन्न खोजिराछु ।
संसारमा जस्ता जस्ता खुसीहरूका प्रस्ताव आएपनि,
म मेरी आमालाई मात्र खोजिराछु ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आमा

*कुलप्रसाद अधिकारी

आमा सृजनाकी अपार महिमा संसार भर्ने तिमी !
सृष्टि सार चलाउने हरघडी संघर्ष गर्ने तिमी !!

आधा पेट आफू बसेर सन्तानको पेटै तिमी भर्दछ्यौं !
आफू भोकै होओस् तर प्रसन्न मनले संघर्ष नै गर्दछ्यौ !!

संस्कार, संस्कति, लालन र मान सन्तानमा भर्दछौं !
समान गतिले छोरा र छोरीमा उत्साह त्यो भर्दछ्यौ !!

आमा सँगमा हुँदा सब कुरा संसार सारा थियो !
माया- ममता खुसी सव थियो, माधुर्य धेरै थियो !!

सुनसान लाग्छ हाल त्यो आँगन सारा आमा विनाको !
आजै झै लाग्छ सत्कर्म, सतचरित्र उ वेला आमाले चिनाको !!

हेरी चित्त बुझाउँछु वरिपरी सृष्टि उनैको भनी !
आस्था उच्च बनि सदा स्मरणमा न्यूरेर झुक्छु पनि !!

एउटा शाश्वत सृष्टिको जननी हौ, जानेर दुःखी बनी !
भुल्ने छैन सदा कदापि मनमा चिन्तै परेता पनि !!

आस्था भित्र चुलिन्छ शोक मनमा धेरै भएता पनि !
यौटा पुष्प चढाउँछु चरणमा स्व. आमा भनी !!

---

*कुलप्रसाद अधिकारी स्याङ्‌जा रामखोला निवासी तथा स्व. धनसरीका कान्छा ज्वाइँ हनुहन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आमा

*केशव गड्तौला

आमा,
शब्दै यति भारी छ कि, बोकूँ बोकूँ लाग्ने,
शब्दै यति प्यारो छ कि, जपूँ जपूँ लाग्ने,
शब्दै यति न्यानो छ कि, ओढुँ ओढुँ लाग्ने,
शब्दै यति मिठो छ कि, सुनुँ सुनुँ लाग्ने,
शब्दै यति नजिक छ कि, हरेक श्वासमा समाइ दिने
शब्दै यति सुमधुर छ कि, मौनतामा पनि संगीत भइदिने ।

आमा,
नदेख्दा ती छाया तिम्रा, खोजूँ खोजूँ लाग्ने,
नबोल्दा तिमीसँग एकैछिन भक्कानिन मन लाग्ने
नहुँदा ती कोमल हात तिम्रा आत्मै एक्लो भए झै लाग्ने,
नसुन्दा ती तिम्रा स्वर, आँखा मेरा सधैं रसाउने,
नपाउँदा सधै तिम्रो साथ, जीवन नै मेरो अधुरो लाग्ने ।

आमा,
तिमी विना घर घरजस्तो नलाग्ने,
तिमी बिना चाडपर्व उत्सवजस्तो नलाग्ने,
तिमी विना सफलता खुसी खुसीजस्तो नलाग्ने,
तिमी विना म मजस्तो भए झैं नलाग्ने ।

---

* केशव गड्तौला स्व. धनसरीका माइला नातिनी ज्वाइँ हुनुहुन्छ ।

Prof Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आमा

*सन्दीप अर्याल

आमा र म, कति लड्थ्यौं
म खान्न भन्थें, आमा हुन्न भन्नुहुन्थ्यो
म शंका आफैंमा गर्थें, आमा हौस्याउनुहुन्थ्यो
तब त म यहाँ छु,
आमा र म कति लड्थ्यौं।

बारीको लट्टे, डालोको खट्टे, मकैको दाना, मुलाको चाना
आईज न बाबु, भोकभोकै छस्, ढिलो छ हरे, साँझको खाना
यस्तै यस्तै भन्दै, सुस्केरा हाल्दै, सबैबाट लुकाएर बोलाउनुहुन्थ्यो
अनि म बबुरो सबैलाई भन्थें आमाले मलाई कराउनुभयो, खानै नपाएझैं खुवाउनु भयो

घरका ती जनता, थिए नै असाध्यै
चामल बिहानै, तीन पाथी पाक्थ्यो
अलि बढी चामल हाल्नुहुन्थ्यो आमा,
मेरै भोकको पीर लिनुहुन्थ्यो आमा

दिन फेरिएको, भानै भएन
लुकाइएका दुखः थाहै भएन
आमाको ऊर्जा दबेको छ अहिले
समग्र उनको शक्ति गलेको छ अहिले

सम्झिंदै, खोतल्दै, हिजो फोन भएको
देख्छु म आमाको उमेर ढल्किँदै गएको
अनि म सोध्छु, त्यहाँ सन्चो बिसन्चो,
आमा सोध्नुहुन्छ, "अहिले के खाएको?"

** हाल अष्ट्रेलिया बस्ने सन्दीप अर्याल स्व. धनसरीका साइला नातिनी ज्वाइँ हुनुहुन्छ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आमा र परदेशिएको छोरो

*सन्दीप अधिकारी

सपनाको संसार खोज्दै छोरो लाग्यो विदेश,
आमाको त्यो सोझो मनले दियो मौन आदेश।
लाग्थ्यो तिम्लाई, मेरो छोरा गाछ पौरख गर्न राख्न नाम,
तर कठै परदेशमा, गर्नु पर्ने काम हैन रैछ गर्ने रण आमा।
सँगै हुँदा सोचें कहाँ कस्तो हुन्छ हुँदा एक्लै,
तिम्रो काख छुटे पछि पोल्छ मुटु पलपल।
तिम्रो माया लाडप्यार छैन त्यसको मोल,
सताउँछ सम्झनाले मन पोल्छ पलपल।
जुन दिन तिम्रो छोरो हिँड्यो बा का थिए हाड बलिया,
" फर्कि हाल्छस् छिट्टै" भन्थे आशाले मन थिए भरिया।
विश्वास थियो चट्टान जस्तै छोरो फर्की आउँछ आउँछ,
उसको हाँसो आउँदा खेरि यो आगनी जगमगाउँछ।
दिन बिते महिना बिते ढल्दै गए वर्ष पनि ,
मेरै आशमा बसेकी छ्यौ पर्खी खुसी हर्ष पनि।
आँखा पनि धमिलो भो हेर्दा हेर्दै बाटो तिर,
छोरो आउने आशै आश छ नआउँदा भो अति पीर।
हरायौ कि विदेशमा आफ्नै संसार बनाउँदा,
बिर्सियौ कि आफ्नो जरा नयाँ हाँगा फैलाउँदा।
भन्छौ सधैं, "फोन गर्नै भ्याइन आमा" अहिले काममा गाछु,
आफू भने, उसको बोली सुन्न कति कति व्याकुल भाछु।
यता आमा उसकै बाकस खोल्छिन लुगा मिलाउँछिन्,
"आउला यो त लाउला" भन्दै आँसुले मन भुलाउँछिन्।
उसले छोडेका हरेक चिनो छन् मुटुभरी सजिएका

** हाल अष्ट्रेलिया बस्ने सन्दीप अधिकारी स्व. धनसरीका जेठा नातिनी ज्वाइँ हुनुहुन्छ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

" एक दिन आउला " भन्ने आशमा दिनहरू छन् गनिएका ।

बाले दुःख गरी गरी जोगाएका छन् मलाई भनी,
" दुःख पर्दा छोरा तिम्लाइ " भन्छन् आँसु पिए पनि ।
मेरो छोरो मेरो सन्सार ! सम्झाउँछन् मनलाइ,
तर आफ्नो बर्तमान रित्तो भको पत्तो छैन उनलाई ।

तिम्रो छोरा फर्कन त खोज्छ तर बाटो छैन थाहा,
जिन्दगीको यो दौडले लियो मनको सारा चाह ।
आमालाई सँगै बस्नु छ तर कुनै छैन उपाय,
दुबैतिर छटपटि मात्र कस्तो भाग्यले रच्यो अध्याय ।

आमा भन्छिन, टाढैबाट आशीर्वाद " सधैँ सुखी खुसी हुनु",
जहाँ भए नि जे भए नि त्यसैमाथि रमाइ रहनु ।
मनको यो भेट अधुरो भाग्यको यो खेल,
आशैआशमा बित्ने भयो हेरौं कतिञ्जेल ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

मेरी आमा

*शर्मिला
लामिछाने

जुन दिन देखि म गर्भमा रहेको चाल पाएकी थिइन्
त्यही दिनदेखि उनको मन खुसीले गद्-गदाउन थाल्यो,
यो अर्थमा कि, उनी आफूलाई एक पूर्ण महिलाको रूपमा
पाउन थालेकी थिइन्।
एक असल छोरीबाट अनेक रूपहरू फेर्दै फेर्दै
असल श्रीमतीको उपमा पाएकी, मेरी आमा
अब एक सर्वोत्कृष्ट तक्मा लगाउने तरखरमा छिन्।

जस्तासुकै कठिन परिस्थिति आइपरे पनि जुध्न तयार छिन्।
किनकि उनी
आमा बन्दैछिन्।
असह्य प्रसवपीडा पनि सहजै स्वीकार गरी,
हर्ष बढाई गरीरहेकी छन् , जतिसुकै खुसीका पहाडहरू अगाडि
थुप्रिए पनि उनलाई कुनै परवाह छैन, उनको खुसीको कारण यो छ
कि अब उनी छिटै
आमा बन्दैछिन्।

थाहा छैन अब उकाली, ओराली, वन, पाखा
मेलापात, अर्म, पर्म, गाम, बेशी कसरी गर्ने हुन्
सारा ससारको खुसी आज उनलाई मिलेको छ
आज उनी जति खुशी कसैलाई देखिदैन
किनकि उनी
आमा बनिसकिन्।

बल्ल उनी समाजले परिभाषित गर्ने
एक पूर्ण महिला बनिन्।
हुदाँ मिठो, मसिनो खाइन् नहुँदा जे पाइन् त्यसमा नै
चित्त बुझाइन् तर पनि एउटा पिर मेरी अमाको,

शर्मिला लामिछाने स्व. धनसरीकी कान्छी बुहारी हुनहुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

मैले पेट नभरे यो पनि भोकै हुने हो कि, रात दिनै
पेट नभरिएर रुने हो कि ....।

जब सकिए उनी आमा भएकै कारण कुना परेका दिनहरु
अब त उनी तङरी सकिन्
सुरु भए उनका रोकिएका दैनिकीहरू मेलापात, घाँस, दाउरा
लेक, बेँसी कता पुग्नु पर्ने हो जहाँ तहीँ उनी नै पुग्नु पर्छ,
नत्र गाई , बाँ बाँ गर्ने
भैसी, बाख्रा गोठमै भोकै पर्ने
खेतबारी बाझै हुने
झरी, बादल, घाम, पानी उनका हितैषी साथी बने
कोक्रोलाई साथी बनाएर छोडेको दुधे बालकलाई
मातृ वात्सल्यताले
ढाक्न उनलाई फुर्सद नै कहाँ हुन्थ्यो र !
साँझ शरीरका पसिना ओभाउन कहाँ पाउँथ्यो र
उता दिनभरी एक्लै छोडेको बच्चा, न्यास्रो मान्दै
आमाको काखमा लुटुपुटु हुन
टुलुटुलु आमातिर हेरिरहेको
मलिनो अनुहारले कुटुकुटु कलेजी
खाइरहेपनि
अगेँनामा आगो बाल्नको लागि हतारिएको मन
टाट्नाका बाख्रा खोरमा हुल्न धकेलिएको
हुन्छ।

स्यार्र-स्यार्र एक मुठी चामल उमालेर झ्यार्र पार्दै
के को झोल ? उम्मलियो
हत्तपत्त तात्तातै पाकेको भात मिचिमिची मेरै भोक
मेटाउने हतारमा
मेरि आमा आफ्नो पेट बटारिएको चालै नपाउने
किनकि,
मलाई अघाउनु नै उनको सन्तुष्टि थियो
अब ठुलो भयो कोक्रोबाट आफैँ भाग्छ जता गए नि पछ्याउने म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कहिले घाँसको भारीमाथि त कहिले बारीको कुनामा भए पनि
आमासँगै हुन पाएकोमा मख्ख परेको म माटोसँगै हुर्किएको
मेरि आमाको पहिलो सन्तान
उनको खुसीको संसार
हरेक संघर्षलाई छिचोल्दै छिचोल्दै सन्तानकै खुसीमा रमाएकी
मेरी आमा
सन्तानलाई थोरै पीडा हुँदा पनि उनको मनमा असह्य पीडा हुन्थ्यो
तर पनि उनको पीडा पोखेर बस्न फुर्सद नै
कहाँ हुन्थ्यो र
सधैँको चटारो मेरी आमाको
ढुक्कले सास फेर्न पनि भ्याई नभ्याई हुन्थ्यो......
जति शब्द खर्चे पनि नपुग्ने मेरी आमाको भोगाइसँगै हुर्केको
म आमाको बुढेसकालको सहारा बन्न सकूँ
जसरी म खुसी हुँदा मेरी आमा खुसी हुन्थिन् त्यसरी नै
मेरी आमालाई खुसी राख्न सँकू ।

प्यारी आमा

मलाई जन्म दिई संसार दिएर देखाइदिने,
म भोकाएको बेलामा मेरो पेट भरिदिने,
म रोएको बेलामा शान्त गरिदिने,
मेरी आमा !
हामीलाई के राम्रो के नराम्रो सिकाउने
आमा भनेकै संसारको पहिलो गुरु
सवैभन्दा प्यारी मेरो आमा

*सुगम लामिछाने

* सुगम लामिछाने स्व. धनसरीका नाति हुनुहुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

गोत्रप्रणाली र महर्षि गर्ग



आदि पुरुष महर्षि गर्ग

* प्रेमलाल लामिछाने

हिन्दू धर्म संस्कृति अनुसार आफ्ना पुर्ख्यौली चिनाउने उपनाम वा वंश परम्परालाई गोत्र भनिन्छ । गोत्रलाई कूल वा खलक पनि भन्ने गरिन्छ । हिन्दू धर्मावलम्बीहरू कुनै न कुनै ऋषिमुनिका सन्तति मानिन्छन् । आज सम्म तीनै ऋषिमुनिहरूसँग सम्बन्धित गोत्रले पितापुर्खाहरूको वंश पहिचानलाई स्थापित तथा निरन्तरता दिंदै आएको छ। गोत्र विभाजनको प्रक्रिया ऋग्बेदकालीन समयबाट प्रारम्भ भएको मानिन्छ । बैदिक कालमा ऋषि मुनिहरूले आफ्ना सन्ततिहरूको कुल वंश पहिचानका लागि आ-आफ्ना नामबाट गोत्र प्रारम्भ गरेको देखिन्छ। गोत्रहरू सप्तर्षि विश्वामित्र, भारद्वाज, गौतम, अत्रि, वशिष्ट, जमदग्नी, कश्यपका रूपमा परिचित हुन्थे । पछि आठौं ऋषिको रूपमा अगस्त्यमुनि थपिए । भारतीय विद्वान ज्वालाप्रसाद मिश्रका अनुसार प्रचलित विभिन्न गोत्रहरूमध्ये काश्यप, भारद्वाज, शाण्डिल्य, संस्कृत, कात्यान, उपमन्यु, धनन्जय, अत्रि, कपिस्त, गौतम, गर्ग, कौशिक, वशिष्ट, वत्स र पराशरलाई मुख्य गोत्रको रूपमा उल्लेख गरिएको छ । कालान्तरमा यिनै र थप अन्य ऋर्षिपुत्रहरूको नामबाट अन्य गोत्रको नाम थपिदै गएको देखिन्छ । आफ्नो पुर्खा मध्ये कुनै ऋषिमुनि वा माहात्माको नामबाट गोत्र थप हुंदै जाँदा हाल गोत्रको मूल हाँगा नै ४९ भन्दा बढी थरी रहेको पाइन्छ । ऋषि वंशबाट आरम्भ भएर बाजे, बाबु, छोरा, नाति, पनाति, खनाति आदि क्रमशः हुँदै वंश पद्धति विकास भएको पाइन्छ ।

माथी उल्लिखित ऋषिहरू मध्ये गर्ग ऋषि प्रख्यात महर्षि हुन् । पौराणिक शास्त्रहरूमा मतैक्य नभए पनि गर्ग ऋषिलाई शिवका १८ अवतारहरू मध्ये एक मानिन्छ । कतिपय पूराणहरूमा गर्गको जन्म गर्गाचल पर्वतमा भएको भनिए पनि योगी नरहरिनाथका अनुसार आदि पुरुष महर्षि गर्गको जन्म हालको जुम्ला जिल्लाको गर्गकोटमा भएको दावी छ । गर्ग ऋषिको जन्म भाद्र शुक्लपक्षको पञ्चमीमा भएको थियो । उक्त पञ्चमीलाई ऋषि पञ्चमी पनि भनिन्छ । गर्ग ऋषिका गार्ग्य र गार्गी नाम गरेका पुत्र तथा पुत्री थिए। वेदकी व्याख्याता, दार्शनिक तथा ब्रम्हविद् रूपमा प्रख्यात विदुषी गार्गीको जन्म पनि गर्गकोटमै भएको भन्ने तथ्यले उनी गर्ग ऋषिकै सन्तान भएको पुष्टि हुन्छ ।

महर्षि गर्ग एक प्रकाण्ड विद्वान ऋषिमा पर्दछन्। सप्तऋषि हुँदै १८ बैदिक ऋषि मध्येमा पर्ने गर्ग ऋषि आयुर्वेदाचार्य, ज्योतिषाचार्य, बास्तुशास्त्रविद् र प्रखर गणितज्ञ थिए। गर्गऋषिले शेषनागबाट ज्योतिषशास्त्र सिकेका थिए भन्ने भनाइ छ। गर्गगोत्रका आदि पुरुष गर्गऋषिले गर्गस्मृति, वाणीशास्त्र, वेदचक्षु, सिद्धान्त, होरा देवर्षी चरित्र, गर्ग संहिता आदि

प्रेमलाल लामिछाने स्व. धनसरीका ज्येष्ठ सुपुत्र हुनुहुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कृति रचना गरेका थिए। गर्ग संहितालाई उनको प्रमुख रचना मानिन्छ। गर्ग संहितामा भगवान श्री कृष्ण लिलाको महिमा गाथा सविस्तार उल्लेख गरिएको छ। भनिन्छ उक्त सन्दर्भ गर्गसंहिताको सानो अंश मात्र हो मुख्य हिस्सा अझै अप्राप्य छ। अप्राप्य कृतिमा पर्ने यन्त्रकल्पका सिर्जनाकार महर्षि गर्ग नै थिए।

अंगीरस ऋषिका सन्तति गर्ग ऋषिले पछि आफ्ना सन्ततिहरूका लागि आफ्नै नाममा गर्ग गोत्रको सुरुवात गरे। गर्गगोत्रका पञ्चप्रवरमा गर्ग, गार्ग्य, गौतम, विश्वामित्र र पराशर पर्दछन्। यदुवंशका कूलगुरु मानिने महर्षि गर्गले भगवान श्री कृष्ण र बलरामको नामाकरण संस्कार, ब्रतवन्ध र मन्त्रदीक्षा गराएका थिए। यिनै परमपुरष महर्षिले शिव पार्वतीको विवाह सम्पन्न गराएका थिए। महाराज युधिष्टिरको राजसूय यज्ञमा समेत महर्षि गर्गलाई मुख्य पात्रको रूपमा आमन्त्रण गरिएको पूराणहरूमा उल्लेख गरेको पाइन्छ।

गर्ग ऋषिका सन्तानहरूको पनि थर भने फरक फरक पाइन्छ। गर्गगोत्रीहरू कालान्तरमा बसाइ सराइ गर्दै जाँदा फरक फरक स्थान विशेषका आधारमा गर्ग गोत्रभित्र विभिन्न थर विकसित हुँदै गएको हो। दैलेख जिल्लाको पश्चिममा पर्ने लामिछानी गाउँ उद्गमस्थल भएकाहरू लामिछानेहरूको उत्पत्ति भएको हो भन्ने मत बिलयो रहेको छ। लामिछाने थर ब्राम्हण क्षेत्रीमा मात्र नभएर लामिछाने गुरुङ, लामिछाने मगर, लामिछाने थापा समेत रहेको पाइन्छ। दैलेख जिल्लाकै बाँस्तोली गाउँबाट उद्गम भएकाहरू कालान्तरमा बास्तोला थरले चिनिए। गर्गका सगोत्री सम्बन्धमा पण्डित शिखरनाथको "थरगोत्र प्रवरावली"मा यसरी उल्लेख गरिएको छ :

बाँस्तोला, गजुरेल, भट्ट र रिसाल जो लामिछाने अनि।
भुर्तेल चाहिँ अचार्जको र अनि लाम्छाने त थापा पनि।।
रोकाहा र चुँडालको र भुरतेल् हुन् गर्गगोत्र यति।
कन्यादान सगोत्रीमा नगरनु घोर्पाप लाग्ला अति।।

यसका अतिरिक्त गर्ग गोत्रीय अन्य थरहरूमा : डोटेल, भेटवाल, लामिछाने बस्नेत, मुगाली थापा, पाल्पाली खड्का, राजोपाध्याय आदि समेत पर्दछन्।

शास्त्र अनुसार सगोत्री थर भित्र बिवाहवारी वर्जित छ। जुनसुकै थर भए पनि सगोत्री थर भित्र पर्ने केटाकेटी दाजु बहिनी वा दिदी भाइ सरह हुन भन्ने छ। जानेर वा नजानेर सात पुस्ता भित्रकी सगोत्री कन्यासँग बिवाह हुन गएमा त्यस्ती स्त्रीसँग भोग नगरेर आमालाई पाले सरह सम्मानपूर्वक पाल्नु पर्दछ तव मात्र प्रायश्चित हुन्छ भनिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

ऋषि गर्गले साक्षात्कार गरेका वैदिक मन्त्रहरूको नेपाली अनुवाद

*डा.माधवप्रसाद लामिछाने

पृष्ठभूमि

गर्ग गोत्रका लामिछानेहरूको मूल थलो नेपालमा खोज्दै गए हामी जुम्ला पुग्छौँ। लामो छानो बुझाउने लामिछान अनि लामो छाने बनाउने वा लामो छानो भएका लामिछानेहरूको मूल थलो जुम्लाको लामाथाडा भन्ने ठाउँ हो। सिञ्जाली इलाकाको भाषिकामा लामिछानलाई लामाथाडा भन्ने गरिएकाले लामो छानो भन्ने अर्थ दिने लामाथाडा भन्ने ठाउँबाट नै लामिछानेहरू नेपालभरि छरिए भन्नु गलत हुने छैन। लामाथाडाका निर्माता सिञ्जाली नरेश पृथ्वी मल्ल र उनका पिता पुण्य मल्लले आफ्ना अभिलेखहरूमा आफूलाई गर्गगोत्री भएको दाबी गरेका छन्। यसै सन्दर्भमा जुम्लाको गर्ज्याङकोट गर्ग ऋषिको तपस्थली थियो भनेर योगी नरहरिनाथले बताउने गरेको कुरा पनि स्मरण हुन्छ।

अब प्रकृत विषयतिर लागौँ। लामिछाने गर्ग गोत्रका हुन् अर्थात् लामिछानेहरू गर्ग ऋषिको सन्ततिपरम्परा वा शिष्यपरम्पराको शृंखलामा जोडिएका छन्। ऋषि गर्ग चतुर्थ भरद्वाजका पुत्र हुन्। पौराणिक इतिहासमा भरद्वाज नामका चार जना ऋषिहरूको अस्तित्व देखिएको छ। प्रथम भरद्वाज हुन्– बृहस्पतिकी पत्नी ममताका पुत्र। भरत सम्राट्ले जसलाई आफ्नो राज्यको उत्तराधिकारी बनाएका थिए ती हुन् द्वितीय भरद्वाज। तृतीय भरद्वाजको अस्तित्व राजा अजमीढको शासनकालमा देखिन्छ भने चतुर्थ भरद्वाज कृष्ण आंगिरसका नामले प्रसिद्ध छन्। यिनैका पुत्र हुन् मन्त्रद्रष्टा ऋषि गर्ग। उनले केही वैदिक मन्त्रहरूको साक्षात्कार गरेका थिए। उनले साक्षात्कार गरेका ती मन्त्रहरू ऋग्वेदको छैठौँ मण्डलको ४७ औँ सूक्तमा संग्रह गरिएको छ। तिनै ऋषि गर्गको सन्ततिपरम्परा वा शिष्यपरम्परामा जन्मिने अवसर पाएका लामिछाने बन्धुहरूलाई हामी मन्त्रद्रष्टा ऋषिका सन्तति हौँ भन्ने बोध होस् र आफ्नो कुलको गौरव बढाउन प्रेरणा मिलोस् भन्ने उद्देश्यले हाम्रा गोत्र प्रवर्तक ऋषि गर्गले साक्षात्कार गरेका मन्त्रहरूको मूल संस्कृत पाठ र त्यसको नेपाली अनुवाद यहाँ प्रस्तुत गरिएको छ।

ऋषि गर्गले साक्षात्कार गरेका वैदिक मन्त्रहरूको मूल पाठ र त्यसको नेपाली अनुवाद

स्वादुष्किलायं मधुमाँ उतायं तीव्रः किलायं रसवाँ उतायम्।

उतो न्वऽस्य पपिवांसमिन्द्रं न कश्चन सहत आहवेषु ॥१॥

यो निचोरिएको सोमरस स्वादिष्ट, मधुर एवं तीव्र रसले युक्त छ। यसलाई पिउने इन्द्रका अगाडि युद्धमा कोही टिक्न सक्तैन ॥१॥

---

* *डा.माधवप्रसाद लामिछाने नेपाल संस्कृत विश्वविद्यालय वाल्मीकि विद्यापीठ, पूर्वमीमांसा तथा तन्त्र विभागमा कार्यरत सहप्राध्यापक हुनुहुन्छ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कृति रचना गरेका थिए। गर्ग संहितालाई उनको प्रमुख रचना मानिन्छ। गर्ग संहितामा भगवान श्री कृष्ण लिलाको महिमा गाथा सविस्तार उल्लेख गरिएको छ। भनिन्छ उक्त सन्दर्भ गर्गसंहिताको सानो अंश मात्र हो मुख्य हिस्सा अझै अप्राप्य छ। अप्राप्य कृतिमा पर्ने यन्त्रकल्पका सिर्जनाकार महर्षि गर्ग नै थिए।

अंगीरस ऋषिका सन्तति गर्ग ऋषिले पछि आफ्ना सन्ततिहरूका लागि आफ्नै नाममा गर्ग गोत्रको सुरुवात गरे। गर्गगोत्रका पञ्चप्रवरमा गर्ग, गार्ग्य, गौतम, विश्वामित्र र पराशर पर्दछन्। यदुवंशका कूलगुरु मानिने महर्षि गर्गले भगवान श्री कृष्ण र बलरामको नामाकरण संस्कार, ब्रतवन्ध र मन्त्रदीक्षा गराएका थिए। यिनै परमपुरष महर्षिले शिव पार्वतीको विवाह सम्पन्न गराएका थिए। महाराज युधिष्टिरको राजसूय यज्ञमा समेत महर्षि गर्गलाई मुख्य पात्रको रूपमा आमन्त्रण गरिएको पूराणहरूमा उल्लेख गरेको पाइन्छ।

गर्ग ऋषिका सन्तानहरूको पनि थर भने फरक फरक पाइन्छ। गर्गगोत्रीहरू कालान्तरमा बसाइ सराइ गर्दै जाँदा फरक फरक स्थान विशेषका आधारमा गर्ग गोत्रभित्र विभिन्न थर विकसित हुँदै गएको हो। दैलेख जिल्लाको पश्चिममा पर्ने लामिछानी गाउँ उद्गमस्थल भएकाहरू लामिछानेहरूको उत्पत्ति भएको हो भन्ने मत बिलयो रहेको छ। लामिछाने थर ब्राम्हण क्षेत्रीमा मात्र नभएर लामिछाने गुरुङ, लामिछाने मगर, लामिछाने थापा समेत रहेको पाइन्छ। दैलेख जिल्लाकै बाँस्तोली गाउँबाट उद्गम भएकाहरू कालान्तरमा बास्तोला थरले चिनिए। गर्गका सगोत्री सम्बन्धमा पण्डित शिखरनाथको "थरगोत्र प्रवरावली"मा यसरी उल्लेख गरिएको छ :

बाँस्तोला, गजुरेल, भट्ट र रिसाल जो लामिछाने अनि।
भुर्तेल चाहिं अचार्जको र अनि लाम्छाने त थापा पनि।।
रोकाहा र चुंडालको र भुरतेल् हुन् गर्गगोत्र यति।
कन्यादान सगोत्रीमा नगरनु घोर्पाप लाग्ला अति।।

यसका अतिरिक्त गर्ग गोत्रीय अन्य थरहरूमा : डोटेल, भेटवाल, लामिछाने बस्नेत, मुगाली थापा, पाल्पाली खड्का, राजोपाध्याय आदि समेत पर्दछन्।

शास्त्र अनुसार सगोत्री थर भित्र बिवाहवारी वर्जित छ। जुनसुकै थर भए पनि सगोत्री थर भित्र पर्ने केटाकेटी दाजु बहिनी वा दिदी भाइ सरह हुन भन्ने छ। जानेर वा नजानेर सात पुस्ता भित्रकी सगोत्री कन्यासँग बिवाह हुन गएमा त्यस्ती स्त्रीसँग भोग नगरेर आमालाई पाले सरह सम्मानपूर्वक पाल्नु पर्दछ तव मात्र प्रायश्चित हुन्छ भनिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

ऋषि गर्गले साक्षात्कार गरेका वैदिक मन्त्रहरूको नेपाली अनुवाद

पृष्ठभूमि

*डा.माधवप्रसाद लामिछाने

गर्ग गोत्रका लामिछानेहरूको मूल थलो नेपालमा खोज्दै गए हामी जुम्ला पुग्छौँ। लामो छानो बुझाउने लामिछान अनि लामो छाने बनाउने वा लामो छानो भएका लामिछानेहरूको मूल थलो जुम्लाको लामाथाडा भन्ने ठाउँ हो। सिञ्जाली इलाकाको भाषिकामा लामिछानलाई लामाथाडा भन्ने गरिएकाले लामो छानो भन्ने अर्थ दिने लामाथाडा भन्ने ठाउँबाट नै लामिछानेहरू नेपालभरि छरिए भन्नु गलत हुने छैन। लामाथाडाका निर्माता सिञ्जाली नरेश पृथ्वी मल्ल र उनका पिता पुण्य मल्लले आफ्ना अभिलेखहरूमा आफूलाई गर्गगोत्री भएको दाबी गरेका छन्। यसै सन्दर्भमा जुम्लाको गर्ज्याङकोट गर्ग ऋषिको तपस्थली थियो भनेर योगी नरहरिनाथले बताउने गरेको कुरा पनि स्मरण हुन्छ।

अब प्रकृत विषयतिर लागौँ। लामिछाने गर्ग गोत्रका हुन् अर्थात् लामिछानेहरू गर्ग ऋषिको सन्ततिपरम्परा वा शिष्यपरम्पराको शृंखलामा जोडिएका छन्। ऋषि गर्ग चतुर्थ भरद्वाजका पुत्र हुन्। पौराणिक इतिहासमा भरद्वाज नामका चार जना ऋषिहरूको अस्तित्व देखिएको छ। प्रथम भरद्वाज हुन्– बृहस्पतिकी पत्नी ममताका पुत्र। भरत सम्राट्ले जसलाई आफ्नो राज्यको उत्तराधिकारी बनाएका थिए ती हुन् द्वितीय भरद्वाज। तृतीय भरद्वाजको अस्तित्व राजा अजमीढको शासनकालमा देखिन्छ भने चतुर्थ भरद्वाज कृष्ण आंगिरसका नामले प्रसिद्ध छन्। यिनैका पुत्र हुन् मन्त्रद्रष्टा ऋषि गर्ग। उनले केही वैदिक मन्त्रहरूको साक्षात्कार गरेका थिए। उनले साक्षात्कार गरेका ती मन्त्रहरू ऋग्वेदको छैठौँ मण्डलको ४७ औँ सूक्तमा संग्रह गरिएको छ। तिनै ऋषि गर्गको सन्ततिपरम्परा वा शिष्यपरम्परामा जन्मिने अवसर पाएका लामिछाने बन्धुहरूलाई हामी मन्त्रद्रष्टा ऋषिका सन्तति हौँ भन्ने बोध होस् र आफ्नो कुलको गौरव बढाउन प्रेरणा मिलोस् भन्ने उद्देश्यले हाम्रा गोत्र प्रवर्तक ऋषि गर्गले साक्षात्कार गरेका मन्त्रहरूको मूल संस्कृत पाठ र त्यसको नेपाली अनुवाद यहाँ प्रस्तुत गरिएको छ।

ऋषि गर्गले साक्षात्कार गरेका वैदिक मन्त्रहरूको मूल पाठ र त्यसको नेपाली अनुवाद

स्वादुष्किलायं मधुमाँ उतायं तीव्रः किलायं रसवाँ उतायम्।

उतो न्वऽस्य पपिवांसमिन्द्रं न कश्चन सहत आहवेषु ॥१॥

यो निचोरिएको सोमरस स्वादिष्ट, मधुर एवं तीव्र रसले युक्त छ। यसलाई पिउने इन्द्रका अगाडि युद्धमा कोही टिक्न सक्तैन ॥१॥

** डा.माधवप्रसाद लामिछाने नेपाल संस्कृत विश्वविद्यालय वाल्मीकि विद्यापीठ, पूर्वमीमांसा तथा तन्त्र विभागमा कार्यरत सहप्राध्यापक हुनुहुन्छ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अयं स्वादुरिह मदिष्ठ आस यस्येन्द्रो वृत्रहत्ये ममाद ॥

पुरूणि यश्च्यौत्ना शम्बरस्य वि नवतिं नव च देह्योऽहन् ॥२॥

यो सोमरस यस यज्ञमा अत्यन्त मादक थियो । वृत्रासुरलाई मार्ने समयमा इन्द्र यसै सोमरसको मदले मत्त भएका थिए । यसैका कारण शम्बर का ९९ शहर तथा सेनाहरूको नाश भएको थियो ॥२॥

अयं मे पीत उदियर्ति वाचमयं मनीषामुशतीमजीगः ।

अयं षडुर्वीरमिमीत धीरो न याभ्यो भुवनं कच्चनारे ॥३॥

यो सोमरस पिउनाले यसले मेरो वाणीलाई सुस्पष्ट बनाउँछ एवं मनले चाहेको बुद्धि प्रदान गर्दछ । यही धीर सोमरसले छ प्रकारका अवस्थाहरू बनाएको हो । कुनै पनि प्राणी यसबाट टाढा रहन सक्तैन ॥३॥

अयं स यो वरिमाणं पृथिव्या वर्माणं दिवो अकृणोदयं सः ।

अयं पीयूषं तिसृषु प्रवत्सु सोमो दाधारोर्वऽन्तरिक्षम् ॥४॥

यो सोमरसले धरतीलाई विस्तार गरेको छ र स्वर्गलाई बलियो बनाएको छ । यसैले औषधि, जल र गाई यी तीन उत्तम आधारहरूमा रस धारण गरेको छ । यसैले विस्तृत आकाशलाई धारण गर्दछ ॥४॥

अयं विदच्चित्रदृशीकमर्णः शुक्रसद्मनामुषसामनीके ।

अयं महान्महता स्कम्भनेनोद् द्यामास्तभ्नाद् वृषभो मरुत्वान् ॥५॥

उज्ज्वल आकाशमा रहने उषाभन्दा पहिले सोमरसले नै नाना प्रकारको प्रकाशवाला सूर्यको प्रकाश प्राप्त गर्दछ । जल बर्साउने यो सोम मरुतहरूसँग मिलेर महान् बलका माध्यमबाट बलिया खम्बाको सहाराले स्वर्गलाई धारण गर्दछ ॥५॥

धृषत्पिब कलशे सोममिन्द्र वृत्रहा शूर समरे वसूनाम् ।

माध्यन्दिने सवन आ वृषस्व रयिस्थानो रयिमस्मासु धेहि ॥६॥

हे वीर इन्द्र ! तिमी कलशमा राखिएको सोमरस पिऊ र धनका लागि गरिने युद्धमा शत्रुहरूलाई नाश गर । हे धनपात्र इन्द्र ! अपराह्नको यज्ञमा सोमरसले आफ्नो पेट भर र हामीहरूलाई धन देऊ ॥६॥

इन्द्र प्रणः पुरएतेव पश्य प्रनो नय प्रतरं वस्यो अच्छ ।

भवा सुपारो अतिपारयो नो भवा सुनीतिरुत वामनीतिः ॥७॥

हे इन्द्र ! अगाडि अगाडि हिंड्ने मार्गदर्शकझैँ हामीहरूलाई हेर । हाम्रो सामुन्ने उत्तम धन ल्याऊ तथा हामीहरूलाई दुःख एवं शत्रुहरूबाट मुक्त गर । तिमी उत्तम नेता बनेर हामीहरूलाई धन भएतिर लैजाऊ ॥७॥

उरुं नो लोकमनु नेषि विद्वान्त्स्वर्वज्ज्योतिरभयं स्वस्ति ।

ऋष्वा त इन्द्र स्थविरस्य बाहू उपस्थेयाम शरणां बृहन्ता ॥८॥

हे विद्वान् इन्द्र ! हामीलाई फराकिलो स्वर्गमा लैजाऊ । त्यो स्वर्ग प्रकाशपूर्ण एवं भयरहित छ । हे शक्तिशाली इन्द्र ! हामी तिम्रो सुन्दर एवं बलिया हातपाखुरामाथि आफ्नो रक्षाका लागि भरोसा गर्दछौँ ॥८॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

वरिष्ठे न इन्द्र वन्धुरे धा वहिष्ठयोः शतावन्नश्वयोरा ।

इषमा वक्षीषां वर्षिष्ठां मा नस्तारीन्मघवन् रायो अर्यः ॥९॥

सयौँ सम्पत्तिहरूका स्वामी हे इन्द्र ! भारी बोक्न कुशल घोडाहरूले तानिने विस्तृत रथमा हामीलाई बसाऊ । तिमी हाम्रा लागि विभिन्न प्रकारका अन्नहरूमध्ये उत्तम अन्न प्रदान गर । हे धनस्वामी इन्द्र ! धनका विषयमा कोही पनि हामीभन्दा अगाडि जान नसकोस् ॥९॥

इन्द्र मृड मह्यं जीवातुमिच्छ चोदय धियमयसो न धाराम् ।

यत्किञ्चाहं त्वायुरिदं वदामि तज्जुषस्व कृधि मा देववन्तम् ॥१०॥

हे इन्द्र ! मलाई सुखी बनाऊ, मेरो लामो जीवनको कामना गर र मेरो बुद्धिलाई तरबारको धारझैँ तीखो बनाऊ । तिमीलाई आफ्नो बनाउनका लागि जे गरिरहेको छु त्यो कुरालाई बुझ र मलाई देवरूपी रक्षकहरूले युक्त बनाऊ ॥१०॥

त्रातारमिन्द्रमवितारमिन्द्रं हवेहवे सुहवं शूरमिन्द्रम् ।

ह्वयामि शक्रं पुरुहूतमिन्द्रं स्वस्ति नो मघवा धात्विन्द्रः ॥११॥

म शत्रुहरूबाट रक्षा गर्ने तथा अभिलाषा पूरा गरिदिने इन्द्रलाई बोलाउँछु । म शुभ कार्यमा आह्वान गरिने एवं शूर इन्द्रलाई बोलाउँछु । म सबै कार्य गर्न समर्थ एवं धेरैले बोलाइएका इन्द्रलाई बोलाउँछु । धनस्वामी इन्द्रले मलाई कल्याण गरुन् ॥११॥

इन्द्रः सुत्रामा स्ववाँ अवोभिः सुमृडीको भवतु विश्ववेदाः ।

बाधतां द्वेषो अभयं कृणोतु सुवीर्यस्य पतयः स्याम ॥१२॥

राम्रोसँग रक्षा गर्ने एवं धनस्वामी इन्द्र आफ्ना रक्षासाधनहरूद्वारा मलाई सुख दिऊन् । सबै कुरा जान्ने इन्द्रले हाम्रा शत्रुहरूलाई मारुन् र हामीलाई अभय प्रदान गरुन् । हामी इन्द्रको कृपाले वीरहरूका स्वामी बनौँ ॥१२॥

तस्य वयं सुमतौ यज्ञियस्यापि भद्रे सौमनसे स्याम ।

स सुत्रामा स्ववाँ इन्द्रो अस्मे आराच्चिद् द्वेषः सनुतर्युयोतु ॥१३॥

हामी यज्ञपात्र इन्द्रको शोभन अनुग्रहबुद्धि एवं कल्याणकारी मित्रता भावका लागि योग्य बनौँ । शोभन, रक्षक र धनवान् इन्द्र द्वेष गर्नेहरूलाई हामीबाट टाढा राखून् ॥१३॥

अव त्वे इन्द्र प्रवतो नोर्मिर्गिरो ब्रह्माणि नियुतो धवन्ते ।

उरू न राधः सवना पुरूण्यपो गा वज्रिन्युवसे समिन्दून् ॥१४॥

हे इन्द्र ! पानी जसरी तलतिर बग्दछ त्यसरी नै स्तुति गर्नेहरूको स्तुति, सोमरूप स्तोत्र, विशाल धन र विस्तृत सोमरस तिम्रा सामु जान्छ । हे वज्रधारी इन्द्र ! तिमी सोमरसमा गोरस एवं पानी राम्रोसँग मिलाउँछौ ॥१४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

क ईं स्तवत्कः पृणात्को यजाते यदुग्रमिन्मघवा विश्वहावेत्।

पादाविव प्रहरन्नन्यमन्यं कृणोति पूर्वमपरं शचीभिः ॥१५॥

कसले इन्द्रको स्तुति गर्न सक्तछ ? कसले यिनलाई प्रसन्न बनाउन सक्तछ ? कसले यिनको यज्ञ गर्न सक्तछ ? इन्द्र सदैव उग्र स्वभावका छन्। हिंड्दाखेरि अगाडि पछाडि हुने खुट्टाझैँ इन्द्र स्तुति गर्नेहरूलाई आफ्नो बुद्धिद्वारा कहिले आफ्नो अगाडि कहिले आफ्नो पछाडि राख्छन् ॥१५॥

शृण्वे वीर उग्रमुग्रं दमायन्नन्यमन्यमतिनेनीयमानः ।

एधमानद् विडुभयस्य राजा चोष्कूयते विश इन्द्रो मनुष्यान् ॥१६॥

इन्द्र प्रबल शत्रुहरूलाई दमन गर्दै र स्तोताहरूलाई वारंवार स्थान बदल्दै वीरका रूपमा प्रसिद्ध हुन्छन्। सोमरस ननिचोर्ने, उन्नत व्यक्तिहरूप्रति द्वेष भाव राख्ने तथा दिव्य र पार्थिव दुबै सम्पत्तिहरूका स्वामी इन्द्र आफ्ना सेवकहरूलाई रक्षाका लागि वारंवार बोलाउँछन् ॥१६॥

परा पूर्वेषां सख्या वृणक्ति वितर्तुराणो अपरेभिरेति ।

अनानुभूतीरवधून्वानः पूर्वीरिन्द्रः शरदस्तर्तरीति ॥१७॥

इन्द्र प्राचीन यज्ञकर्त्ताहरूको मित्रतालाई त्याग्दछन् र तिनको हिंसा गर्दै साधारण यज्ञकर्त्ताहरूका मित्र बन्दछन्। इन्द्र परिचर्यारहित प्रजाहरूलाई छोडेर स्तोताहरूका साथ धेरै वर्षसम्म रहन्छन् ॥१७॥

रूपं रूपं प्रतिरूपो बभूव तदस्य रूपं प्रतिचक्षणाय ।

इन्द्रो मायाभिः पुरुरूप ईयते युक्ता ह्यस्य हरयः शता दश ॥१८॥

इन्द्रले देवताहरूका प्रतिनिधि बनेर भिन्न भिन्न देवताहरूको रूप गरे। यिनको यस्तो रूप अन्य देवताहरूको दर्शनका लागि हुन्छ। इन्द्र मायाद्वारा अनेक रूप बनाएर यजमानका अगाडि जान्छन्। इन्द्रको रथमा एक हजार घोडाहरू नारिएका हुन्छन् ॥१८॥

युजानो हरिता रथे भूरि त्वष्टेह राजति ।

को विश्वाहा द्विषतः पक्ष आसत उतासीनेषु सूरिषु ॥१९॥

इन्द्र आफ्नो रथमा घोडा नार्दै तीनै लोकमा शोभा पाउँछन्। इन्द्रका अतिरिक्त यस्तो को छ जो स्तोताहरूको माझमा गएर ती शत्रुहरूका अगाडि उभिन सकोस् ?॥१९॥

अगव्यूति क्षेत्रमागन्म देवा उर्वी सती भूमिरंहूरणाभूत्।

बृहस्पते प्रचिकित्सा गविष्टावित्था सते जरित्रा इन्द्र पन्थाम् ॥२०॥

हे देवताहरू हो ! हामी घुम्दै घुम्दै गाईहरू विचरण नगरेको स्थानमा आइपुग्यौं। यहाँको फराकिलो धर्ती लुटेराहरूलाई आनन्द दिने खालको छ। हे बृहस्पति ! गाईलाई खोज्नमा तिमी हामीलाई प्रेरणा देऊ। हे इन्द्र ! यसप्रकारको दुःख पाएका स्तोताहरूलाई बाटो देखाऊ ॥२०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

दिवेदिवे सदृशीरन्यमर्धं कृष्णा असेधदप सद्मनो जाः ।

अहन्दासा वृषभो वस्नयन्तोदव्रजे वर्चिनं शम्बरं च ॥२१॥

इन्द्र आकाशको एक भागबाट सूर्यका रूपमा प्रकट भएर अर्को आधा भाग प्रकाशित गर्नका लागि प्रतिदिन समानरूपवाला कालो रातलाई समाप्त गर्दछन् । वर्षा गराउने इन्द्रले 'उदवज्र' नामक स्थानमा धन चाहने दासराज शम्बर एवं वर्चीलाई मारेका थिए ॥२१॥

प्रस्तोक इन्नु राधसस्त इन्द्र दश कोशयीर्दश वाजिनोऽदात् ।

दिवोदासादतिथिग्वस्य राधः शाम्बरं वसु प्रत्यग्रभीष्म ॥२२॥

हे इन्द्र ! प्रस्तोकले तिम्रो स्तुति गर्नेहरूलाई अर्थात् हामीहरूलाई दशवटा घोडा र दशवटा स्वर्णद्रव्य दिएका थिए । अतिथिग्वले शम्बरलाई जितेर जुन धन पाएका थिए त्यही हामीले दिवोदासबाट ग्रहण गर्‍यौँ ॥२२॥

दशाश्वान्दश कोशान्दश वस्त्राधिभोजना ।

दशो हिरण्यपिण्डान् दिवोदासादसानिषम् ॥२३॥

मैले दिवोदासबाट दशवटा घोडा, सुनको दशवटा सन्दुक, दश प्रकारका भोजन एवं वस्त्र र सुनका दशवटा डल्ला पाएको थिएँ ॥२३॥

दश रथान्प्रष्टिमतः शतं गा अथर्वभ्यः ।

अश्वथः पायवेऽदात् ॥२४॥

अश्वत्थले पायुलाई घोडासहितका दशवटा रथ एवं अथर्व गोत्रका ऋषिहरूलाई सयवटा गाई दिएका थिए ॥२४॥

महि राधे विश्वजन्यं दधानान् ।

भरद्वाजान्त्सार्ञ्जयो अभ्ययष्ट ॥२५॥

सबैको भलाइका लागि धेरै धन धारण गर्ने भरद्वाजगोत्रीय ऋषिहरूको सृञ्जयपुत्र पुस्तोकले पूजा गरेका थिए ॥२५॥

वनस्पते वीड्वङ्गो हि भूया अस्मत्सखा प्रतरणः सुवीरः ।

गोभिः सन्नद्धो असि वीडयस्वास्थाता ते जयतु जेत्वानि ॥२६॥

काठले बनेको हे रथ ! तिमी बलिया अवयवहरूले युक्त बन । तिमी हाम्रा मित्र, उन्नतिकारक एवं शोभन वीरहरूले युक्त बन । तिमी गाईको छालाले ढाकिएका छौ, हामीलाई बलिया बनाऊ । तिम्रो भरोसा गर्ने रथी वीरले शत्रुहरूलाई जितोस् ॥२६॥

दिवस्पृथिव्याः पर्योज उद्भृतं वनस्पतिभ्यः पर्याभृतं सहः ।

अपामोज्मानं परि गोभिरावृतमिन्द्रस्य वज्रं हविषा रथं यज ॥२७॥

हे अध्वर्युगण ! स्वर्ग एवं धर्तीमा साररूप अंश से बनेको, वनस्पतिको बलियो अंशले बनेको, पानीको गतिले युक्त, गाईको छालाले ढाकिएको एवं इन्द्रको वज्रसमान रथलाई लक्ष्य गरेर यज्ञ गर ॥२७॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

इन्द्रस्य वज्रो मरुतामनीकं मित्रस्य गर्भो वरुणस्य नाभिः ।

सेमां ना हव्यदातिं जुषाणो देव रथ प्रति हव्या गृभाय ॥२८॥

हे दिव्य रथ ! तिमी इन्द्रको वज्र, मरुत्हरूको अगाडि हिँड्ने, मित्रको गर्भ एवं वरुणको नाभि हौ । यस यज्ञमा यज्ञक्रिया हेर्दै तिमी हव्य स्वीकार गर ॥२८॥

उप श्वासय पृथिवीमुत द्यां पुरुत्रा ते मनुतां विष्ठितां जगत् ।

स दुन्दुभे सजूरिन्द्रेण देवैर्दूराद्दवीयो अप सेध शत्रून् ॥२९॥

हे दुन्दुभि ! धर्ती र आकाशलाई गुञ्जायमान गर । अचर प्राणी तिम्रो शब्दलाई जानून् । तिमी इन्द्र तथा अन्य देवताहरूका साथ मिलेर हाम्रा शत्रुहरूलाई धेरै टाढा भगाऊ ॥२९॥

आक्रन्दय बलमोजो न आधानिः ष्टनिहि सुरिता बाधमानः ।

अप प्रोथ दुन्दुभे दुच्छुना इत इन्द्रस्य मुष्टिरसि वीडयस्व ॥३०॥

हे दुन्दुभि ! हाम्रा शत्रुहरूलाई रुवाऊ र हामीलाई ओज तथा बल देऊ । तिमी शत्रुहरूलाई बाधा गर्दै आवाज निकाल । हाम्रो दुःख जसको सुखको कारण बनेको छ त्यस्तालाई भगाऊ । तिमी इन्द्रको मुठी हौ । तिमी हामीलाई बल देऊ ॥३०॥

आमूरज प्रत्यावर्तयेमाः केतुमद् दुन्दुभिर्वावदीति ।

समश्वपर्णाश्चरन्ति नो नरोऽस्माकमिन्द्र रथिनो जयन्तु ॥३१॥

हे इन्द्र ! शत्रुहरूले बाँधेर राखेका हाम्रा गाईहरू ल्याइऊ । सबैलाई ज्ञान गराउनका लागि यी दुन्दुभिहरु बारम्बार बजिरहेका छन् । हाम्रा सैनिकहरू घोडाहरूमा चढेर घुमिरहेका छन् । हे इन्द्र ! हाम्रो रथमा चढेका सैनिकहरूले सबैलाई जितून् ॥३१॥

सहप्राध्यापक, पूर्वमीमांसा तथा तन्त्रविभाग, नेपाल संस्कृत विश्वविद्यालय, वाल्मीकि विद्यापीठ, काठमाडौँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitlzation by eGangotri

व्यष्टिबाट समष्टिको यात्रा
'धनसरी लामिछाने स्मृतिग्रन्थ'

*निर्मलकुमार आचार्य

'धनसरी लामिछाने स्मृतिग्रन्थ' प्रकाशन हुन लागेको सुन्दा निकै प्रसन्नता अनुभव भयो। यस प्रकारका स्मृतिग्रन्थले व्यक्तिविशेषका व्यक्तित्व तथा कृतित्वमाथि त प्रकाश पार्छन् नै, साथै तत्कालीन देश, काल, पात्र र परिवेशलाई पनि सहजै जीवन्त तुल्याउँछन्। यस अर्थमा प्रस्तुत स्मृतिग्रन्थले वात्सल्यकी प्रतिमूर्ति, ममतामयी, कर्मठ तथा लगनशील माता धनसरी लामिछानेको बहुआयामिक व्यक्तित्वको परिचय गराउनुका साथै समसामयिक अन्य विभिन्न पाटालाई पनि सजीव तुल्याएको देखिन्छ।

'धनसरी लामिछाने स्मृतिग्रन्थ' व्यष्टिमा मात्र सीमित नरहनु यसको वैशिष्ट्य हो। 'गागरमा सागर' भनिए झैं यो लघु स्मृतिग्रन्थमा अनेक रत्न छरिएर रहेका छन्। कुल ६ खण्डमा विभाजित यस प्रस्तुतिमा माता धनसरी लामिछानेको जीवनीसँगै उनको माइती तथा घरखलकको पनि चिनारी दिइएको छ। उनका छोराछोरी, आफन्त तथा बन्धुबान्धवका संस्मरणमा भावनात्मक स्पन्दन मात्र होइन, पितृप्रति श्रद्धा, भक्ति र समर्पणको झलक पनि रहेको छ। 'मातृदेवो भवः' को महत्व बखान्ने विभिन्न कविता, गीत आदि पनि रहेका छन्। २०७५ सालमा आमाको चिरकालीन स्मृतिका लागि स्थापित 'धनसरी स्मृति प्रतिष्ठान' को औचित्य, विधान तथा गतिविधिबारे समेत जानकारी दिइएको छ। पुछारमा विभिन्न चित्रावली तथा टिपनटापनसहित निर्मलपोखरी, ठूलढुङ्गा बागमारा, चिसापानीका लामिछाने बन्धुको सङ्क्षिप्त वंशवृक्ष समेत रहेको छ। गोत्रप्रणाली तथा महर्षि गर्गसम्बन्धी विषयवस्तु समेत समेटी स्मृतिग्रन्थलाई बढी उपयोगी बनाउने इमानदार प्रयास सम्पादक प्रेमलाल लामिछानेले गर्नुभएको छ। अनेक पक्ष समेटिएकाले नै 'धनसरी लामिछाने स्मृतिग्रन्थ' लाई 'गागरमा सागर' को दृष्टान्त दिइएको हो।

घरकै बाटोबाट प्रवेश गरी महामार्गको यात्रा तय गर्नखोजेको आशयमा यस स्मृतिग्रन्थलाई लिनसकिन्छ। आकार, प्रकार, विधि, नियम आदिका चश्माले होइन, भावनाको विशुद्ध नजरले हेर्दा यसले भर्नखोजेको उडान प्रशंसनीय रहेको छ। बाँचुन्जेल बाबु, आमाप्रति सन्ततिको कर्तव्यपालन गर्ने, बाबु, आमा दिवङ्गत भएपछि पनि समयसुहाउँदो रीतिथिती नछाड्ने, पितापुर्खाप्रति गौरव गर्ने र कुलतत्वको खोजीमा रमाउने प्रवृत्ति जोसुकैमा कहाँ हुन्छ र !

'क्वाहं कोऽहं कुलं किंमे सम्बन्ध कीदृशो मम।

स्व स्वधर्मो नलुप्यते तर्ह्येदं चिन्तयेद्बुधः ॥'

यो पूर्वीय दर्शनको श्लोक हो, यसको अर्थ हो– 'म कहाँबाट आएको हुँ ? म को हुँ ? कुन वंशसँग मेरो सम्बन्ध छ ? जस्ता विषयमा जानकारी राखिएन भने आफ्नो कुलधर्म लोप हुने डर रहन्छ, त्यसैले स्वधर्म रक्षाखातिर ज्ञानीजनले

* *निर्मलकुमार आचार्य गोरखापत्र दैनिकका पूर्व प्रधानसम्पादक तथा गर्गगोत्री आचार्य समाजका संस्थापक अध्यक्ष हुनुहुन्छ*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कुलधर्मलाई जान्नैपर्दछ । ' उक्त श्लोकमा भनिए जस्तै यस स्मृतिग्रन्थमा पनि माता, पिता, पुर्खा हुँदै आफ्नो कुलधर्म एवं अस्तित्वको पहिचान गर्न खोजिएको छ ।

आफ्नो बारेमा जान्नचाहनेलाई नाम, थर, परम्परा, रीतिथिति, जनश्रुति, किम्बदन्ती, इतिहास, पुराण, लेखोट आदिले मद्दत गर्छन् । 'लामिछाने' महर्षि गर्गका सन्तान हुन् । गर्गगोत्री आचार्यहरूको वंशावली सङ्कलन, लेखन तथा सम्पादनका क्रममा यस पङ्क्तिकारलाई लामिछाने बन्धुबान्धवबाट पनि सहयोग प्राप्त भएको थियो । अधिकांश गर्गगोत्री आचार्यले आफूलाई लामिछाने आचार्य वा भुर्तेल आचार्य नै भन्ने गरेकाले पनि यसको गहिराइमा पुग्नु अनिवार्य बनेको हो । २०६१ सालमा प्रकाशित 'गर्गगोत्री आचार्य वंशावली' मा 'केही सगोत्रीको संक्षिप्त परिचय' दिनेक्रममा आफूले जाने, बुझेसम्म लामिछानेबारे पनि उल्लेख गरिएको छ । लामिछाने कुनै थरविशेषसित मात्रै सम्बद्ध छैन । यसले अनेक थरलाई समेत समेटेको छ, लामिछाने आचार्य, लामिछाने थापा, लामिछाने गुरुङ, लामिछाने मगर आदि लामिछानेको व्यापकताका उदाहरण हुन् ।

लामिछानेको सम्बन्ध सिंजा, जुम्लाको लामाथडासँग रहेको छ । एउटै छानामुनि लामो छानो भएको घर बनाई गर्गगोत्री परिवार बसोबास गर्दै आएकोले थामाथडा भन्ने गरिएको र कालान्तरमा लामिछाने भन्ने गरिएको हो । भुर्तेल आचार्यले पनि आफूलाई लामिछाने आचार्य भन्ने गरेको आधारमा लामिछानेहरू पहिले भुर्तेल आचार्य कहलाएका थिए र सिंजाका लामाथडामा गएपछि लामिछाने कहलाएको धारणा पनि रहेको छ । ब्राह्मण, क्षेत्री, गुरुङ, मगर, दलित आदिमा समेत 'लामिछाने' पाइनुले लामो छानाका आधारमा मात्रै लामिछाने थर रहेको नहुनसक्ने तर्क पनि छन् ।

चुर्मा भट्टका सन्ततिमा पर्ने गर्भू भट्टका गोठु र धामुले दुई छोरामध्ये धामुलेले 'लामिछानी' गाउँ बिर्ता पाएकोले लामिछाने थर प्रचलनमा आएको भनाइ समेत छ । गर्भू भट्टका दाजुभाइमध्ये श्रीपद्म भट्टलाई सिंजाधिपति अशोक चल्लले आचार्य पदवी दिई 'लामिछानी' गाउँ बिर्तास्वरूप दिएका थिए । तिनैका सन्तान लामिछाने कहलाएको कथन पनि स्मरणीय बनेको छ ।

लामिछाने वंशजमा दुल्लभ लामिछाने उल्लेखनीय व्यक्तित्व हुन् । उनी दुल्लु, दैलेखबाट करिब तीनसय वर्षपूर्व गोरखाको 'तान्द्राङ' मा आएको जनविश्वास छ । उनको वास्तविक नाम दामोदर हो । चमत्कारपूर्ण काम गर्ने व्यक्ति अथवा दुल्लुबाट आएको जनाउन दुर्लभ नाम प्रसिद्ध हुनपुग्यो । आध्यात्मिक क्षेत्रमा उनको विशिष्ट योगदान रहेको छ ।

दुल्लभका बारेमा किम्बदन्तीहरू पनि छन् । एक किम्बदन्ती अनुसार राजा राम शाहको सेनालाई उनले आफ्नो तपोबलद्वारा बूढीगण्डकी पार गराएका थिए रे । राम शाह प्रसन्न भई केही माग्न भन्दा एक चिलिम तमाखु खाने बेलामा जति घुमेर आउँछु, त्यत्ति जगाको कामना गरिएछ । सोही अनुसार सिपाही पनि साथमा पठाइयो । उनले एक चिलिमको अवधिमा धावा र तान्द्राङ घुमेकाले ती जमिन बिर्ताका रूपमा पाए । उनले पाएको जमिन सबैका लागि मौजा बनाइदिएछन् । दुल्लभलाई नून खान कुताङ भोट बक्स भएको र धादिङको चौतारीमा राजाबाट सुनको चुरा बक्स भएकाले सो थलो चुरेटार नामबाट विख्यात बनेको जनश्रुति पनि छ ।

दुल्लभले ध्यानस्थ भई काशी गएर डुब्न लागेकालाई बचाएको जनाउँदै बाहुला निचोर्दा धेरै पानी बगेको र त्यसबाट काशीखोला बनेको किम्बदन्ती समेत रहेको छ । यस्ता अनौठा काम गरी उनी अन्तर्धान भए र शिलाका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

रूपमा प्रकट भए। त्यस थलोलाई 'सिद्ध' भनिएको र कालीको मन्दिर नजिकै भएकाले सिद्धकाली नामबाट प्रसिद्ध भएको मानिन्छ। दुल्लभको सम्झनामा विद्यालय, मन्दिर, भञ्ज्याङ आदि रहनुले पनि उनको उचाइको आकलन गर्नसकिन्छ।

लामिछाने बन्धुमा आमचोक, इलामका श्रीकृष्ण लामिछाने पनि निकै प्रसिद्ध छन्। श्रीकृष्ण उनको न्वारनको नाम हो। उनी सन्त ज्ञानदिलदासका नामले विख्यात भए। वि.सं.१८८० मा जन्मिएका ज्ञानदिलदास जोसमनी साहित्य परम्पराका प्रणेता हुन्। आदिकवि भानुभक्त आचार्यका समकालीन ज्ञानदिलदासले रामभक्ति र कृष्णभक्ति धाराको परम्परामा निर्गुण भक्तिधाराको साहित्य सिर्जना गरेका थिए। उनको एकसय नौ श्लोकी 'उदयलहरी' ले नेपालको प्रथम लहरीसाहित्य बन्ने श्रेय पाएको छ। भजन सङ्ग्रह लगायत उनका कैयन् रचना रहेका छन्। रुढिवादी अन्धपरम्पराको विरोधमा लाग्दा देशभित्र तथा परदेशमा निकै हन्डर खानुपरे तापनि उनको अदम्य स्वभावसामु कसैको केही लागेन।

धार्मिक उदारदृष्टि भएका उनले ओखलढुङ्गाको रुम्जाटारलाई मुख्य थलो बनाएका थिए। जङ्गबहादुर राणाका छोरीज्वाइँ चीफ जर्नेल गजराज सिंह थापा त्यतिखेर इलाममा बडाहाकिम थिए। यिनै थापाले उनलाई कारागार हालेका हुन्। राणा प्रधानमन्त्री रणोद्दीप सिंहका पालामा उनी छुटे। प्रवासमा पनि उनलाई सहज थिएन। दार्जिलिङमा ईशाई धर्मावलम्बीहरू उनलाई पटक्कै मन पराउँदैनथे। शास्त्रार्थ हुने ठहर भो, हारेमा नेपाल फर्कने र जितेमा बाइबल डढाएर महमा मिसाई शिष्यहरूलाई खुवाउने निधो गरियो। अन्ततः उनले जिते। त्यसैबेलादेखि जोसमनी परम्परामा खरानी लाउने (खागी) र खरानी त्याग्ने (त्यागी) दुई सम्प्रदाय रहेको पाइन्छ। १९४० कात्तिक २५ गते सिक्किमको गेलिङ धाममा उनको निधन भएको हो।

लामिछाने खलकमा यसप्रकार धेरै स्वनामधन्य व्यक्तित्व भएका छन्, तिनका कृतित्वले तिनलाई अमरत्व मात्रै प्रदान गरेका छैनन्, अपितु सम्पूर्ण गर्गगोत्रीबन्धुका लागि गौरवान्वित हुने अवसर पनि दिएका छन्।

नेपालमा महर्षि गर्गाचार्यका सन्तान विभिन्न स्थानमा छरिएर रहेका छन्। पदवी, स्थान, कर्म आदिका हिसाबमा विभिन्न थर अँगालेका गर्गसन्तति मूलतः एकै वृक्षका हाँगा हुन्। रक्तपरम्पराबाट अथवा गुरुशिष्यपरम्पराबाट पुर्खौंदेखि गर्गगोत्री कहलाएका बन्धुमा आचार्य, भुर्तेल, लामिछाने, रिसाल, बास्तोला, गजुरेल, जोशी, भेटवाल, चूडाल, खड्का, थापा, रोकाहा, पाण्डेय, पन्त, भट्ट, कार्की, उड्तोला (जोशी), पाल, शुक्ला, गुरुङ, मगर आदि रहेका छन्। भारतमा कान्यकुब्जी तथा सरयूपारिन् गर्गगोत्रीहरू प्रशस्त छन्। 'विश्वग्राम' मा परिणत भएको आजको दुनियामा गर्गगोत्रीहरू पनि यत्र, तत्र, सर्वत्र फैलिएर रहेका छन्।

आ–आफ्नो अस्तित्वको खोजी सबैतिर भइरहेको छ। नेपाली पहाडिया गर्गगोत्रीको मात्र कुरो गर्ने हो भने पनि आचार्य, लामिछाने, भुर्तेल, रिसाल, वास्तोला, भेटवाल, गजुरेल, खड्का आदि धेरैजसोले खलक पहिचान गर्दै वंशावली निर्माणमा समेत सक्रियता देखाएको सुखद पाटो रहेको छ। आजका दिनमा भलै, थरविशेषको वंशावली निर्माणमा चासो र सक्रियता रहनुलाई स्वागत गर्नुपर्छ तर यत्तिले मात्र पुग्ने स्थिति छैन। जहिलेसम्म आचार्य, भुर्तेल, लामिछाने, रिसाल अर्थात् सबै गर्गगोत्रीको एउटै वंशावली निर्माणतर्फ क्रियाशीलता थालिने छैन, तबसम्म अलि बढी उपलब्धिको आशा गर्न सकिंदैन। थाहा भएसम्मका सबै बन्धु समेटिई अग्रसर होइँदा पनि अज्ञाततिर लम्कनुपर्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सुदूर भविष्यको अविरल यात्रा त बाँकी रहन्छ नै। स्वभावतः यो पुस्तौं पुस्ता चल्ने प्रक्रिया न हो। कुरो, झट्ट हेर्दा, दुर्लङ्घ्य 'महासागर' प्रतीत हुनसक्छ। तर, अध्ययन, अनुसन्धानको काम कहाँ सजिलो हुन्छ र ! आत्तिएरै बस्ने कसैले पनि सगरमाथा त के, ट्याम्के डाँडा समेत चढ्नसक्दैन। धैर्य, संयम, त्याग, तपस्या र मूलकुरो सबै बन्धुको आत्मीय सहकारिताबाट मात्र सफलता चुम्नसकिने हुन्छ।

जेठा, माहिला, साहिंलाका सन्तान भने जस्तै गर्गगोत्रीबन्धुहरू आज आचार्य, लामिछाने, भुर्तेल आदि उपनामले चिनिएका हुन्। हरेकले बढाएका लक्ष्यमुखी अभियानलाई सामूहिक महायज्ञका रूपमा 'श्रीगणेशाय नमः' गर्न विलम्ब भइरहेको छ। हाम्रा महान् परिचायक गर्ग ऋषि, कुलदेवता तथा पितृगणको आशीर्वादले हामीलाई चाँडै नै मार्ग प्रशस्त हुने विश्वास मैले राखेको छु। यसो हुनसकेका खण्डमा मेरो, तिम्रो, उसको, सबैको बाँडिएर रहेको ज्योति 'दिव्य गर्गालोक' मा परिणत हुनेछ। यसले नेपालमा मात्र होइन, भारत तथा विश्वभरि छरिएर रहेका गर्गगोत्रीलाई बन्धुत्वको अद्भुत आनन्दलोकमा पुऱ्याउनेछ।

महर्षि गर्गकै सम्बन्धमा पनि गहन सोधखोज बाँकी नै छन्। सृष्टिको उषाकालदेखि कलियुगसम्म देखापरेका 'गर्ग' एक होइनन्। पौराणिक साहित्यको अवगाहन गर्दा गर्ग नामधारी धेरै व्यक्तित्वको झलक पाइन्छ। सारतत्वमा चाहिं सबै गर्ग एकै आलोकमा देखापरेका छन्। यसो त, गर्ग ऋषिलाई दिव्य दशलाख वर्षको आयु प्राप्त भएको उल्लेख पनि नरहेको होइन। तर उतिबेला, वशिष्ठ जस्ता उपाधि रहेकाले दिव्यत्वका आधारमा गर्ग उपाधि चलेको हुनसक्छ, यसबारे अझै घोत्लिनु जरुरी छ। ब्रह्माका मानसपुत्र होऊन् अथवा अङ्गिरावंशी 'गर्गाचार्य' सबैले जीव, जगत्को कल्याणकै दायित्व सह्यालेका छन्। अङ्गिरा–वृहस्पति–भारद्वाज–मन्यु हुँदै जन्मिएका 'गर्ग' द्वापरयुगमा अति प्रसिद्ध थिए। शेषनागबाट ज्योतिषशास्त्रको ज्ञान पाएका गर्ग ऋषि खगोल, भूगोल विषयका विज्ञ थिए। गर्गऋषिको पुर्ख्यौलीसम्बन्धमा पनि पुराणमा एउटै विवरण छैन, श्रीमद्भागवत तथा मत्स्यपुराणमै पनि अन्तर पाइन्छ। विभिन्न पुराणमा गर्गऋषिको धेरथोर प्रसङ्ग रहेका छन्। पृथ्वीलाई बसोबासयोग्य बनाउने प्रथमराजा पृथुका राजज्योतिषका रूपमा पनि गर्ग ऋषि रहेका छन्। शिव पार्वतीको विवाह सम्पन्न गराउने मूलपुरोहित पनि गर्ग ऋषि नै थिए। ऋग्वेदको एक सूत्रका उनी मन्त्रद्रष्टा हुन्। वसुदेवका त कुलपुरोहित नै भए। बलराम तथा कृष्णका न्वारन तथा व्रतबन्ध गराउने गुरु उनै थिए। उनलाई शिवको एक अवतार पनि मानिएको छ। हरि (विष्णु) तथा हर (शिव) दुवैका उनी उपासक भएको उल्लेख पनि रहेको छ।

देवर्षि चरित्र, वारिशास्त्र, गर्गस्मृति, गर्गसंहिता, यन्त्रकल्प आदि महर्षि गर्गका विशिष्ट कृति हुन्। वेदचक्षुरूप सिद्धान्त, होरा र संहिताका अठार भाष्यकारमा उनको पनि नाम आउँछ। कात्यायन श्रौतसूत्रका १४ भाष्यकारमध्ये उनी एक हुन्। 'गर्गसंहिता' नामक उनको कृति प्रख्यात छ। भगवान् कृष्णको वास्तविक चरित्रचित्रण यसमा भएको विद्वत्जन बताउँछन्। 'यन्त्रकल्प' चाहिं वैज्ञानिक ग्रन्थ हो। अङ्गिरा, वृहस्पति, भारद्वाज जस्तै उनी पनि वैज्ञानिक तत्वमा गहिरो रुचि राख्ने र प्रयोग गर्ने व्यक्तित्वमा पर्दछन्। उनका कैयन् रचना अहिले अप्राप्त रहेका छन्। प्राप्त भएका कृतिगत तथा फुटकर रचनाले मात्रै पनि उनको महत्ता उजागर गरेको छ।

गर्ग ऋषिले ब्राह्मण, क्षेत्री, वैश्य, शूद्र चारै वर्णका सन्तान जन्माएको पौराणिक वर्णनले हामीलाई वर्णाश्रम व्यवस्था जन्मका तबरमा होइन, कर्मबाट तय हुनेगरेको सन्देश प्राप्त हुन्छ। यस्ता विभिन्न पाटा छन्, जसले महर्षि गर्गको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

वैशिष्ट्य दर्शाएका छन्। उनका सन्तानमा गार्ग्यको पनि पूर्वीय जगत्मा महनीय भूमिका रहेको छ। गर्गगोत्रीबन्धुका लागि गरिमामयी पक्ष 'महाविदुषी गार्गी' आफ्नै कुलकी नारीरत्न हुनु हो। विदेही राजा जनकको दरबारमा याज्ञवल्क्य जस्ता धुरन्धर ऋषिसित शास्त्रार्थ गर्नु र त्यस्ता व्यक्तित्वलाई समेत आच्छुआच्छु पार्नसक्नु उनको गहन ज्ञानको परिचायक बनेको छ। ब्रह्मवादिनी गार्गी प्राचीन नारीजगत्मा समुज्ज्वल नक्षत्रका रूपमा देखापरेकी छिन्। उनीपूर्व सायदै कसैले कुनै ऋषि (पुरुष) सित शास्त्रार्थ गर्ने हिम्मत गरेका होऊन्। यस अर्थमा पनि उनी अग्रणी नारी देखा पर्छिन्।

महर्षि गर्गको जन्मथलो, कर्मथलो आदिमा पनि अध्ययन, अनुसन्धान चलिरहेकै छ। सरस्वतीनदीको तटलाई उनको निवास स्थल उल्लेख गरिएको छ। गर्गगोत्री आचार्यको वंशावली निर्माणका बखत योगी नरहरिनाथसित पाशुपत क्षेत्रमा भेट गर्दा उहाँले गर्ग ऋषिको सम्बन्ध जुम्लाको गर्गकूट अर्थात् गर्ज्याङकोट बताउनु भएको थियो। गार्गीको शास्त्रार्थ थलो जनकपुर हुनु र पाशुपत धर्मको विस्तारमा गार्ग्यको भूमिका रहनुले गर्ग तथा गर्गका सन्ततिको यहाँ परापूर्वकालदेखि बसोबास रहँदै आएको आकलन गर्नसकिन्छ।

अन्त्यमा,

धेरै के लेखूँ, सारमा यहाँहरूले संसार बुझ्नुहुनेछ भन्ने ठानेको छु। 'धनसरी लामिछाने स्मृतिग्रन्थ' लाई सबैले माया गरिदिनुहुनेछ र यसले औंल्याएको दिशालाई मनन गरिदिनुहुनेछ भन्ने पूर्ण विश्वास लिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

खण्ड छ : एउटै कुलायन भएका निर्मलपोखरी साम्मी, गण्डकीबेसी, ठूलढुंगा, बगमारा, चिसापानी तथा सिस्नेका लामिछानेहरूको वंशावली

(क) निर्मल पोखरी साम्मी



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri





Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

(ख) बागमारा चिसापानी



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

(ग) बागमारा सिस्ने



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

(घ) बागमारा, ठूल्दुङ्गा गण्डकी वेसी



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

(ङ)बागमारा, ठूल्दुङ्गा गण्डकी वेसी



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

(च) बागमारा विसापानी



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सातौं पुस्ताका दाजुभाइहरू र सम्पर्क नम्बर

क्र सं	नामथर	हालको ठेगाना	सम्पर्क नम्बर
१	राम बहादुर	दुलेगौंडा तनहु	९८२७१२४१९९
२	बल बहादुर	भारत	+९१८०१८८४६०६१
३	कर्ण शर्मा	भारत	+९१८०१७२२७०२३
४	गोपाल शर्मा	दुलेगौंडा तनहु	९८४६६२३५३५
५	रमेश शर्मा	भारत	+९१९६१८७५४१४०

आठौं पुस्ताका दाजुभाइहरू र सम्पर्क नम्बर

क्र सं	नामथर	हालको ठेगाना (बसोबास)	सम्पर्क नम्बर
१	गोविन्द	निर्मल पोखरी	९८४६१६७५३२
२	पदमलाल	दुलेगौडा तनहु	९८४६३११६५९
३	कर्णबहादुर	मिजोराम भारत	+९१८४१४०९५७१६
४	लक्ष्मण	पोखरा बुढीबजार	९८०६७४८२३१
५	बसन्त	निर्मल पोखरी	९८४५०३३२७३
६	झम्कनाथ	पोखरा बुढीबजार	९८४६९४०२४९
७	प्रेमलाल	फुटुङ काठमाडौ	९८५१०१३८४५
८	डिल्लीराम	निर्मल पोखरी	९८१३९४१३०५
९	नरबहादुर	भरतपुर चितवन	९७६७२१७३३८
१०	हेमबहादुर	निर्मल पोखरी	९८४६१५२१०३
११	शोभाखर	पोखरा रत्नचोक	९८५६०५१६९९
१२	रेशम	रधैचौर	९८२८८२१३०३
१३	मेघनाथ	निर्मल पोखरी	९८४५२५७२३९
१४	कमल (ठूलो)	निर्मल पोखरी	९७४२४७९४९०
१५	कमल (सानो)	पोखरा १७ बिरौटा	९८५६०३६३१५
१६	श्यामलाल	निर्मल पोखरी	९८४६७६४४६६
१७	बुद्धिनाथ	भरतपुर-१४ बरौदी	९८४५३२७९७२
१८	माधव	निर्मल पोखरी	९८२४१४५६१६
१९	हरिप्रसाद	निर्मल पोखरी	९८४६१७३३४३
२०	मोहन	निर्मल पोखरी	९८२७१४५७०५
२१	डाँसीराम	निर्मल पोखरी	९८५६०८२२५०
२२	राजेन्द्र (सानो)	निर्मल पोखरी	९८६९३८२४१६
२३	चन्द्र	निर्मल पोखरी	९८६१००४९७३
२४	नवराज	निर्मल पोखरी	९८४६०५७०१८
२५	दयाराम	निर्मल पोखरी	९८४५५५४२६७
२६	अमर	निर्मल पोखरी	९८६६३४४९५५
२७	राजेन्द्र (ठूलो)	पोखरा २६, बुढीबजार	९८४९२५९४३२
२८	बद्रिनाथ	पोखरा १७ बिरौटा	९८५६०२८९८७
२९	कविराज	निर्मल पोखरी	९७६५६२४७३८
३०	बामदेब	माडी चितवन	९७०४८७९७४५
३१	रामचन्द्र	पोखरा २१ रधैचौर	९८०६५८११७०
३२	गोविन्द	पोखरा २१ रधैचौर	९८०८६५५३२१
३३	विष्णुप्रसाद	पोखरा १७ विरौटा	९८४६३२३२४०
३४	भगवान	पोखरा १७ विरौटा	९८५६०३५०६०
३५	उत्तम	निर्मल पोखरी	९८२९१७३०४६
३६	तारानाथ	पोखरा १७ पाउरहाउस	९८२७१३३७६२
३७	छवी	निर्मल पोखरी	९८०६६६२७९९
३८	दिपक	बुटवल रूपन्देही	९८०७४५८४२८
३९	भरत	अंधेरी मुम्बइ	+९१९९३०५७०१९८
४०	अर्जुन	उड्डिसा	+९१९९३०५१०१९८
४१	अभिषेक	दिल्ली भारत	+९१७५९६८१७४२१
४२	नरेश	नागलैण्ड भारत	+९१८०१७२२७०२३
४३	माधव केसी	पोखरा १० ढुंगेसाघु	९८४६२०१५७५
४४	कमला केसी (स्व. गोपाल केसीको श्रीमती)	पोखरा ३३, बाघमारा	९८०६७६१५५८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

नवौं पुस्ताका दाजुभाइहरू र सम्पर्क नम्बर

क्र सं	पिताको नाम	नामथर	पेशा/व्यवसाय	सम्पर्क नम्बर
१	मित्रलाल	मोतिराज	कृषि/समाजसेवा	९८४६१९६१४१
२	मित्रलाल	राजेश	जागिर Japan	९८४६२८४०८९
३	गोविन्द	गोपाल	व्यवसाय पोखरा	९८०३३३२०७८
४	गोविन्द	विष्णु	व्यवसाय पोखरा	९८४६५२५७५८
५	गोविन्द	महेन्द्र	व्यवसाय पोखरा	९८४६९२२९१३
६	पदमलाल	प्रकाश	व्यवसाय/ समाजसेवा	९८४६३२२१२३
७	पदमलाल	प्रताप	जागिर नीजिक्षेत्र	९८५६०३०५९६
८	मेघनाथ	तेजन	जागिर निजामती सेवा	९८४५०९९३२६
९	कृष्ण	सुरेन्द्र	जागिर कतार	९८४६४६५६३५
१०	प्रेम	इ.विश्वास	जागिर USA	+१२०८९७०४३३९
११	कमल केसी	प्रनिश	विद्यार्थी अध्ययनरत	९८१६६१३१२०
१२	श्याम	आयोग	विद्यार्थी	९८४६७५१८७८
१३	लक्ष्मण	परम	व्यवसाय काठमाडौं	९८५११४६१९३
१४	लक्ष्मण	डा सुरज	जागिर Manipal	९८४५८५४४७६
१५	झम्कनाथ	सुशिल	नेपाल प्रहरी	९८५७०९०४६४
१६	बसन्त	सौगात	विद्यार्थी	९८६२०८३२५८
१७	माधव	अरूण	विद्यार्थी Australia	०४२०७५४१२६
१८	मुक्ति	अमृत	विद्यार्थी	९८१६१६५५८३
१९	अमर	रोजन	विद्यार्थी	९८०३८५५६१४
२०	लिलाधर	श्याम	व्यवसाय पोखरा	९८०५८५५९११
२१	डिल्लीराम	शोभनाथ		९८४६०६३२७८
२२	डिल्लीराम	कृष्ण		९८१६६६६१२७
२३	राजेन्द्र के सी	राजिव		९८६९३८२४१६
२४	कविराज	दिपेश		९७६५६४९५२०
२५	कविराज	दिपक		९८०४१५३७७३
२६	मोहन	सुरज		९८०५१६३२८७
२७	हरि	अर्पण		९८०५८८७४१६
२८	छवी (ठूलो)	सुजन		९७०११४३५०८
२९	वामदेव	सुरज		९८६०६१४६५८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

ठुलढुंगा गण्डकीवेसीका लामिछानेहरूको सम्पर्क नम्बर

क्र सं	नामथर	सम्पर्क नम्बर
१	तारानाथ	९८२४१३९४००
२	केशवराज	९८१३७२९३२२
३	शिवप्रसाद	९८५६०३४०३७
४	तुलराज	९८०६७४७०४७
५	नरेन्द्र	९८५६०८६४५८
६	कृष्ण	९८५६०१९७८२
७	राजकुमार	९८५६०३९६९६
८	दिनेश	९८५६०८७३४०
९	बाबुराम	९८४६२८७५२९
१०	दुर्गा	९८४६०४३८६२
११	ऋषि	९८४६०३५५७९

बागमारा चिसापानीका लामिछानेहरूको सम्पर्क नम्बर

क्र सं	नामथर	सम्पर्क नम्बर
१	शतिस (महेन्द्र)	९८५६०२५९४४
२	श्रीकृष्ण	९८४६३२०५३३
३	दुर्गा	९८४७६३६११५
४	तुलसी	९८४६४५३४७०
५	सुशिला	९८४६०७५८७२
६	सूर्यप्रसाद	९८५६०२६८२५
७	थानेश्वर	९८४६०३५९४०
८	तिलक	९८५६०२९३२२
९	दिपक	९८५६०४८८८०
१०	कृष्ण	९८५६०१९७८२
११	ओमप्रकाश	९८४६०३५९४०
१२	निलराज	९८४६६५०३५७
१३	झम्कनाथ	९७६६५०७७८५
१४	नारायण प्रसाद	९८४६६२२२३५
१५	ध्रुवराज	९८०४११५५७०
१६	शारदा (स्व मोहनकी धर्मपत्नी)	९८४६९९८०७१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

स्व. धनसरीका ज्येष्ठ सुपुत्र प्रेमलाल लामिछानेको शुभविवाहको अवसरमा लिएको तस्बिर (२०४३।११।१३)



स्व. धनसरीको परिवार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

स्व. धनसरी लामिछानेकी ज्येष्ठ नातिनी विद्या लामिछानेको विवाहको अवसर







स्व. धनसरी लामिछानेको कर्मस्थल लामिछाने गाउँ अभियानटोल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

तिजको एक झलक, २०८१ पोखरा

दशैंको अवसरमा स्व. धनसरीका पति, ज्येष्ठ सुपुत्र, बुहारी, साहिँली तथा कान्छी नातिनी

दशैंको अवसरमा स्व. धनसरीका पति, जेठी बुहारी तथा नातिनीहरू तथा नातिनी ज्वाइँ

स्व. धनसरीका सहोदर दिदीका सुपुत्र टेकनारायणका साथमा स्व. धनसरीका ज्येष्ठ सुपुत्र, साहिँलो सुपुत्र र नाति विश्वास

तिहारको अवसरमा स्व. धनसरीका छोराछोरी तथा नातिनातिनीहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

स्व. धनसरीका ज्येष्ठ सुपुत्र, बुहारी र ज्येष्ठ नाति विश्वास USA

स्व. धनसरीका पति तथा ज्येष्ठ सुपुत्र, २०८० को दशैंको अवसरमा

स्व. धनसरीका पनाति संयमका साथ ज्येष्ठ सुपुत्र र बुहारी

स्व. धनसरीका पति शिवलाल, कान्छो सुपुत्र भगवान र नाति गौरव

२०६९ को दशैंको अवसरमा स्व. धनसरीका परिवार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

स्व. धनसरीका ज्येष्ठ सुपुत्र प्रेमलालको परिवार

स्व. धनसरीका माइला सुपुत्र श्यामलालको परिवार

स्व. धनसरीका साहिँला सुपुत्र बद्री (वसन्त)को परिवार

स्व. धनसरीका कनिष्ठ सुपुत्र भगवानको परिवार

स्व. धनसरीका ज्येष्ठ सुपुत्री दुर्गाको परिवार

स्व. धनसरीका कनिष्ठ सुपुत्री तिलमायाको परिवार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

स्व. धनसरीका चार सुपत्र ज्येष्ठबाट क्रमशः प्रेमलाल, श्यामलाल, बद्रीनाथ (वसन्त) र भगवान लामिछाने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

स्व. धनसरी लामिछानेको कर्मस्थल निर्मल पोखरीस्थित लामिछाने गाउँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

9 789937 191135

स्व. धनसरी लामिछानेको कर्मघर